karobardaily .com

TBi PUBLICATIONS

# कारोबार

वर्ष १२ | अंक १२१ | राष्ट्रिय संस्करण | नेपाल संवत् ११४१

मंगलबार, २१ वैशाख २०७८ | TUESDAY, 4 MAY 2021

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

पृष्ठ ८ | मूल्य १० रूपैयाँ

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा

सिधा सम्पर्क

०१-४३९०३३९

९८४१२८८२४१



ग्यास भर्न अत्तालिनु पर्दैन : निगम
बैंक/अर्थतन्त्र ३

सरकार संवेदनशील छ, जनता पनि सचेत हुनुपर्‍यो : प्रधानमन्त्री
राजनीति/समाज ६




कृत्रिम अभाव गराएर कालोबजारी गर्ने व्यवसायीलाई कारबाही गर्छौं
बहस ८







## सेयर बजारमा सोमबार


### कमाउने




### गुमाउने




### धेरै सेयर कारोबार




## हवाई सेवा बन्द हुँदा वैदेशिक रोजगारीमा जाने रोकिए

**गोपाल संग्रौला**

काठमाडौं, २० वैशाख

सरकारले हवाई सेवा बन्द गर्ने निर्णय गरेसँगै वैदेशिक रोजगारीमा जाने औषत दैनिक ४ सयभन्दा बढी नेपाली रोकिने भएका छन् ।

श्रम गन्तव्य देशसँग समन्वय नै नगरी सरकारले अन्तर्राष्ट्रिय हवाई सेवा रोक्ने निर्णय गरेपछि वैदेशिक रोजगारीमा जाने दैनिक ४३० श्रमिकको रोजगारी नै गुम्ने देखिएको छ। सरकारले एक्कासि हवाई सेवा रोक्ने निर्णय गरेपछि वैशाख २३ गतेपछि श्रम गन्तव्य पुग्ने गरी हवाई टिकटको व्यवस्था गरेका श्रमिकको रोजगारी नै अलपत्र पर्ने भएको छ। सरकारले अन्तर्राष्ट्रिय उडान रोक्ने तयारी गरेपछि निषेधाज्ञा अवधिमा श्रम स्वीकृति लिएका र नयाँ लिने ४ हजारभन्दा बढी श्रमिक रोकिने छन् ।

(बाँकी पृष्ठ ६ मा)



**धुपी ढुवानी** | ताप्लेजुङको मिक्वाखोला गाउँपालिका–५ तोक्पेगोलामा संकलन गरिएको धुपीको पात चौंरीमार्फत ढुवानी गरेर सदरमुकाम फुङलिङ लगिँदै ।
*तस्बिर : दिलकुमार लिम्बू/रासस*

# एक दशकमा बैंकको प्रतिफलदर आधा घट्यो

**यादव हुमागाई**


काठमाडौं, २० वैशाख

लगानीकर्ताका लागि आकर्षक क्षेत्र मानिएको वाणिज्य बैंकहरुको प्रतिफल घट्दै गएको छ । बैंक तथा वित्तीय संस्थाहरुबीचको तिव्र प्रतिस्पर्धा, कडा नियमन तथा पछिल्लो समयमा विविध कारणले व्यवसाय विस्तारमा अवरोधका कारण बैंकका लगानीकर्ताहरुले पाउने प्रतिफल घट्दै गएको हो ।

१२ वर्षअघि बैंकहरुको पुँजीको प्रतिफल (रिटर्न अन इक्विटी) औसत २७ प्रतिशत भन्दा बढी रहेकोमा हाल १४ प्रतिशतमा झरेको छ । सन् २००९ मा वाणिज्य बैंकहरुको रिटर्न अन इक्विटी औसतमा २७.५१ प्रतिशत थियो । २०२१ अप्रिलमा आइपुग्दा बैंकहरुको प्रतिफल औसतमा १३.८१ प्रतिशतमा झरेको छ।

नेपाल बैंकर्स संघका अध्यक्ष तथा सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत भुवनकुमार दाहाल बैंकका लगानीकर्ताहरुको प्रतिफल निरन्तर घटिरहेको बताउँछन् । "बैंकले धेरै नाफा कमायो भनेर मात्र खुशी हुनुपर्ने अवस्था छैन," उनले भने, "लगानीकर्ताहरुले पाउने प्रतिफल निरन्तर घटिरहेको छ।"

चालु आर्थिक वर्षको तेस्रो त्रैमासमा वाणिज्य बैंकहरुको रिटर्न अन इक्विटी सामान्य वृद्धि भएको जस्तो देखिए पनि बैंकहरुले खराब कर्जा असुली र कर्जा पुनर्तालिकीकरण तथा जोखिम व्यवस्थामा राष्ट्र बैंकले दिएको छुटका कारण नाफा बढाएको दाहालले बताए । हुनत खराब समयमा पनि हालको प्रतिफल नराम्रो भन्न नमिल्ने भन्दै उनले पछिल्लो चार वर्षयता अधिकांश वाणिज्य बैंकहरुले पुँजीमा प्रतिफल (रिटर्न अन इक्विटी) घटेको बताए।




पुराना र विदेशी लगानी रहेका बैंकहरुको प्रतिफल उच्च गिरावट देखिएको भएतापनि हाल संचालनमा रहेका २७ वाणिज्य बैंकहरुमध्ये चालु आर्थिक वर्षको चैतमा १७ वटाको बैंकको प्रतिफल घटेको छ। १० वटा बैंकको प्रतिफल वृद्धि भएकोमा केही बैंकको मात्र उच्च वृद्धि देखिएको छ।

उच्च रुपमा प्रतिफल घट्ने बैंकहरूमा नेपाल एसबीआई, एभरेष्ट, स्ट्यान्डर्ड चार्टर्ड, नेपाल क्रेडिट एण्ड कमर्श, हिमालयन, कृषि विकास, नेपाल बैंक, सेञ्चुरी र नबिल बैंकलगायत छन्। २०७४ असारमा १८.७८ प्रतिफल रहेको नेपाल एसबीआई बैंकको प्रतिफल २०७७ चैतमा आउँदा ८.१२ प्रतिशतमा झरेको छ । यसैगरी हिमालयन बैंकको १५.२९ बाट १०.०५ प्रतिशतमा, स्ट्यान्डर्ड चार्टर्डको १८.६६ बाट १०.६३, एभरेष्टको १९.०५ बाट १०.३१, कृषि विकासको १६.०२ बाट ९.७०, नेपाल बैंकको १६.२८ बाट ९.४६, सेन्चुरी बैंकको १०.६६ बाट ४.६४ प्रतिशतमा झरेको छ।

(बाँकी पृष्ठ ६ मा)

# पूँजीगत लाभकर गणना सहज बनाउन माग

**कारोबार संवाददाता**

काठमाडौं, २० वैशाख

पूँजीगत लाभकर गणनाको लागि निर्धारण गरिने भारित औषत लागतलाई स्वचालित रुपमा गणना हुने व्यवस्था मिलाउन धितोपत्र धितोपत्र दलाल व्यवसायीहरुले माग गरेका छन् ।

धितोपत्र दलाल व्यवसायीहरुको छाता संगठन स्टक ब्रोकर्स एसोसिएसन अफ नेपालले मर्जर तथा प्राप्तिपूर्व धारण गरिएका धितोपत्रहरुको कर छुट हुने अवधिभित्र गरिएको निःसर्गबाट सिर्जित लाभ तथा प्राप्त लाभांशलाई कर प्रणालिमा अभिलेखन हुने व्यवस्था मिलाउन तथा सार्वजनिक निष्कासनमा असम्बन्धित व्यक्तिहरुको नामबाट गरिने आवेदनलाई निरुत्साहित गर्न पनि माग गरेको छ।

पूँजी बजारभित्रको दोस्रो बजारमा सक्रिय रहेको हुँदा दोस्रो बजारसँग सुधार गर्न तथा बजारको विकास गरी करको दायरा र राजस्व आम्दानी पनि वृद्धि गर्न सरकारलाई सुझाव दिँदै समग्र पुँजी बजारको विकासलाई सहजीकरण गरिदिन अर्थ मन्त्रालयलाई व्यवसायीले अनुरोध गरेका छन् । धितोपत्रको दोस्रो बजार विस्तारका लागि धितोपत्र दलाल व्यवसायीहरुले एजेन्ट, सबब्रोकर वा आधिकारिक प्रतिनिधिमार्फत व्यवसाय विस्तार गर्न पाउने गरी कानुनी व्यवस्था मिलाउन पनि एसोसिएसको आग्रह छ।

लगानीकर्ताहरुलाई अल्पकालीन र दीर्घकालीन लगानीकर्तामा वर्गिकरण गरी दीर्घकालीन लगानीकर्तालाई प्रोत्साहन गर्न कर सहुलियत उपलब्ध गराउन, संस्थागत लगानीकर्ताको सख्यामा वृद्धि गरी बजारलाई स्थायित्व प्रदान गर्न करको माध्यमबाट संस्थागत लगानीकर्तालाई प्रोत्साहन गर्न तथा पूँजीगत लाभकर तथा लाभांशमा लाग्ने कर अनिवार्य रुपमा लगानीकर्ताको प्यान नम्बरबाट जम्मा हुने व्यवस्था मिलाउन पनि धितोपत्र दलालले आग्रह गरेका छन्।

ठूलो मात्रामा नयाँ कम्पनीहरु दोस्रो बजारमा सूचीकृत हुने अवस्था आएमा खरिदकर्ताको अभाव हुन गई पूँजी परिचालनमा बाधा उत्पन्न हुन सक्ने हुँदा गैरआवासीय नेपालीहरुको दोस्रो बजार प्रवेशलाई कानुनी तथा प्राविधिक रुपमा सहज बनाउन साथै ठूलो मात्रामा लगानी भित्र्याउन विदेशी संस्थागत लगानीकर्तालाई दोस्रो बजारमा प्रवेश गराउन पनि व्यवसायीले माग गरेका छन् । नेपाल स्टक एक्सचेञ्जमा विदेशी रणनीतिक साझेदार भित्र्याई उच्च प्रविधि, मानव संशाधन तथा लगानी औजारहरुको हस्तान्तरण एवं विकास गरी दोस्रो बजारको विकास तथा विविधिकरणलाई गति प्रदान गर्न पनि धितोपत्र दलाल व्यवसायीको माग छ।

सरकारी ऋणपत्रलाई अभौतिकीकरण गरी यसको दोस्रो बजार कारोबारलाई चलायमान बनाउन, ऋणपत्र बजारको विकासका लागि अत्यवश्यक इन्ट्रेस्ट रेट इल्ड कर्भ निर्धारण गर्न सरकारी ऋणपत्रको भुक्तानी अवधि तथा निष्कासनलाई व्यवस्थित गरी इन्ट्रेस्ट रेट इल्ड कर्भ प्रत्यक्ष सम्प्रेषण गर्ने व्यवस्था मिलाउन पनि आग्रह गरेको छ।

ऋणपत्र बजारको विकासको लागि ऋणपत्रबाट प्राप्त हुने ब्याज आम्दानीमा लाग्ने कर व्यक्तिगत तथा संस्थागत लगानीकर्ताहरुमा फरक रहेका कारण दोस्रो बजार कारोबार तथा राफसाफमा कठिनाइ उत्पन्न भएकोले सोमा एकरुपता कायम गर्न




तथा ऋणपत्र लगानीबाट हुने पूँजीगत लाभमा लाग्ने करमा एक निश्चित अवधिको लागी प्रोत्साहन उपलब्ध गराउन पनि स्टक ब्रोकर्स एशोसिएसन अफ नेपालको माग छ।

सेयर कारोबार राफसाफमा निहित जोखिम व्यवस्थापन गर्न आवश्यक ठूलो आकारको राफसाफ प्रत्याभूति कोषको स्थापनाको व्यवस्था तथा सञ्चालन गर्न सरकारको तर्फबाट पनि वित्तीय सहायता उपलब्ध गराउने माग गर्दै स्टक ब्रोकर्स एशोसिएसन अफ नेपालले धितोपत्र हस्तान्तरण गर्न नसक्दा त्यस्तो कारोबारलाई सिधै क्लोज आउटमार्फत राफसाफ गर्ने हालको व्यवस्थाको सट्टा अक्सन मार्केटको सञ्चालन गरी खरिदकर्ताले खरिद गरेको धितोपत्र पाउने सुनिश्चिता गर्न आग्रह गरेको छ।

कुनै कारोबार क्लोज आउट मार्फत राफसाफ गर्दा खरिदकर्ताले प्राप्त गर्ने २० प्रतिशत अतिरिक्त रकमलाई आकस्मिक लाभ मानी २५ प्रतिशत कर कट्टी गर्ने व्यवस्था हाल प्रचलनमा रहेको छ।

# श्रमिकको न्यूनतम पारिश्रमिक मासिक १५ हजार

काठमाडौं, २० वैशाख (कास): रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २ वर्षपछि चिया बगानमा काम गर्ने बाहेकका श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गरेर १५ हजार पुऱ्याएको छ । नयाँ पारिश्रमिक आगामी आर्थिक वर्षदेखि लागू हुने छ।

निजी क्षेत्रको संशयका बाबजुद सोमबार राजपत्रमा सूचना प्रकाशित गर्दै सरकारले आधारभूत पारिश्रमिक ९ हजार ३८५ र महगी भत्ता ५ हजार ६१५ सहित १५ हजार रूपैयाँ पुऱ्याएको उल्लेख गरेको छ । यसअघि रोजगारदाता, श्रमजीवी तथा सरकारको छलफबाट पारिश्रमिक वृद्धि गर्ने परम्परा थियो। रोजगारदाता परिषदको बैठकमा यस विषयमा छलफल गरेर मात्र निजी क्षेत्रको धारणा तय गर्ने नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले बताए।

> **रोजगारदाता परिषदको बैठकमा यस विषयमा छलफल गरेर मात्र निजी क्षेत्रको धारणा तय गर्ने नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले बताए ।**

वृद्धि भएको पारिश्रमिक अनुसार, दैनिक ३६१ आधारभूत पारिश्रमिक र महंगी भत्ता २१६ सहित ५७७ रूपैयाँ कायम भएको श्रम सचिव सूर्यप्रसाद गौतमले प्रस्ताव गरेको सूचनामा उल्लेख छ । यसैगरी प्रतिघण्टाको आधारमा काम गर्ने श्रमिकले आधारभूत ४८ र भत्ता २९ रूपैयाँसहित ७७ रूपैयाँ पाउने छन् । यसअघि दैनिक ५१७ र प्रतिघण्टा ७० रूपैयाँ तोकिएको थियो । सरकारले यसअघि २०७५ साउनबाट लागू हुने गरी चिया बगानमा काम गर्ने बाहेकका श्रमिकको न्यूनतम पारिश्रमिक १३ हजार ४५० निर्धारण गरेको थियो।

वृद्धि गरिएको पारिश्रमिकको अतिरिक्त श्रम ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन र प्रचलित कानूनबमोजिम श्रमिकले पाउने सञ्चयकोष र उपदानलगायतका सुविधा प्रदान गर्नु पर्ने पनि राजपत्रमा उल्लेख छ।

(बाँकी पृष्ठ ६ मा)

# कोरोना जोखिमका बीच यार्सा संकलक लेकतिर

**मकरराज धामी**

बझाङ, २० वैशाख

कोरोना महामारीका बीच बझाङमा यार्सा संकलकहरू लेकतिर जाने थालेका छन् । यार्सा संकलनको सिजन सुरु भएसँगै संकलकहरू लेकतिर जान थालेका हुन् ।

वैशाखदेखि असारसम्म यार्सा संकलनका लागि र भदौदेखि मंसिरसम्म यहाँका जंगलमा अन्य जडीबुटी खोज्न मानिसहरू लेकतिर जाने गर्छन् । केही वर्षयता यार्सा तथा अन्य जडीबुटी संकलन गर्न लेकतिर जानेको संख्या बढ्दै गएको छ।

यो समयमा बझाङ र अन्य जिल्लाबाट आएका मानिसले विभिन्न पाटनमा करिब १५ हजार पाल हाल्छन् । हरेक वर्ष बझाङमा यार्सा संकलनका लागि मात्रै ४८ हजारभन्दा बढी मानिसहरू लेकतिर जाने गरेका छन् । ग्रामीण भेगमा कोरोनाको उच्च जोखिम भएकै बेला यसरी हजारौंको संख्यामा मानिसहरू लेकतिर जाँदा झन् जोखिम हुने देखिन्छ। जिल्लाको साइपाल, तलकोट, सुर्मा, मस्टा, छबीस पाथीभेरा गाउँपालिका र बुंगल नगरपालिकाका स्थानीयहरूको मुख्य आम्दानीको स्रोत यार्सागुम्बा तथा जडीबुटी नै रहेको छ।



गत वर्ष जिल्ला विपद् व्यवस्थापन समितिले यार्सागुम्बा पाइने पाटनहरूमा संकलकहरूको भीड हुने र कोरोनाको संक्रमण फैलिने खतरा भएपछि जोखिम न्यूनीकरणका लागि यार्सा संकलनमा रोक लगाएको थियो। स्थानीय तहले पनि यार्सा संकलन गर्न रोक लगाएको थियो । तर, यस वर्ष भने कुनै सूचना जारी गरेको छैन । जिल्लामा दिन प्रतिदिन संक्रमितको संख्या बढ्दै गए पनि यसबारेमा कुनै निकायको ध्यान गएको छैन।

जिल्लाको उत्तरी भेगमा खाद्यान्न कम उत्पादन हुने र आयस्रोतका अन्य माध्यम नहुँदा यार्सा र जडीबुटी संकलन नै मुख्य आयस्रोतको आधार रहेको छ। आम्दानीको मुख्य स्रोत यार्सा भएपछि यस क्षेत्रका बासिन्दाहरू परिवारसहित यार्सा संकलनका लागि घरमा ताला लगाएर वैशाखदेखि असार मसान्तसम्म तीन महिनाका लागि लेकतिर जाने गरेका छन्।

जंगलमा सबै एकै ठाउँ नहुने र यार्सा संकलन गर्दा अलग-अलग जानुपर्ने भएका कारण कोरोनाको जोखिम भने कम हुने संकलकहरू बताउँछन्।

यार्सा संकलन गर्ने पाटनहरूमा हिउँ पग्लिन थालेपछि संकलकहरू वन क्षेत्रमा जाने क्रम बढेको बुङ्गल नगरपालिका वडा नं. २ का आनन्द धामीले बताए । उनले भने, "केही वर्षयता यार्सा खासै पाइँदैनथ्यो । गत वर्ष कोरोना महामारीका कारण भएको बन्दाबन्दी अर्थात् लकडाउनले संकलनको काम प्रभावित भयो । यार्सा संकलन गर्न नपाउँदा रोजीरोटी खोसियो ।"

यस वर्ष यार्साको उत्पादन राम्रो हुने देखिएपछि लेकतिर जानेको घुइँचो लाग्न थालेको उनको भनाइ छ । बुङ्गल नगरपालिकाका धौलाढुङ्गा, चुफी, कालीगाड, छरछरे, जलजला, नीलखट्टी, ठाडे सुर्मा र साइपाल गाउँपालिकाका जलजला, डाँफेचुली, तपोवन, डाँडा, नीलखट्टी, ठाडे, जर्सी, गोलढुंगा, माझा, फरालखेत, कालापानी, राइढुंगी स्याङ्वनलगायतका वन क्षेत्रमा यार्सा संकलकहरू पुगिसकेका छन्।

वर्षभरिको परिवारको खर्च जोहो गर्न घरमा ताला लगाएर लेकतिर जाने गरेको साइपाल गाउँपालिका वडा नं. ४ का वसन्त बोहराले बताए। उनले भने, "रोजगारी केही छैन । आय आर्जन गर्ने माध्यम नै यार्सागुम्बा र जडीबुटी हो। गत वर्ष लकडाउनका कारण वन क्षेत्र बन्द हुँदा संकलन गर्न सकिएन। घर खर्च चलाउन धौधौ भयो।"

(बाँकी पृष्ठ ६ मा)

नेपालमा सर्वाधिक पढिने
पहिलो राष्ट्रिय आर्थिक दैनिक
कारोबार
karobardaily.com
मंगलबार, २१ वैशाख २०७८
TUESDAY, 4 MAY 2021

## तरकारीको मूल्य सूची (थोक)

| एकाई | परिमाण | न्यूनतम | अधिकतम | औसत |
|---|---|---|---|---|
| अंगुर(कालो) | केजी | रू. ३०० | रू. ३५० | ३२५ |
| अंगुर(हरियो) | के.जी. | रू. २२० | रू. २५० | २३५ |
| अदुवा | के.जी. | रू. ७० | रू. ८० | ७५ |
| अनार | के.जी. | रू. २५० | रू. ३०० | २७५ |
| आँप(कलकत्ते) | केजी | रू. १३० | रू. १४० | १३५ |
| आँप(मालदह) | के.जी. | रू. ६० | रू. ७० | ६५ |
| आलु रातो | के.जी. | रू. ४० | रू. ४५ | ४३ |
| आलु रातो(भारतीय) | के जी | रू. ३० | रू. ३५ | ३३ |
| आलु सेतो | के.जी. | रू. ३५ | रू. ४० | ३८ |
| इमली | के.जी. | रू. १५० | रू. १६० | १५५ |
| काउली स्थानिय | के.जी. | रू. ४० | रू. ५० | ४५ |
| काक्रो(लोकल) | के.जी. | रू. ६० | रू. ७० | ६५ |
| काक्रो(हाइब्रीड) | के जी | रू. २५ | रू. ३० | २८ |
| कागती | के.जी. | रू. २४० | रू. २५० | २४५ |
| कुरीलो | के.जी. | रू. ५५० | रू. ६०० | ५७५ |
| केरा | दर्जन | रू. ११० | रू. १२० | ११५ |
| खुर्सानी हरियो(अकबरे) | के जी | रू. १८० | रू. २०० | १९० |
| खुर्सानी हरियो(बुलेट) | के जी | रू. ५० | रू. ६० | ५५ |
| खुर्सानी हरियो(माछे) | के जी | रू. ६० | रू. ७० | ६५ |
| खुर्सानी सुकेको | के.जी. | रू. ३३० | रू. ३५० | ३४० |
| खुर्सानी हरियो | के.जी. | रू. ५० | रू. ६० | ५५ |
| गाजर(तराई) | केजी | रू. ५० | रू. ६० | ५५ |
| गाजर(लोकल) | के.जी. | रू. ५० | रू. ६० | ५५ |
| गान्टे मूला | के.जी. | रू. ५० | रू. ६० | ५५ |
| गुन्दुक | के.जी. | रू. २०० | रू. २२० | २१० |
| गोलभेडा ठूलो(नेपाली) | के.जी. | रू. २५ | रू. ३० | २८ |
| गोलभेडा सानो(टनेल) | के जी | रू. २५ | रू. ३० | २८ |
| गोलभेडा सानो(तराई) | के जी | रू. २० | रू. २५ | २३ |
| गोलभेडा सानो(भारतीय) | के जी | रू. २० | रू. २५ | २३ |
| गोलभेडा सानो(लोकल) | के.जी. | रू. २५ | रू. ३० | २८ |
| घिउ सिमी(राजमा) | केजी | रू. ८० | रू. ८५ | ८३ |
| घिउ सिमी(लोकल) | के.जी. | रू. ३५ | रू. ४० | ३८ |
| घिउ सिमी(हाइब्रीड) | केजी | रू. ३५ | रू. ४० | ३८ |
| घिरौला | के.जी. | रू. ३५ | रू. ४० | ३८ |
| चमसूरको साग | के.जी. | रू. ५० | रू. ६० | ५५ |
| चिचिण्डो | के.जी. | रू. ४० | रू. ४५ | ४३ |
| चुकुन्दर | के.जी. | रू. ६० | रू. ७० | ६५ |
| च्याउ(कन्य) | के.जी. | रू. ११० | रू. १२० | ११५ |

*स्रोत : कालिमाटी फलफूल तथा तरकारी बजार*

## नेप्से परिसूचक

| सेयर कारोवार | इण्डेक्स | फरक | फरक प्रतिसत |
|---|---|---|---|
| नेप्से | २,६५२.७५ | १२.३५ | ०.४६ |
| सेन्सेटीभ | ४७५.१२ | २.६९ | ०.५६ |
| फ्लोट | १८२.७१ | ०.७८ | ०.४२ |
| सेन्सेटीभ फ्लोट | १५३.९८ | ०.८६ | ०.५६ |
| बैंकिङ | १,७८४.२४ | ९.७८ | ०.५५ |
| व्यापार | ३,८२८.५३ | १५.०८ | ०.३९ |
| होटल | ३,३८७.५५ | १२.४२ | ०.३७ |
| विकास बैंक | २,८३०.८५ | ३३.६८ | १.१८ |
| जलविद्युत | २,५८१.०९ | ३२.०९ | १.२३ |
| वित्त | १,२४६.०८ | ९.०९ | ०.७२ |
| र्निजीवन विमा | १३,२८७.४९ | ८०.९६ | ०.६१ |
| उत्पादनमूलक | ५,८२४.३८ | ६४.०८ | १.०९ |
| अन्य | २,१०८.९७ | ३२.७२ | १.५३ |
| माइक्रोफाइनान्स | ५,३९२.२३ | ६९.०३ | १.३ |
| जीवन विमा | १७,४६९.४४ | ९०.९५ | ०.५२ |
| म्युचल फण्ड | १३.४४ | ० | ०.०३ |

| | |
|---|---|
| जम्मा कारोवार रुपैयामा | ७,५२९,२८३,०८६ |
| जम्मा सेयर | १५,९०८,४८९ |
| जम्मा कारोवार संख्या | ८८,४८२ |
| जम्मा कम्पनी | २१६.०० |
| वजार पूंजीकरण (लाखमा) | ३,६७८,५६२.०० |

## नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | रु. १६० | रु. १६०.१५ |
| अमेरिकी डलर | १ को | रु. ११८.२ | रु. ११८.८ |
| युरो | १ को | रु. १४२.०८ | रु. १४२.८ |
| पाउण्ड स्टर्लिङ्ग | १ को | रु. १६३.३१ | रु. १६४.१३ |
| स्विस फ्रैन्क | १ को | रु. १२९.३९ | रु. १३०.०५ |
| अष्ट्रेलियन डलर | १ को | रु. ९१.२१ | रु. ९१.६८ |
| क्यानाडियन डलर | १ को | रु. ९६.२४ | रु. ९६.७३ |
| सिंगापुर डलर | १ को | रु. ८८.८५ | रु. ८९.३ |
| जापानी येन | १० को | रु. १०.८२ | रु. १०.८७ |
| चिनियाँ युआन | १ को | रु. १८.२६ | रु. १८.३५ |
| साउदी अरब रियाल | १ को | रु. ३१.५२ | रु. ३१.६८ |
| कतारी रियाल | १ को | रु. ३२.४६ | रु. ३२.६२ |
| थाई भाट | १ को | रु. ३.७९ | रु. ३.८१ |
| संयुक्त अरब इमिरेट्स | १ को | रु. ३२.१८ | रु. ३२.३४ |
| मलेशियन रिंगिट | १ को | रु. २८.८६ | रु. २९.०१ |
| दक्षिण कोरियन | १०० को | रु. १०.५७ | रु. १०.६३ |
| स्विडिस क्रोनर | १ को | रु. १३.९६ | रु. १४.०३ |
| डेनिस क्रोनर | १ को | रु. १९.११ | रु. १९.२ |
| हङकङ डलर | १ को | रु. १५.२२ | रु. १५.२९ |
| कुवेती दिनार | १ को | रु. ३९२.१७ | रु. ३९४.१६ |
| बहराइन दिनार | १ को | रु. ३१३.५३ | रु. ३१५.१२ |

– यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
– वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।

लक्ष्य छ, लक्ष्मी बैंक छ ।
लक्ष्मी बैंक

## सेयर बजार

सोमबार

| कम्पनीको नाम | सेयर कारोवार | उच्च मूल्य | न्यून मूल्य | वन्द मूल्य | कित्ता | रकम | हिजोको मूल्य | फरक |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्मी बैंक डिवेन्चर २०८६ | २ | १०५० | १०४५ | १०५० | ३५ | ३६७०० | १०५० | ० |
| माछापुच्छे बैंक डिवेन्चर २०८५ | ३ | १०४६ | १०४६ | १०४६ | ६० | ६२७६० | १०४५ | १ |
| प्रभु बैंक डिवेन्चर २०८४ | ४ | १०५५ | १०५० | १०५५ | ८५ | ८९३७५ | १०६० | -५ |
| सिद्धार्थ बैंक डिवेन्चर २०८३ | २ | १०५० | १०४० | १०५० | ३५ | ३६६५० | १०५१ | -१ |
| कृषि विकास बैंक डिवेन्चर २०८३ | १७ | १०६० | १०५१ | १०५५ | १४७० | १५५३०२० | १०५५ | ० |
| एनआइसी एशिया डिवेन्चर २०८३ | १ | १११३ | १११३ | १११३ | २५ | २७८२५ | ११३५ | -२२ |
| मन्जुश्री फाइनान्स डिवेन्चर | १ | १०२० | १०२० | १०२० | ५० | ५१००० | १०४० | -२० |
| आरम्भ चौतारी लघुवित्त वित्तीय सस्था | १७९ | १६३२ | १६०० | १६०५ | ७४४४ | ११९६१५६० | १६०५ | ० |
| कृषि विकास बैंक | ४५६ | ४३० | ४१७ | ४१८ | ६३१७८ | २६६२१२४४ | ४२४ | -६ |
| अजोड इन्स्योरेन्स | ३३३ | ८६५ | ८३६ | ८४३ | १३४२६ | ११३५७३०१ | ८३५ | ८ |
| आँखुखोला जलविद्युत कम्पनी | १०५ | १५७ | १५३ | १५३ | ९५४३ | १४८००५९ | १५५ | -२ |
| अपि पावर कम्पनी | ३९५७ | ३८० | ३४३ | ३६९ | १०६०२५२ | ३९३५५९३५१ | ३६१ | ८ |
| अरुण कावेली पावर | ५४६ | ३४९ | ३२५ | ३४० | १६१८८३ | ५५६०३९२५ | ३४२ | -२ |
| अरुण भ्याली जलविद्युत कम्पनी | १३९५ | ३०८ | २९० | २९९ | ३६२५७१ | १०६५७३८०७ | ३०३ | -४ |
| आशा लघुवित्त वित्तीय सस्था | २४० | १८५३ | १८०४ | १८१८ | १६४८५ | २९९७०५०२ | १८२४ | -६ |
| एशियन लाइफ इन्स्योरेन्स | २०४ | १३१७ | १२८० | १२८८ | ३८७७६ | ५०११११४६ | १२९५ | -७ |
| बैंक अफ काठमाडौं | २२५ | ३१० | ३०२ | ३०५ | ३७२३८ | ११३५९५१४ | ३०५ | ० |
| वरुण हाइडोपावर | १९२ | २५१ | २४० | २४३ | २५९०० | ६३५०१९८ | २४२ | १ |
| वेस्ट फाइनान्स | १७२ | १८३ | १७५ | १७७ | ३३५५५ | ५९७७५३८ | १८१ | -४ |
| विशाल वजार कम्पनी | ५३ | ६१६८ | ५८८८ | ६१६८ | १२८९ | ७९४२८९२ | ५६०८ | ५६० |
| वोर्टलस नेपाल तराई | ५ | ९३९३ | ९२२० | ९२२० | ५० | ४६४४६० | ९२१० | १० |
| वुटवल पावर कम्पनी | ४०६ | ४३७ | ४०५ | ४२५ | ७३२२२ | ३१००५५५८ | ४२६ | -१ |
| सेन्टल फाइनान्स | ५९ | २२८ | २२१ | २२३ | ९२८३ | २०८०२०८ | २२६ | -३ |
| सेन्चुरी कर्मशियल बैंक | ६२९ | २३६ | २३० | २३१ | २००२४२ | ४६३८८२४४ | २३४ | -३ |
| चन्द्रगीरी हिल्स | ६८६ | २०५० | १९०० | १९६९ | १९१८९ | ३८३९४५४१ | १९८६ | -१७ |
| छिमेक लघुवित्त विकास बैंक | ८८८ | १८२५ | १७८० | १७९६ | ६०००३ | १०७८११६७४ | १७७९ | १७ |
| छ्याङदी हाइडोपावर | ११६० | ३३५ | ३१४ | ३२६ | २२१८४७ | ७२०९२०६२ | ३०८ | १८ |
| चिलीमे हाइड्रोपावर | ३७७ | ६८३ | ६३८ | ६३९ | ८२८३७ | ५३६८९६०५ | ६५१ | -१२ |
| सिटीजन्स बैंक | ४१० | ३१६ | ३०८ | ३०८ | ८६०८५ | २६७८३७१५ | ३१३ | -५ |
| सिटीजन्स इन्भेष्टमेन्ट टस्ट | ५५६ | ४०५० | ३९०१ | ३९०९ | २३९२९ | ९४२५०२१६ | ३९१० | -१ |
| सिटीजन्स म्युचल फण्ड १ | ४१ | १०.८१ | १०.६ | १०.६ | २०३९०० | २१९४३९६ | १०.७ | -०.१ |
| सिटीजन्स म्युचल फण्ड २ | २२ | ११.५९ | ११.४ | ११.५२ | १६००० | १८४२२१ | ११.५९ | -०.०७ |
| सिभिल बैंक | ५२२ | २३४ | २२५ | २३० | १४७५९९ | ३४०११०५० | २३० | ० |
| सिभिल लघुवित्त वित्तीय सस्था | ३६६ | १३६१ | १२२६ | १३६१ | ३६१२५ | ४७६४८०८४ | १२९० | ७१ |
| कर्पोरेट विकास बैंक | ५० | ६७४ | ६५२ | ६५५ | ५८९६ | ३८७७७०८ | ६६५ | -१० |
| डिप्रोक्स लघुवित्त वित्तीय सस्था | ५६० | १८४५ | १७८६ | १७९८ | ३१७९४ | ५७७६३७२५ | १७९६ | २ |
| दिव्यश्वरी हाइडोपावर | १५१ | १३९ | १२९ | १३३ | २५९६२ | ३५०२३८३ | १३५ | -२ |
| एभरेष्ट बैंक | ३९८ | ७४५ | ७२९ | ७३३ | ६३६०६ | ४६७२३७३९ | ७४३ | -१० |
| एभरेष्ट इन्स्योरेन्स | ९१४ | ८०० | ७७२ | ७८० | १००४०८ | ७९१६६६३५ | ७६६ | १४ |
| एभरेष्ट इन्स्योरेन्स प्रमोटर | २० | ३९७ | ३८३ | ३८३ | ७७८९ | ३००७१०९ | ३९० | -७ |
| एक्सल विकास बैंक | ८४ | ५४० | ५२९ | ५२९ | ८१८५ | ४३६२०३३ | ५३१ | -२ |
| फर्स्ट माइक्रोफाइनान्स विकास बैंक | ५०४ | ८७६ | ८४० | ८४५ | ६१५०८ | ५२२७५४१९ | ८३५ | १० |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय सस्था | १८८ | २९२५ | २८८० | २८९१ | १४३८५ | ४१७६९६६३ | २८८५ | ६ |
| गणपती माइक्रोफाइनान्स वित्तीय सस्था | ४३ | १७०० | १६७० | १६९४ | १९१० | ३२३८३१४ | १६९९ | -५ |
| गरिमा विकास बैंक | ४२७ | ३५५ | ३४३ | ३४६ | ७५१७८ | २६२८००५४ | ३४९ | -३ |
| जनरल इन्स्योरेन्स | ४०३ | ७३४ | ७१० | ७१५ | १९४२८ | १३९९३८२६ | ७१८ | -३ |
| घलेम्दी हाइडोपावर | १०३ | १६९ | १६४ | १६४ | १३५८० | २२६२४७० | १६६ | -२ |
| ग्लोवल आइएमइ बैंक | १२७५ | ४४० | ४२७ | ४२९ | १९२०६६ | ८२८००३१० | ४३२ | -३ |
| ग्लोवल आइएमइ लघुवित्त वित्तीय सस्था | ३९७ | २८५६ | २५५४ | २७७७ | २३५२६ | ६५५१०४८६ | २६८८ | ८९ |
| ग्लोवल आइएमइ समुन्नत स्किम | ३५ | १६.३९ | १६.०७ | १६.०७ | २१००५४ | ३३८५६३२.४६ | १६.१९ | -०.१२ |
| गुडवील फाइनान्स | १५२ | २८२ | २७३ | २७३ | २७६४२ | ७६३४७१८ | २७८ | -५ |
| ग्रामीण विकास लघुवित्त वित्तीय संस्था | १९५१ | १३२४ | १२४५ | १२९९ | २२१६४० | २८५२११५०१ | १२३८ | ६१ |
| ग्रीन डेभलपमेन्ट बैंक | ५८ | २१७ | २१० | २१० | ७९०८ | १६७००२० | २१५ | -५ |
| ग्रीन लाइफ हाइड्रोपावर | ७६७ | ३८२ | ३६८ | ३७१ | १९१६९ | ७१३९५५५ | ३७५ | -४ |
| गुह्येश्वरी मर्चेन्ट फाइनान्स | २७ | २४२ | २३४ | २३५ | ७४९४ | १७६८५७८ | २३८ | -३ |
| गुराँस लघुवित्त वित्तीय सस्था | ११२ | १८४० | १७३० | १७७५ | ५४९३ | ९८६३०६७ | १७९३ | -१८ |
| गुराँस लाइफ इन्स्योरेन्स | २८१ | ८०३ | ७६० | ७७४ | ३३१०४ | २५७०६२०८ | ७७४ | ० |
| गोरखा फाइनान्स | १८९ | ४८५ | ४६८ | ४७१ | २६९७३ | १२८२३१३७ | ४७८ | -७ |
| हिमाल दोलखा हाइड्रोपावर | ७११ | १७५ | १६७ | १६९ | ४२८४२६ | ७२५०३१११ | १६७ | २ |
| हिमालयन उर्जा विकास कम्पनी | २९३ | ३९७ | ३७६ | ३७७ | ४१०२१ | १५६३५६९१ | ३९१ | -१४ |
| हिमालयन बैंक | १५१ | ५०० | ४९० | ४९१ | १५४६० | ७६२२१२० | ४९४ | -३ |
| हिमालयन डिस्टीलरी | ६४१ | ४७४० | ४६०३ | ४६२० | ३१७८१ | १४८३७९३२५ | ४६३८ | -१८ |
| हिमालयन जनरल इन्स्योरेन्स | ३१४ | ७५० | ७२१ | ७३५ | ४७१५३ | ३४८१५०४८ | ७२५ | १० |
| हिमालयन पावर पार्टनर्स | ६३८ | ४२७ | ४०६ | ४११ | १३५७०५ | ५६०९९३८६ | ४२५ | -१४ |
| जलविद्युत विकास बैंक | २८०९ | ४९५ | ४८० | ४८५ | ५५५७५५ | २७१५१२३५६ | ४७४ | ११ |
| आइसीएफसी फाइनान्स | १३३ | ३१८ | ३१० | ३१४ | २२०७५ | ६९१६७७४ | ३१५ | -१ |
| आइएमइ जनरल इन्स्योरेन्स | १६० | ११९८ | ११५५ | ११५६ | २३४९४ | २७३६३१६८ | ११७७ | -२१ |
| इन्फीनीटी लघुवित्त वित्तीय सस्था | ३०४ | १८०५ | १७३७ | १७४४ | २०६२७ | ३६४८२२१३ | १७३६ | ८ |
| जानकी फाइनान्स | १६३ | २८० | २६५ | २६६ | २०६०० | ५५०८८२७ | २७५ | -९ |
| जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक | २६३ | ५३२३ | ५११५ | ५३२० | ६२६२ | ३२९३४४१८ | ५११५ | २०५ |
| जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक प्रमोटर | १२१ | १४३ | १३५ | १३७ | १३६३५ | १८५६६२८ | १३७ | ० |
| जोशी हाइड्रोपावर | ४७९ | २६९ | २६३ | २६४ | ११८०५६ | ३१३६३८८६ | २६७ | -३ |
| ज्योति विकास बैंक | २३०० | ८४५ | ८२८ | ८२९ | ३४९१६ | २९०२१९७७ | ८३४ | -५ |
| कालीका माइक्रोफाइनान्स विकास बैंक | १४२ | १४३० | १३७९ | १३९४ | १०३०६ | १४३३८०४८ | १३८६ | ८ |
| कालीका पावर कम्पनी | १६४ | ३०२ | २९५ | २९५ | १८५५४ | ५५३४९२० | २९८ | -३ |
| कामना सेवा विकास बैंक | ३३९ | ३५९ | ३४५ | ३४९ | ५५४७३ | १९४६२९०६ | ३५१ | -२ |
| कर्णाली विकास बैंक | १२२ | २०५ | १९५ | १९६ | ३३८५८ | ६७१५२२३ | १९७ | -१ |
| खानीखोला हाइडोपावर | ९६ | १४० | १३२ | १३२ | ८७९२ | ११६८९६२ | १३४ | -२ |
| किशान लघुवित्त वित्तीय सस्था | ४२ | १७५५ | १७१५ | १७२५ | २३०२ | ३९७४३६० | १७१८ | ७ |
| कुमारी बैंक | ५२३ | ३३० | ३१२ | ३१४ | १२१८९२ | ३८३००५४२ | ३१५ | -१ |
| कुमारी बैंक प्रमोटर | २ | ११४ | ११४ | ११४ | १३२४४ | १५०९८१६ | ११४ | ० |
| कुमारी इक्युटी फण्ड | ५४ | ९.८९ | ९.८ | ९.८४ | २०२१८ | १९९११८.९२ | ९.८२ | ०.०२ |
| लक्ष्मी बैंक | २४४ | ३०० | २९५ | २९५ | ४६१२१ | १३७२६१६० | २९६ | -१ |
| लक्ष्मी इक्युटी फण्ड | २५ | ११.३६ | ११.२८ | ११.२८ | २९०८५० | ३३०२९५२.५ | ११.२९ | -०.०१ |
| लक्ष्मी लघुवित्त वित्तीय सस्था | २९१ | २३१५ | २१९७ | २२७५ | ३०००८ | ६७८९०४७० | २२१४ | ६१ |
| लक्ष्मी उन्नती कोष | २० | १०.५ | १०.३६ | १०.४ | ११५०० | ११९८२१ | १०.५ | -०.१ |
| लिवर्टी इनर्जी कम्पनी | ३३६ | ३४२ | ३२२ | ३३० | ६१५६४ | २०४९१९८१ | ३३८ | -८ |
| लाइफ इन्स्योरेन्स | १२० | २४०४ | २२७६ | २२९५ | १३१६९ | ३०२७३७२३ | २२९० | ५ |
| लुम्विनी विकास बैंक | २१२ | २८५ | २७५ | २७६ | ५४२३२ | १५११६४४६ | २८१ | -५ |
| लुम्विनी जनरल इन्स्योरेन्स | २१९ | ८२३ | ७९० | ७९० | २४९८६ | २००१८५३८ | ८०२ | -१२ |
| माछापुच्छे बैंक | ३७३ | ३१४ | २९२ | ३०५ | ९४३७९ | २८९५२७३१ | ३०७ | -२ |
| महालक्ष्मी विकास बैंक | ९३ | २९० | २८२ | २८४ | १७१९९ | ४९०१६७४ | २८७ | -३ |
| महिला लघुवित्त वित्तीय सस्था | १५९ | ३७८० | ३६०८ | ३७८० | २४२० | ९१३९४५० | ३४३७ | ३४३ |
| माहुली सामुदायिक लघुवित्त वित्तीय सस्था | ६४ | २३०५ | २२२२ | २२८० | ३६५४ | ८३४०६०३ | २२६० | २० |
| मन्जुश्री फाइनान्स | ४०८ | ५१० | ४८६ | ४८९ | ८३६९० | ४११६८३३५ | ४९५ | -६ |
| मेगा बैंक | ५५२ | ३१० | ३०२ | ३०४ | १३४५४८ | ४१०१६६९६ | ३०७ | -३ |
| मेरो माइक्रोफाइनान्स वित्तीय सस्था | ४३७ | १७१४ | १५६० | १६४७ | ५०६१० | ८०३८१९७४ | १५५९ | ८८ |
| मीर्मिरे लघुवित्त विकास बैंक | २५३ | १७७४ | १७२६ | १७३५ | २४४८६ | ४२७८४४५२ | १७२६ | ९ |
| मीतेरी विकास बैंक | ९७ | ३७९ | ३६५ | ३६७ | २१४११ | ७९५१६७१ | ३७५ | -८ |
| मीतेरी विकास बैंक प्रमोटर | १ | १८२ | १८२ | १८२ | ५००० | ९१०००० | १८२ | ० |
| मीथिला लघुवित्त वित्तीय सस्था | २२७ | १९४० | १८७७ | १९०० | १६५४९ | ३१५६७८१५ | १८६५ | ३५ |
| माउन्टेन इनर्जी नेपाल | २९३ | ८१० | ७८२ | ७९३ | १६९४२ | १३४४२०७६ | ८०५ | -१२ |
| माउन्टेन हाइडो नेपाल | ९८ | २८० | २७० | २७५ | १२८०५ | ३५२०९१० | २७७ | -२ |
| मुक्तिनाथ विकास बैंक | ४६१ | ४४६ | ४२९ | ४३२ | ५५०४१ | २३९१८१४२ | ४३९ | -७ |
| मल्टीपर्पोस फाइनान्स | ३१ | २१७ | २१० | २१० | ४५०९ | ९५९१६२ | २१४ | -४ |
| नविल व्यालेन्स फण्ड | ४७ | ११.६७ | ११.४ | ११.५९ | २३७०५० | २७३८०५९.५ | ११.४६ | ०.१३ |
| नविल बैंक | ८५८ | १३०४ | १२७५ | १२८४ | ११७३१० | १५१४९५८३९ | १२७५ | ९ |
| नविल इक्युटी फण्ड | ३८ | १२.५ | १२.३४ | १२.४५ | ६४३२१ | ७९९३७२.८३ | १२.५ | -०.०५ |
| नारायणी डेभलपमेन्ट बैंक | ५७ | ५६० | ५१६ | ५२५ | ४३५१ | २२९८६३९ | ५२४ | १ |
| नेशनल हाइडोपावर कम्पनी | २६६ | १६१ | १५५ | १५७ | १४०७२७ | २२१११५०० | १५८ | -१ |
| नेशनल लाइफ इन्स्योरेन्स | ५२० | ११९९ | ११४० | ११४७ | ५१४१३ | ५९७२५१३१ | ११५९ | -१२ |
| नेशनल माइक्रोफाइनान्स वित्तीय सस्था | ८२५ | ३७०० | ३५०७ | ३७०० | ३७१९९ | १३४८३६१८७ | ३३६४ | ३३६ |
| नेको इन्स्योरेन्स | ५४० | १७०० | १६२९ | १६४५ | ४४५७७ | ७४२९११४५ | १६५८ | -१३ |
| नेपाल बंगलादेश बैंक | ६२५ | ३८८ | ३७८ | ३७९ | १६५८२० | ६३५९१०४९ | ३८० | -१ |
| नेपाल बैंक | ५१९ | ४३० | ४१९ | ४२४ | ११५४८३ | ४८८२९२३७ | ४२६ | -२ |
| एनसीसी बैंक | १४१७ | ३७६ | ३६३ | ३६३ | ६३००४५ | २३१६११३१३ | ३६७ | -४ |
| नेपाल दूरसंचार कम्पनी | ६१६ | १३९० | १३२० | १३४७ | १००६४८ | १३६७३८७९६ | १३७० | -२३ |
| नेपाल फाइनान्स | ११३ | ३१६ | ३०४ | ३०४ | २२३८३ | ६९४१४९८ | ३०१ | ३ |
| नेपाल हाइडो डेभलपर्स | ९८ | ३५४ | ३३६ | ३३७ | ८५३८ | २९३४२८१ | ३३६ | १ |
| नेपाल इनफ्राइन्वक्चर बैंक | ३६४३ | ५५४ | ५४२ | ५४४ | ३६८१८९ | २०१६६००८२ | ५४२ | २ |
| नेपाल इन्स्योरेन्स | १८९ | ८२९ | ७९८ | ८०० | ३२०४४ | २५९३७०५९ | ८१४ | -१४ |
| नेपाल इन्भेष्मेन्ट वैक | ४९९ | ४७४ | ४४९ | ४४९ | ४६९६६ | २१२०४३८४ | ४५२ | -३ |
| नेपाल इन्भेष्मेन्ट वैक प्रमोटर | ५० | ४०५ | ३९४ | ३९४ | ६६१५५ | २६३५७२६६ | ३९५ | -१ |
| नेपाल लाइफ इन्स्योरेन्स | ८८४ | २१३० | २०५७ | २०८४ | ४९३८२ | १०३३६३८३८ | २०९८ | -१४ |
| नेपाल पुर्नरविमा कम्पनी | १९२६ | १५३७ | १४८३ | १४९२ | १९६८९० | २९७४३९९८५ | १५१२ | -२० |
| नेपाल एसवीआइ बैंक | १६५ | ४०५ | ३९६ | ३९८ | २११९८ | ८४५२४३५ | ४०० | -२ |
| नेरुडे लघुवित्त विकास बैंक | १४१ | १७३० | १६३० | १६६० | १८३१५ | ३०३८७०५१ | १६४८ | १२ |
| न्यादी ग्रुप पावर | ९६२ | २७८ | २५८ | २७८ | ३४५५३६ | ९५०२२१०१ | २५३ | २५ |
| एनआइवीएल प्रगती फण्ड | २४ | १२.६६ | १२.५८ | १२.६ | ६८६१४ | ८६६२९६.६३ | १२.६ | ० |
| एनआइवीएल समृद्धि फण्ड | २ | १३.६६ | १३.५५ | १३.६६ | २००० | २७२१० | १३.४२ | ०.२४ |
| एनआइसी एशिया व्यालेन्स फण्ड | ३१ | ११.९३ | ११.५ | ११.७८ | १९३६०० | २२७५८२७ | ११.७ | ०.०८ |
| एनआइसी एशिया वैक | ६२४ | ९१४ | ८९७ | ८९८ | १००९६५ | ९११६४९९३ | ९०४ | -६ |
| एनआइसी एशिया बैंक डिवेन्चर २०८२ | १ | ९९६ | ९९६ | ९९६ | २५ | २४९०० | १००९ | -१३ |
| एनआइसी एशिया ग्रोथ फण्ड | १५ | १२.८६ | १२.५ | १२.७१ | २०४५० | २६०५६३ | १२.६९ | ०.०२ |
| एनआइसी एशिया लघुवित्त वित्तीय सस्था | १२३६ | १७६५ | १७११ | १७३८ | २८२५२ | ४९२४०७५९ | १७३६ | २ |
| निर्धन उत्थान लघुवित्त वित्तीय सस्था | १६९ | १८०० | १७५१ | १७६८ | १७२११ | ३०५४५२२२ | १७६४ | ४ |
| एनएलजी इन्स्योरेन्स कम्पनी | ११६ | ११८२ | ११४० | ११५५ | २५४०८ | २९२८५७८५ | ११५९ | -४ |
| एनएमवी माइक्रोफाइनान्स वित्तीय सस्था | ७३९ | १५९१ | १५२० | १५४६ | ५१८५६ | ८०३९००२३ | १५०८ | ३८ |
| एनएमवी फिफ्टी | १६ | १२.५५ | १२.४५ | १२.५४ | ५१०३० | ६३८९५१.५ | १२.५४ | ० |
| एनएमवी वैक | ७१० | ४४२ | ४१५ | ४१७ | ९२८५४ | ३८८६२२३७ | ४२१ | -४ |
| एनएमवी हाइवीड फण्ड | १२ | ११.५ | ११.४ | ११.४६ | ७६१६२ | ८७५०४१.०२ | ११.५ | -०.०४ |
| एनआरएन इन्फ्राटक्चर डेभलपमेन्ट | ८२६ | ६३५ | ६०८ | ६१७ | ९२५८३ | ५७२९१०२३ | ६३० | -१३ |
| ओरियन्टल होटल | १९ | ४१९ | ४१० | ४१० | ८०३ | ३३१२६५ | ४१४ | -४ |
| पाँचकन्या माइ हाइडोपावर | ९६ | १९८ | १८४ | १८६ | ६९४२ | १३०३५६२ | १८९ | -३ |
| पाचथर पावर कम्पनी | १५१ | ३१३ | २९९ | ३०६ | १७८४१ | ५४८८५८५ | ३०३ | ३ |
| पोखरा फाइनान्स | ११५ | २९७ | २८६ | २९२ | १४४३० | ४१९३००३ | २९४ | -२ |
| प्रभु बैंक | ६०६ | ४४१ | ४३१ | ४३२ | ९९४६१ | ४३२७६३१४ | ४३३ | -१ |
| प्रभु इन्स्योरेन्स | ४३४ | १०१० | ९७० | ९७५ | ३७०५६ | ३६३५६११७ | ९८८ | -१३ |
| प्रभु लाइफ इन्स्योरेन्स | १०५४ | ८२३ | ७९२ | ७९४ | ३४५७३ | २७८९९५३४ | ८०७ | -१३ |
| प्रिमीयर इन्स्योरेन्स | २९८ | १२९९ | १२२७ | १२४० | ४१३८२ | ५१६२३९२६ | १२२७ | १३ |
| प्राइम बैंक | ३६१ | ४५० | ४३१ | ४३६ | ८६८७७ | ३७७८३२१९ | ४४० | -४ |
| प्राइम लाइफ इन्स्योरेन्स | ३१७ | ९०७ | ८७५ | ८८१ | ४७१२८ | ४१८८४१६४ | ८८४ | -३ |
| प्रोगेशिभ फाइनान्स | ८२ | १८६ | १७५ | १७७ | १५०५४ | २६७२२२० | १८१ | -४ |
| प्रुडेन्सीयल इन्स्योरेन्स | २०५ | ८१० | ७८९ | ७९३ | २३९०९ | १९०८०३२८ | ७९२ | १ |
| राधि विद्युत कम्पनी | ४२६ | ५२९ | ४८८ | ५२५ | ७३१९२ | ३७५३५७५६ | ४९६ | २९ |
| रैराड हाइडोपावर विकास कम्पनी | ६४ | ३७३ | ३६२ | ३६६ | २३०३ | ८४६५५५ | ३७० | -४ |
| राष्ट्रिय विमा सस्थान | २७ | १७४९५ | १६९११ | १६९११ | ३२५ | ५५६४९६५ | १७२०० | -२८९ |
| राष्ट्रिय विमा सस्थान प्रमोटर | ५ | १५४९० | १५१९१ | १५३५० | ६० | ९२१०६० | १५५०० | -१५० |
| रसुवागढि हाइडोपावर | ५९० | ४८७ | ४६३ | ४६३ | ८६९६५ | ४११४८००४ | ४७९ | -१६ |
| रिलायन्स फाइनान्स | १८३ | २६१ | २४८ | २४९ | १८३६४ | ४६३८२५५ | २४७ | २ |
| रिलायन्स लाइफ इन्स्योरेन्स | ७४० | ७२१ | ६९७ | ७०४ | ३०४१४ | २१४७०६३६ | ७०७ | -३ |
| रिडी हाइडोपावर | ५८१ | २३१ | २१३ | २२४ | २४७३२० | ५५०८५७२३ | २१५ | ९ |
| आरएमडीसी लघुवित्त वित्तीय सस्था | १७३ | १२१५ | ११६५ | ११६५ | १८२४२ | २१५४९१८१ | ११७४ | -९ |
| आरएमडीसी लघुवित्त वित्तीय सस्था | ३२६ | ८९५ | ८७० | ८८० | २०८२३ | १८४००६६४ | ८८० | ० |
| रुरु जलविद्युत परियोजना | ५ | ३८४ | ३५६ | ३८४ | ५० | १८५०० | ० | ३८४ |
| सवैको लघुवित्त वित्तीय सस्था | ३७८ | १७८९ | १७०० | १७७५ | २७९८५ | ४८८८६५१२ | १६९८ | ७७ |
| साधना लघुवित्त वित्तीय सस्था | २२३ | १६१६ | १५६९ | १५८२ | ११८१३ | १८८४८३०७ | १५८५ | -३ |
| सगरमाथा इन्स्योरेन्स | २१८ | १७०५ | १६६४ | १६७० | १२८३३ | २१६७४४६६ | १६६४ | ६ |
| साल्ट टेडिङ कर्पोरेशन | १४१ | १०४१४ | १०००५ | १००२१ | २२०२ | २२५१६८३० | १०२१० | -१८९ |
| समृद्धि फाइनान्स | ९६ | २३३ | २१८ | २२४ | १४५७० | ३२६४८२९ | २२२ | २ |
| सामुदायिक लघुवित्त वित्तीय सस्था | ५७ | १४०७ | १३८५ | १३९८ | ५६३० | ७८७३९३२ | १३९५ | ३ |
| साना किशान विकास बैंक | ३८० | १७४० | १६८५ | १६९१ | २४२०७ | ४१३२९३१२ | १६८५ | ६ |
| सानीमा बैंक | ११५० | ४०९ | ३९४ | ३९६ | २९२७८२ | ११७१९२४९२ | ४०२ | -६ |
| सानीमा बैंक डिवेन्चर | २ | १०४६ | १०४० | १०४६ | ५० | ५२१५० | १०६१ | -१५ |
| सानीमा इक्युटी फण्ड | २५ | १४.३४ | १४.१५ | १४.२९ | ३४२३६० | ४९०३५७४.९ | १४.२९ | ० |
| सानीमा जनरल इन्स्योरेन्स | ७९१ | ८३० | ७८८ | ७९८ | ४३७०५ | ३५२५९८३७ | ८१२ | -१४ |
| सानीमा लार्ज क्याप फण्ड | ३४ | ९.८९ | ९.६२ | ९.८९ | १५१०० | १४७६५०.५ | ९.८ | ०.०९ |
| सानीमामाइ हाइडोपावर | २४६ | ३९२ | ३८१ | ३८२ | ९३३९४ | ३६०९०५१९ | ३८९ | -७ |
| सान्जेन जलविद्युत कम्पनी | ६२६ | ४६९ | ४४८ | ४५३ | ७३४६२ | ३३३०३१५१ | ४६४ | -११ |
| सप्तकोशी विकास बैंक | १०० | १९१ | १८७ | १८८ | १९२५८ | ३६२८८८३ | १९० | -२ |
| सारथि नेपाल लघुवित्त वित्तीय संस्था | ६७ | १६७० | १६२१ | १६२१ | ५८७४ | ९७०७९४८ | १६४२ | -२१ |
| साग्रीला विकास बैंक | १८४ | २४७ | २३७ | २३९ | ४३३४२ | १०४११२४६ | २४४ | -५ |
| शिखर इन्स्योरेन्स | ४८४ | १९९९ | १९०९ | १९३३ | २६००८ | ५०७२७५०४ | १९४० | -७ |
| शाइन रेसुडा विकास बैंक | १८७ | २७५ | २६७ | २७० | ३०१७१ | ८१४९५१७ | २७२ | -२ |
| शिवश्री हाइडोपावर | १७३ | २३७ | २२९ | २३० | ५९९५२ | १३९२३४०१ | २३३ | -३ |
| शिवम सिमेन्ट | ७४५ | १५७९ | १५२५ | १५२८ | ८२४२१ | १२७४४५२०३ | १५५८ | -३० |
| श्रीइन्भेष्टमेन्ट फाइनान्स | ८५ | २६५ | २४५ | २५३ | १८५९३ | ४७११६०९ | २४९ | ४ |
| सिद्धार्थ बैंक | ४२४ | ४३५ | ४२१ | ४२४ | ८५४२५ | ३६३९८२६६ | ४२८ | -४ |
| सिद्धार्थ इक्युटी फण्ड | २२ | १२.६८ | १२ | १२.१ | ६५९०० | ७९५४६२.५ | १२.०८ | ०.०२ |
| सिद्धार्थ इन्स्योरेन्स | २३७ | १२६८ | १२४० | १२४९ | ३१४७० | ३९४१९५६० | १२५२ | -३ |
| सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम २ | १८ | १२.६८ | १२.१३ | १२.२५ | १४७१२० | १८२११६३९.४ | १२.२१ | ०.०४ |
| सिन्धु विकास बैंक | १२४ | २५७ | २४९ | २५० | १८८४९ | ४७४९१४५ | २५७ | -७ |
| सिङगटी जलविद्युत पावर | ८९६८ | ४३८ | ३९० | ४३८ | १३६६७० | ५८८९०३८५ | ३९९ | ३९ |
| सोल्टी होटल | ८४ | १९४ | १८५ | १९० | ३११०८ | ५९२६३१८ | १८९ | १ |
| स्टाण्डर्ड चार्टर बैंक | ३१० | ५९६ | ५५२ | ५८२ | २३४२६ | १३६२८०६४ | ५८१ | १ |
| समीट लघुवित्त वित्तीय सस्था | ६५ | १५६९ | १५२९ | १५२९ | ३९६७ | ६१५४५९४ | १५४० | -११ |
| सनराइज बैंक | २४१ | ३१० | ३०० | ३०४ | ५०६८९ | १५३६०६६३ | ३०५ | -१ |
| सनराइज फस्ट म्युचल फण्ड | ६६ | १३.५ | १२.९५ | १३.२५ | ११९५१०१ | १५६२४१८७.४३ | १३.१७ | ०.०८ |
| सर्पोट माइक्रोफाइनान्स वित्तीय सस्था | ७४ | २४१३ | २२८६ | २३३५ | ४२७० | ९९६८२२० | २३२० | १५ |
| सूर्यलाइफ इन्स्योरेन्स | २३५ | ८८२ | ८४४ | ८५० | ३६१०१ | ३०७५४७१६ | ८४९ | १ |
| सूर्योदय लघुवित्त वित्तीय सस्था | ४२ | १९०० | १८५५ | १८७२ | १८४१ | ३४५५४३८ | १८९० | -१८ |
| स्वाभलम्वन लघुवित्त वित्तीय सस्था | ३१० | १८३० | १७७१ | १८०० | २९४६० | ५३०५२०६२ | १७९८ | २ |
| स्वाभीमान लघुवित्त वित्तीय सस्था | ९१ | २६२० | २५६० | २६१८ | ४१७३ | १०८२५५८६ | २५७५ | ४३ |
| स्वरोजगार लघुवित्त विकास बैंक | २४४ | १४८५ | १४४९ | १४५० | २२३१२ | ३२६४७७११ | १४६३ | -१३ |
| सिनर्जी पावर विकास कम्पनी | ६७३ | ३१३ | २९० | २९४ | १९७३३५ | ५८७७०५२२ | २९९ | -५ |
| ताँरागाँउ रिजेन्सी होटल | ४९ | ३०४ | २९१ | २९२ | ७५०५ | २२२११५० | २८९ | ३ |
| युनिलीभर नेपाल | ५ | १९२७९ | १८९०१ | १८९०२ | ५० | ९५३६१० | १९००० | -९८ |
| युनियन हाइडोपावर | १४५ | १४८ | १४० | १४३ | ५१४१८ | ७३४६३९४ | १४५ | -२ |
| युनाइटेड आइडीआइ आरवि हाइडोपावर | १४९ | २९२ | २८४ | २८५ | ५५१५ | १५८६५१० | २८८ | -३ |
| युनाइटेड इन्स्योरेन्स | २६८ | ७१८ | ६८५ | ६९५ | ४७०७८ | ३२९२०३३९ | ६९९ | -४ |
| युनाइटेड मोदी हाइडोपावर | ७८२ | २३१ | २१२ | २२६ | ३५५८५६ | ७७७९४६७८ | २१२ | १४ |
| युनिभर्सल पावर कम्पनी | ५७९ | १८६ | १७६ | १७८ | १५६२७० | २८११३४३९ | १८१ | -३ |
| उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था | ६४ | २४३७ | २३७२ | २४०५ | ३१७८ | ७६२७१३४ | २३९० | १५ |
| अपर तामाकोशी जलविद्युत | १२५५ | ८७९ | ८४५ | ८४९ | १७९९७० | १५३९८९७८१ | ८६४ | -१५ |
| विजय लघुवित्त वित्तीय सस्था | ६५७ | १९५१ | १८७२ | १९०९ | ३९५८८ | ७५८३४२०६ | १८३५ | ७४ |
| वोमी लघुवित्त वित्तीय सस्था | १७१ | १७३२ | १६८१ | १६९० | ८४८१ | १४४४८४४९ | १६९९ | -९ |

## Selected Macroeconomic Indicators

| | Heading | Annual | | | | | Mid-Feb | |
|---|---|---|---|---|---|---|---|---|
| | | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2018/19 | 2019/20 |
| A | Real Sector (growth rate and ratio in percent) | | | | | | | |
| | Real GDP at basic price | 3.0 | 0.2 | 7.7 | 6.3 | 6.8 | - | - |
| | Real GDP at producers' price | 3.3 | 0.6 | 8.2 | 6.7 | 7.1 | - | - |
| | Nominal GDP at producers' price | 8.4 | 5.8 | 18.7 | 13.3 | 14.3 | - | - |
| | Gross National Income (GNI) | 8.4 | 5.7 | 18.3 | 12.9 | 14.8 | - | - |
| | Gross National Disposable Income (GNDI) | 9.3 | 6.6 | 16.1 | 10.2 | 16.6 | - | - |
| | Gross Capital Formation / GDP | 39.1 | 33.9 | 46.8 | 55.2 | 62.3 | - | - |
| | Gross Fixed Capital Formation / GDP | 28.0 | 28.7 | 31.4 | 34.7 | 36.9 | - | - |
| | Gross Domestic Savings / GDP | 9.2 | 4.1 | 13.4 | 17.8 | 20.5 | - | - |
| | Gross National Savings / GDP | 44.1 | 40.1 | 46.4 | 47.1 | 52.4 | - | - |
| B | Prices Change ( percent) | | | | | | | |
| | CPI (y-o-y) | 7.6 | 10.4 | 2.7 | 4.6 | 6.0 | 4.35 | 6.87 |
| | Food CPI (y-o-y) | 9.2 | 10.2 | -0.9 | 3.9 | 6.3 | 2.48 | 9.79 |
| | Non-food CPI (y-o-y) | 6.1 | 10.7 | 5.6 | 5.1 | 5.8 | 5.84 | 4.65 |
| | CPI Annual / Period Average | 7.2 | 9.9 | 4.5 | 4.2 | 4.6 | 4.22 | 6.47 |
| | National Wholesale Price Index (y-o-y) | 5.4 | 6.2 | 0.9 | 2.1 | 5.4 | 5.18 | 7.13 |
| | National Wholesale Price Index Annual / Period Average | 6.1 | 6.3 | 2.7 | 1.7 | 6.2 | 7.09 | 7.10 |
| | Salary and Wage Rate Index (y-o-y) | 7.9 | 5.9 | 13.4 | 6.8 | 9.1 | 11.31 | 7.51 |
| C | External Sector (growth in percent) | | | | | | | |
| | Export Growth | -7.3 | -17.8 | 4.2 | 11.4 | 19.4 | 12.5 | 22.4 |
| | Import Growth | 8.4 | -0.1 | 28.0 | 25.8 | 13.9 | 26.0 | -3.6 |
| | BOP(-Deficit) (Rs. in billion) | 145.0 | 189.0 | 82.1 | 0.96 | -67.4 | -49.3 | 21.6 |
| | Current Account Balance (Rs. in billion) | 108.3 | 140.4 | -10.1 | -246.8 | -265.4 | -166.7 | -112.2 |
| | Workers' Remittances (Rs. in billion) | 617.3 | 665.1 | 695.5 | 755.1 | 879.3 | 515.6 | 513.2 |
| | Trade Balance (Rs. in billion) | -689.4 | -703.5 | -917.1 | -1163.7 | -1321.4 | -780.2 | -738.6 |
| | Trade Balance with India (Rs. in billion) | -435.8 | -437.7 | -592.2 | -767.4 | -855.2 | -506.5 | -451.1 |
| | Gross Foreign Exchange Reserves (Rs. in billion) | 824.1 | 1039.2 | 1079.4 | 1102.6 | 1038.9 | 1078.4 | 1096.7 |
| | Gross Foreign Exchange Reserves (USD in million) | 8147.7 | 9736.4 | 10494.2 | 10084.0 | 9500.0 | 9494.3 | 9640.3 |
| D | Financial Sector (growth and interest rate in percent) | | | | | | | |
| | Broad Money (M2) (y-o-y) | 19.9 | 19.5 | 15.5 | 19.4 | 15.8 | 19.2 | 13.8 |
| | Narrow Money (M1) (y-o-y) | 19.7 | 18.5 | 13.1 | 17.6 | 8.6 | 12.1 | 5.1 |
| | Domestic Credit (y-o-y) | 16.2 | 18.2 | 20.6 | 26.5 | 21.4 | 27.8 | 13.2 |
| | Claims on Private Sector (y-o-y) | 19.4 | 23.2 | 18.0 | 22.3 | 19.1 | 22.8 | 13.9 |
| | Reserve Money (y-o-y) | 19.8 | 4.6 | 20.1 | 8.1 | -1.5 | -1.3 | 7.7 |
| | 91-day T-bills Rate (annual weighted average) | 0.43 | 0.79 | 1.45 | 4.48 | 3.20 | 3.44** | 3.91** |
| | 364-day T-bills Rate (annual wighted average) | 0.78 | 1.03 | 2.54 | 4.18 | 4.26 | - | - |
| | Weighted Average Interbank Rate of Commercial Banks | 1.01* | 0.69* | 0.64* | 2.96* | 4.52* | 5.79** | 4.59** |
| | Weighted Average Deposit Rate of Commercial Banks | 3.94* | 3.28* | 6.15* | 6.49* | 6.60* | 6.67** | 6.78** |
| | Weighted Average Lending Rate of Commercial Banks | 9.62* | 8.86* | 11.33* | 12.47* | 12.13* | 12.34** | 11.94** |
| | Base Rate | 7.90* | 6.50* | 9.89* | 10.47* | 9.57* | 9.69** | 9.45** |
| | Total Deposits (Rs. in billion) | 1688.8 | 2016.8 | 2299.8 | 2742.1 | 3235.1 | 2979.4 | 3443.2 |
| | BFIs Credit to Private Sector (Rs. in billion) | 1338.9 | 1656.9 | 1959.0 | 2399.8 | 2866.2 | 2734.9 | 3121.0 |
| | NEPSE Index (Closing) | 961.2 | 1718.2 | 1582.7 | 1212.4 | 1259.0 | 1128.2 | 1346.0 |
| | Market Capitalization/GDP | 46.4 | 83.9 | 69.4 | 47.7 | 45.2 | 45.4 | 49.6 |
| E | Public Finance (Based on Banking Transaction Data) | | | | | | | |
| | Revenue Growth (%) | 13.8 | 18.8 | 26.4 | 19.3 | 20.0 | 22.1 | 18.5 |
| | Expenditure Growth (%) | 22.0 | 14.2 | 40.2 | 30.7 | 0.1 | -3.1 | 8.1 |
| | Domestic Debt (Rs. in billion) | 196.8 | 234.2 | 283.7 | 390.9 | 453.0 | 385.4 | 450.6 |
| | External Debt (Rs. in billion) | 343.3 | 388.8 | 414.0 | 525.4 | 594.6 | - | - |
| | Revenue / GDP | 19.1 | 21.4 | 23.0 | 24.2 | 25.2 | - | - |
| | Recurrent Expenditure / GDP | 15.7 | 16.2 | 19.4 | 23.1 | 20.6 | - | - |
| | Capital Expenditure / GDP | 3.8 | 5.1 | 7.5 | 8.8 | 6.7 | - | - |
| | Domestic Debt / GDP | 9.2 | 10.4 | 10.6 | 12.9 | 13.1 | - | - |
| | External Debt / GDP | 16.1 | 17.3 | 15.5 | 17.3 | 17.2 | - | - |
| | *Weighted average of mid Jun-mid Jul | | | | | | | |
| | **Weighted average of mid Jan-mid Feb | | | | | | | |

## National Consumer Price Index

(2014/15=100) Mid-Month

| Groups & Sub-Groups | Weight % | 2017/2018 | 2018/2019 | | 2019/2020P | | Percentage Change | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Jan/Feb | Dec/Jan | Jan/Feb | Dec/Jan | Jan/Feb | 3 Over 1 | 3 Over 2 | 5 Over 3 | 5 Over 4 |
| | | 1 | 2 | 3 | 4 | 5 | | | | |
| Overall Index | 100 | 119.04 | 123.92 | 124.22 | 132.38 | 132.76 | 4.35 | 0.24 | 6.87 | 0.29 |
| Food and Beverage | 43.91 | 114.09 | 117.18 | 116.92 | 129.15 | 128.37 | 2.48 | -0.23 | 9.79 | -0.60 |
| Cereal grains and their products | 11.33 | 113.28 | 120.01 | 119.94 | 124.54 | 124.48 | 5.88 | -0.05 | 3.78 | -0.05 |
| Pulses and Legumes | 1.84 | 92.84 | 89.12 | 89.18 | 98.02 | 98.85 | -3.94 | 0.06 | 10.85 | 0.85 |
| Vegetable | 5.52 | 111.37 | 104.34 | 98.29 | 154.67 | 136.02 | -11.74 | -5.80 | 38.39 | -12.06 |
| Meat and Fish | 6.75 | 112.49 | 117.61 | 120.18 | 124.30 | 130.54 | 6.83 | 2.18 | 8.62 | 5.02 |
| Milk products and Eggs | 5.24 | 123.07 | 125.03 | 124.67 | 132.83 | 133.49 | 1.30 | -0.28 | 7.07 | 0.50 |
| Ghee and Oil | 2.95 | 114.56 | 122.77 | 123.35 | 127.76 | 127.97 | 7.67 | 0.47 | 3.75 | 0.16 |
| Fruit | 2.08 | 106.40 | 113.13 | 114.86 | 121.10 | 120.44 | 7.95 | 1.53 | 4.86 | -0.55 |
| Sugar and Sugar products | 1.74 | 121.61 | 117.32 | 118.35 | 123.57 | 123.50 | -2.68 | 0.88 | 4.35 | -0.06 |
| Spices | 1.21 | 112.31 | 115.79 | 117.77 | 133.23 | 138.34 | 4.86 | 1.71 | 17.46 | 3.83 |
| Non-alcoholic drinks | 1.24 | 111.44 | 115.84 | 115.87 | 120.86 | 120.91 | 3.97 | 0.03 | 4.35 | 0.04 |
| Alcoholic drinks | 0.68 | 136.82 | 150.36 | 151.21 | 165.45 | 166.98 | 10.52 | 0.56 | 10.43 | 0.93 |
| Tobacco products | 0.41 | 119.24 | 128.68 | 130.63 | 141.16 | 144.07 | 9.55 | 1.52 | 10.29 | 2.06 |
| Restaurant and Hotel | 2.92 | 123.01 | 128.44 | 129.00 | 134.48 | 135.58 | 4.87 | 0.44 | 5.10 | 0.82 |
| Non-food and Services | 56.09 | 123.07 | 129.46 | 130.26 | 134.96 | 136.31 | 5.84 | 0.61 | 4.65 | 1.00 |
| Clothes and Footwear | 7.19 | 133.16 | 140.92 | 142.50 | 148.59 | 149.89 | 7.01 | 1.12 | 5.19 | 0.88 |
| Housing and Utilities | 20.30 | 131.83 | 140.72 | 141.61 | 145.47 | 148.07 | 7.41 | 0.63 | 4.57 | 1.79 |
| Furnishing and Household equipment | 4.30 | 117.83 | 123.84 | 124.44 | 129.53 | 130.16 | 5.61 | 0.49 | 4.60 | 0.49 |
| Health | 3.47 | 107.72 | 109.67 | 109.94 | 114.02 | 116.01 | 2.06 | 0.24 | 5.53 | 1.75 |
| Transportation | 5.34 | 103.01 | 109.06 | 109.94 | 112.04 | 112.09 | 6.72 | 0.81 | 1.96 | 0.04 |
| Communication | 2.82 | 105.80 | 103.47 | 103.99 | 105.60 | 105.89 | -1.71 | 0.51 | 1.83 | 0.28 |
| Recreation and Culture | 2.46 | 112.01 | 116.76 | 116.97 | 119.18 | 119.62 | 4.42 | 0.18 | 2.27 | 0.37 |
| Education | 7.41 | 129.93 | 136.14 | 136.38 | 144.22 | 144.26 | 4.96 | 0.17 | 5.78 | 0.03 |
| Miscellaneous goods and services | 2.81 | 118.32 | 124.61 | 125.93 | 137.17 | 138.67 | 6.43 | 1.06 | 10.12 | 1.09 |
| CPI : Kathmandu Valley (3 Districts) | | | | | | | | | | |
| Overall Index | 100 | 118.53 | 123.65 | 124.68 | 132.60 | 134.13 | 5.19 | 0.83 | 7.58 | 1.15 |
| Food and Beverage | 39.77 | 117.23 | 120.06 | 121.03 | 132.38 | 132.98 | 3.24 | 0.8 | 9.87 | 0.46 |
| Non-food and Services | 60.23 | 119.39 | 126.08 | 127.15 | 132.76 | 134.9 | 6.5 | 0.85 | 6.09 | 1.61 |
| CPI : Terai(19 Districts) | | | | | | | | | | |
| Overall Index | 100 | 117.42 | 121.63 | 121.46 | 130.70 | 130.32 | 3.44 | -0.14 | 7.29 | -0.29 |
| Food and Beverage | 44.14 | 111.5 | 113.39 | 112.33 | 126.45 | 124.36 | 0.74 | -0.94 | 10.71 | -1.65 |
| Non-food and Services | 55.86 | 122.31 | 128.57 | 129.2 | 134.17 | 135.23 | 5.63 | 0.49 | 4.67 | 0.79 |
| CPI : Hill(25 Districts) | | | | | | | | | | |
| Overall Index | 100 | 122.57 | 128.28 | 128.59 | 135.19 | 135.63 | 4.91 | 0.25 | 5.46 | 0.32 |
| Food and Beverage | 46.88 | 115.15 | 120.57 | 120.48 | 130.74 | 130.78 | 4.62 | -0.08 | 8.54 | 0.03 |
| Non-food and Services | 53.12 | 129.51 | 135.49 | 136.21 | 139.24 | 140.05 | 5.17 | 0.53 | 2.82 | 0.58 |
| CPI : Mountain(5 Districts) | | | | | | | | | | |
| Overall Index | 100 | 119.38 | 125.46 | 125.67 | 131.74 | 132.31 | 5.27 | 0.17 | 5.28 | 0.43 |
| Food and Beverage | 59.53 | 116.13 | 119.70 | 119.71 | 127.53 | 127.81 | 3.08 | 0.01 | 6.76 | 0.22 |
| Non-food and Services | 40.47 | 124.32 | 134.44 | 134.98 | 138.18 | 139.2 | 8.58 | 0.4 | 3.13 | 0.74 |

## National Consumer Price Index (Monthly Series)

(2014/15 = 100) (y-o-y)

| Mid-Month | 2017/18 | | 2018/19 | | 2019/20 | |
|---|---|---|---|---|---|---|
| | Index | % Change | Index | % Change | Index | % Change |
| August | 118.34 | 2.28 | 123.30 | 4.19 | 131.87 | 6.95 |
| September | 119.41 | 3.39 | 124.03 | 3.87 | 131.67 | 6.16 |
| October | 119.24 | 3.10 | 124.82 | 4.68 | 132.56 | 6.21 |
| November | 120.59 | 3.85 | 125.59 | 4.15 | 132.82 | 5.76 |
| December | 119.92 | 4.19 | 124.37 | 3.71 | 132.51 | 6.55 |
| January | 118.50 | 3.98 | 123.92 | 4.58 | 132.38 | 6.82 |
| February | 119.04 | 4.99 | 124.22 | 4.35 | 132.76 | 6.87 |
| March | 119.09 | 5.95 | 124.09 | 4.20 | | |
| April | 119.51 | 5.30 | 124.81 | 4.43 | | |
| May | 120.00 | 4.15 | 126.30 | 5.25 | | |
| June | 120.32 | 4.11 | 127.74 | 6.17 | | |
| July | 121.25 | 4.58 | 128.55 | 6.02 | | |
| Average | 119.60 | 4.16 | 125.15 | 4.63 | 132.37 | 6.47 |

# 'उपचार प्रयोजनका लागिमात्र अक्सिजन'

**कारोबार संवाददाता**

काठमाडौं, २० वैशाख



सरकारले देशभरका अक्सिजन प्लान्टबाट उत्पादित अक्सिजन हाललाई अस्पताल र उपचारको प्रयोजनका लागि मात्र प्रयोग गर्नेगरी अन्य क्षेत्रमा आपूर्ति गर्न रोक लगाएको छ । देशबासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले देशभरका अक्सिजन प्लान्टबाट उत्पादित अक्सिजन हाललाई अस्पताल र उपचारको प्रयोजनका लागि मात्र प्रयोग गर्नेगरी अन्य क्षेत्रमा आपूर्ति गर्न रोक लगाएको बताएका हुन् ।

उनले ठूला अस्पताल तथा मेडिकल कलेजमा अक्सिजन प्लान्टको स्थापना गरिने पनि बताए । सञ्चालनमा नआएका अक्सिजन प्लान्टलाई शीघ्र मर्मत गरी सञ्चालनमा ल्याइने तथा लिक्विड अक्सिजनको अवैध निर्यात गर्नेलाई कडा कारबाही गरिने पनि उनले बताए । लिक्विड अक्सिजन तथा अक्सिजन जेनेरेटर खरिद गरेर मौज्दात राखिने छ, प्रधानमन्त्रीले भने ।

यसैबीच औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले पनि घरमा जगेडा राखिएको अक्सिजन सिलिण्डर फिर्ता गर्न अपिल गरेको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष नन्दकिशोर बस्नेतले कोरोनाको डरले घरमा जगेडा राखिएको अक्सिजन सिलिण्डर फिर्ता गर्न अपिल गरेका हुन् । कोरोना संक्रमण भइहाले अक्सिजनले बचाउने भन्दै सर्वसाधारणले आफूसँग भएको अक्सिजन सिलिण्डर फिर्ता नगरेपछि अहिले अभाव देखिएको छ ।

अक्सिजनको सिलिण्डर व्यक्तिको घरमा, जलविद्युत् आयोजनामा ठूला गाडीको वर्कसपमा र सुनका गरगहना बनाउने कारखानामा सिलिण्डर जगेडा रहेको छ । "सिलिण्डर घरमा राख्ने सबैले कम्पनीमा फिर्ता गरिदिनुस् । यसले मान्छेको ज्यान बचाउँछ" उनले भने, "यो ठूलो दान गरे सरह हो । यस्तो बेला सिलिण्डर घरमा राख्नु भनेको अपराध हो । सिलिण्डरको अभावले कोही मान्छे छट्पटाएर मर्ने अवस्था आयो भने पाप गरे सरह हुन्छ ।"

यस्तै अध्यक्ष बस्नेतले ठूला जलविद्युत् आयोजनामा पनि अक्सिजन सिलिण्डरको भण्डारण रहेकोले फिर्ता ल्याउनुपर्ने बताए । ठूला आयोजनामा फलाम काट्न, जोड्न अक्सिजनको आवश्यकता पर्छ । उनले भने, "अधिकांश जलविद्युत् आयोजनामा अक्सिजनका सयौं सिलिण्डर होल्ड भएर बसेको छ । ती सबै सिलिण्डर फिर्ता गर्नुपर्छ । मान्छेको जीवन बचाउनु अहिलेको पहिलो काम हो ।" अहिले अक्सिजन उत्पादन गर्ने उद्योगहरुले आफ्नो उत्पादन अस्पताललाई मात्र दिनुपर्ने अध्यक्ष बस्नेतले बताए । अक्सिजन उत्पादन उद्योगहरूलाई सरकारले गर्नुपर्ने सबै सहयोग गरिने पनि अध्यक्ष बस्नेतले बताए ।

# ग्यास भर्न अत्तालिनु पर्दैन : निगम

**कारोबार संवाददाता**

काठमाडौं, २० वैशाख



नेपाल आयल निगमले बजारमा खाना पकाउने एलपीजी ग्यासको अभाव नभएकाले उपभोक्तालाई नआत्तिन आग्रह गरेको छ । ग्यासको आयात नियमित भइरहेको र पर्याप्त मात्रामा मौज्दात रहेकाले अभाव नहुने हुँदा आवश्यकता भन्दा बढी होल्ड नर्गन निगमले आग्रह गरेको हो ।

कोरोना महामारीको प्रभाव बढ्दै गएपछि बजारमा ग्यासको अभाव हुन सक्ने भन्दै उपभोक्ताले खाली सिलिण्डर भरेर राख्न थालेपछि खपत बढ्दै गएको छ । अभाव हुन सक्ने भन्दै उपभोक्ताले खाली सिलिण्डर एकै पटक भर्न थालेपछि माग बढन गएको हो ।

उपभोक्ताले घरमा खाली रहेका सिलिण्डर भर्नुका साथै नयाँ सिलिण्डरको खरिद गर्न थालेपछि माग बढेको निगमले जनाएको छ । निगम प्रवक्ता वीनितमणि उपाध्यायले ग्यासको आयात नियमित रूपमा भइरहेकाले उपभोक्तालाई नआत्तिन आग्रह गरेका छन् । हरेक घरमा दुई चारवटा सिलिण्डर मौजुदा राख्ने थालेपछि माग बढेको निगमको उनको भनाइ छ । ग्यासको नियमित ढुवानी तथा बिक्री वितरण भइरहेको भन्दै खुद्रा बिक्रेतालाई कृत्रिम अभाव सिर्जना नगर्न पनि निगमले आग्रह गरेको छ । कोरोना भाइरसका कारण बजारमा माग बढे पनि आपूर्ति तथा वितरण मागअनुसार भइरहेको निगमले जनाएको छ ।

मासिक ३८ हजार मेट्रिक टन एलपी ग्यास खपत हुँदै आएकामा हाल ४५ हजार मेट्रिक टन आपूर्ति गरिएको छ । माग बढेपछि निगमले सार्वजनिक बिदाका दिनमा पनि भारतबाट ग्यास आपूर्ति गरेको छ । नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष गोकुल भण्डारीले उद्योगसँग पर्याप्त मौज्दात रहेकाले ग्यासको अभाव नरहेको बताए । हल्दिया र बरौनी नाकाबाट ग्यासको आयात कम भएपनि बजारमा अभाव नभएको उनको भनाइ छ ।

अहिले उद्योगसँग १० हजार मेट्रिक टन ग्यास मौज्दात रहेको उनले जानकारी दिए । यसबाट सात लाख ग्यास सिलिण्डर भरिन्छ । सामान्य अवस्थामा मुलुकभर दैनिक एक लाख ग्यास सिलिण्डर खपत हुने गरेकोमा अहिले माग बढेकाले खपत पनि दोब्बर बढेको उद्योगीको भनाइ छ ।

केही समयमा ग्यासको माग बढी भएपनि नेपाल ग्यास बिक्रेता महासंघ नेपालले पनि ग्यासको अभाव हुने आशंकामा ग्यास डिलरमा थेग्नै नसक्ने गरी लाइन लागेको बताएको छ । महासंघका अध्यक्ष ज्ञानेश्वर अर्यालले निश्चित समयमा ग्यास बिक्री गर्न नसकेकाले पनि बढी भीडभाड लागेको जानकारी दिए । बिहान १० बजेसम्म मात्र पसल खुला गरेर बिक्री गर्न पाइने भएकाले सबै डिपोमा ग्यास पुऱ्याउन नसकेको उनको भनाइ छ । एकै चोटी धेरै माग आएपनि डिलरलाई पुऱ्याउन कठिन भएकाले पनि उपभोक्ताको भीडभाड धेरै लाग्ने र समयमा पाउन नसकेको उनको भनाइ छ ।

गत १६ गतेदेखि सरकारले उपत्यकामा निषेधाज्ञा गरेसँगै ग्यास डिलरमा उपभोक्ताको भीडभाड लाग्ने गरेको छ । अत्यावश्यक वस्तुका पसल बिहान १० बजेसम्म र बेलुका ५ देखि ७ बजेसम्म खुल्न पाइने छ । जसको कारणले गर्दा पनि डिलरमा ग्यास लिने उपभोक्ताको भीडभाड लाग्ने गरेको बिक्रेताको भनाइ छ ।

# काठको लगत पेस गर्न ढिलाइ

**प्रगति ढकाल**

काठमाडौं, २० वैशाख



वैज्ञानिक वन व्यवस्थापन कार्यान्वयन भएका वन क्षेत्रका काठको लगत संकलनमा ढिलाई हुँदा काटिएका काठ वनमा नै सड्न थालेका छन् । संघीय वन तथा वातावरण मन्त्रालयले सातै प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको ३ महिना बितिसक्दा पनि लगत पेश हुन सकेको छैन ।

मन्त्रालयले प्रदेश सरकारले लगत संकलन गरेर पठाउन ढिलाई गर्दा समयमा नै काठ संकलनका लागि बाटो खुल्न नसकेको बताएको छ । वैज्ञानिक वन व्यवस्थापन लागु भएका मुख्य जिल्ला समेट्ने प्रदेशका उद्योग पर्यटन तथा वातावरण मन्त्रालयका प्रतिनिधिहरूले भने लगत संकलन गर्न डिभिजन वन कार्यालयहरूलाई निर्देशन दिएपनि लगत पेश नभएकाले केन्द्रिय मन्त्रालयलमा पेश गर्न नसकिएको बताएको छ ।

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता प्रकाश लम्सालले प्रदेश–१, बागमती, लुम्बिनी र कर्णली प्रदेशले मात्रै लगत पेश गरेको बताए । "राष्ट्रिय वन प्रदेश अन्तर्गत भएकाले प्रदेश सरकारले नै हामीलाई काठको लगत पेश गर्नुपर्ने हुन्छ, तर ४ वटा प्रदेशको मात्रै आइपुगेको छ," उनले भने ।

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेशका सचिव यज्ञनाथ दाहालले बजेट अभावका कारण समयमा नै लगत संकलन गरेर पेश गर्न नसकिएको बताएका छन् । "डिभिजन वन कार्यालयहरुलाई चाँडो लगत पेश गर्न निर्देश्न दिएका थियौं, तर लगत पेश भएको छैन," उनले भने, "उहाँहरूले लगत संगलनमा विभिन्न चुनौती देखाउनुभएको छ ।"

तर उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेशले भने काठको लगत पठाइसकेको छ । प्रदेश मन्त्रालयका सचिव डा.राजेन्द्र के.सीले २ सातामै काठको लगत संकलन गरेर संघीय मन्त्रालयमा पेश गरिएको बताए ।

केही डिभिजन वन कार्यालयले बजेट अभाव देखाउँदै लगत संकलन गर्न ढिलाई गरिरहे पनि दाङ घोराहीका डिभिजन वन अधिकृत विजय सुवेदीले भने लगत पेश गर्न समस्या नहुने बताए । "लगत संकलनका खासै बजेट आवश्यक पर्दैन, र त्यस्तो कुनै ठूलो चुनौती पनि छैन" ।

उनका अनुसार, लामो समयसम्म जंगलमा नै काठ रहँदा गुणस्तर खस्किरहेको छ । सबै प्रदेश सरकारले केन्द्रिय सरकारलाई जंगलमा रहेका काठको लगत पेश गरेपछि मात्रै काठ संकलन, ओसारपोसार तथा बिक्री वितरणका लागि प्रक्रिया अगाडि बढाउन सरकारलाई बाटो खुल्ने छ ।

एक वर्षदेखि जंगलमै काठ रहँदा काठको माग बढेसँगै विदेशी काठको बजार पनि फस्टाएको छ । मुलुकभरका काठ व्यवसायीको छाता संगठन नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघका अनुसार वैज्ञानिक वन व्यवस्थापनका कार्यक्रम लागु भएका क्षेत्रमा करिव ६० लाख क्यूफिट काठ छ । महासंघका अध्यक्ष मञ्जिलबाबु मास्केले स्वदेशी काठ जंगलमा रहँदा उपभोक्ताको माग पूरा गर्न विदेशी काठको आयात बढिरहेको बताए । "वैज्ञानिक वन व्यवस्थापनका कार्यक्रम लागु भएका क्षेत्रका काठ जंगलमा छ, तर बजारमा काठको हाहाकार भइसकेको छ" उनले भने, "नेपाली उपभोक्ताको काठको आवश्यकता पूरा गर्न विदेशी काठ आयात बढिरहेको छ ।"

# अक्सिजन प्लान्ट राख्ने प्रदेश सरकारको योजनै छैन

**मुकेश चौधरी**

धनगढी, २० वैशाख

सेती प्रादेशिक अस्पतालमा अक्सिजन नपाएर कोरोना संक्रमितहरूको मृत्यु भइरहेको बेला प्रदेश सरकारको अक्सिजन प्लान्ट जडान गर्ने योजनाको सुरसार पनि गरिएको छैन ।

सुदूरपश्चिम प्रदेश सरकारको हालै बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशका सबै जिल्ला अस्पतालहरूमा अक्सिजन प्लान्ट जडान गर्ने बजेटको व्यवस्थापन गरेको भएपनि अस्पतालहरुले अक्सिजन प्लान्ट जडान गर्न अग्रसर नभएका हुन् । भरखरै बजेट आएको हुनाले प्लान्ट खरिद गर्ने प्रक्रियामा प्रवेश गर्न नपाएको अस्पतालहरूले जनाएका छन् ।

सेती प्रादेशिक अस्पतालले पनि अक्सिजन प्लान्ट थप गर्नका लागि बजेट माग गरेको भएपनि हाल मात्रै अनुमति पाएको छ । अस्पतालमा तत्काले अक्सिजन प्लान्ट आवश्यक भइसकेको भएपनि खरिद प्रक्रियामा जाँदा ढिलो हुने भएको छ ।

जिल्ला अस्पताल डोटीका मेडिकल अफिसर डा. प्रकाश ठकुल्लाले अहिले अक्सिजन प्लान्ट खरिद गर्ने प्रक्रिया बुझ्ने काम भइरहेको बताए । उनले कोरोना महामारीलाई ध्यानमा राखेर छिट्टै प्रक्रिया अगाडि बढाउने बताए । उनले अधिंकाश संक्रमित अक्सिजन दिनुपर्ने भएपनि अक्सिजनको अभावमा उनीहरूको उपचारमा समस्या भइरहेको बताए । डोटी जिल्ला अस्पतालमा कोरोना संक्रमितको उपचारका लागि दुई वटा वार्ड छुट्याइएको छ भने आठ जना संक्रमितको उपचार भइरहेको छ ।

अछाम जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्ने प्रदेश सरकारको योजनानै छैन । अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा अतुल भारध्वजले अस्पतालबाट अक्सिजन प्लान्ट जडान गर्न सहमति माग गरी प्रदेश सरकारलाई पठाएको बताए । उनले सहमति आएपछि खरिद प्रक्रिया बढाइने बताए ।

पहिले नै जडान गरेको अक्सिजन प्लान्टबाट उत्पादन भएको नियमित उपचारमा ठिक्क हुने गरेकोमा कोभिड अस्पताललाई पनि सोही प्लान्टबाट अक्सिजन दिनुपर्ने भएकोले निकै अभाव भइरहेको सेती प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. हेमराज पाण्डेले बताए । उनले भरखरै अक्सिजन प्लान्ट जडान गर्ने स्वीकृति पाएकाले खरिद प्रक्रियामा जान समय लाग्ने बताए । "हामी प्रक्रिया मिलाई रहेका छौं," मेसु डा. पाण्डेले भने, "जति छोटो प्रक्रियामा गएपनि समय लाग्छ नै । सार्वजनिक खरिद प्रक्रियामै रहेर टेण्डर गर्नपर्छ ।"

उनले तत्कालै अक्सिजनको आवश्यक पर्ने संक्रमितहरुलाई अस्पतालकै प्लान्ट र निजी क्षेत्रबाट खरिद गरी दिइरहेको बताए । तर, बजारमा अभाव सिर्जना गरिएकाले पर्याप्त मात्रामा अक्सिजन सिलिण्डरहरु कोरोना अस्पतालसँग छैन ।

अस्पतालमा भेन्टिलेटर र आइसियुको संख्या सीमित भएकाले अक्सिजन मात्रै दिएर पनि बचाउन सकिने बिरामीलाई अक्सिजन सिलिण्डर समयमा उपलब्ध हुन नसक्दा जोगाउन नसकिएको उपचारमा संलग्न स्वास्थ्यकर्मीले जनाएका छन् । टीकापुर नगरपालिकाका एक ४६ वर्षीय युवालाई श्वासप्रश्वासमा समस्या भएपछि थप अक्सिजन नपाएपछि उनको वशाख १५ गते मृत्यु भयो । घोडाघोडी नगरपालिकाका २८ वर्षीय कोरोना संक्रमित पनि वैशाख १६ गते अक्सिजनको अभावमा सेती प्रादेशिक अस्पतालमा ज्यान गएको थियो ।

प्रदेशमा आइसियु र भेन्टिलेटर अपुग भएको बेला अक्सिजन दिएर पनि संक्रमितको ज्यान जोगाउन सकिने उपचारमा संलग्न चिकित्सकले बताए । उनले प्रेसरमा अक्सिजन दिन सके स्वासप्रश्वास सम्बन्धी समस्या भएका कैयौं संक्रिमतको ज्यान जोगाउन सकिने बताए । उनले सरकारले तत्काल अक्सिजनको व्यवस्था गर्नीतिर ध्यान केन्द्रित गर्नुपर्ने सुझाव दिए ।

५५ शैयूयाको कोरोना उपचार अस्थायी अस्पताल सञ्चालन गरेको सेती प्रादेशिक अस्पतालमा ५७ जना संक्रिमत भर्ना भएका छन् । ती मध्ये धेरैजसोलाई आईसीयू र भेन्टिलेटरमा राख्नुपर्ने अवस्था भए पनि भेन्टिलेटर र आईसीयूको अभाव भएकाले अक्सिजन दिएर भएपनि उपचार भइरहेको छ ।

सुदूरपश्चिमका अस्पताल र निजी क्षेत्रले जडान गरेको अक्सिजन प्लान्टको दैनिक उत्पादन क्षमता २ सय ३५ सिलिन्डर भएपनि खपत निकै बढी छ । यहाँका सरकारी अस्पतालहरुमा पाँच वटा मात्रै अक्सिजन प्लान्ट छ । सुदूरपश्चिममा निजी क्षेत्रले प्रदेश बाहिरबाट आपूर्ति गर्ने गरेका छन् ।

अक्सिजन अभावमै संक्रमितहरुको ज्यान जान थालेपनि प्रदेश सरकारले जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्ने योजनालाई तिव्रता दिएको छैन । प्रदेशका सामाजिक विकास मन्त्री कृष्णराज सुवेदीले मन्त्रिपरिषद्ले निर्णय गरी प्रत्येक जिल्ला अस्पतालहरुलाई ८०/८० लाख रूपैयाँमा अक्सिजन प्लान्ट जोड्न योजना पठाएको बताए । उनले महामारीलाई मध्यनजर गर्दै द्रतमार्गबाट अक्सिजन प्लान्ट खरिद गरी जडान गर्न अस्पतालहरूलाई निर्देशन गरिएको बताए । उनले प्रादेशिक अस्पतालहरूलाई समेत अक्सिजन प्लान्ट थप्न पत्राचार गरिएको बताए ।

# उपभोग्य वस्तु ढुवानीको साधनमा चालक र कर्मचारीमात्र



काठमाडौं, २० वैशाख (रासस)ः अत्यावश्यक दैनिक उपभोग्य वस्तुको ढुवानी सेवाका लागि उपयोग गरिएका सवारी साधनमा चालक र कामदार कर्मचारी मात्र राख्नुपर्ने भएको छ । ढुवानीका सवारी साधनमा पछिल्लो समय अन्य व्यक्तिलाई समेत राखेको जनाउँदै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ढुवानीका साधन सञ्चालनका लागि छुट्टै नियम बनाएको छ ।

मन्त्रालयमा निषेधाज्ञाका समयमा दैनिक अत्यावश्यक उपभोग्य वस्तुको आयात, ढुवानी, सञ्चय र वितरण गर्ने कार्यलाई नियमित बनाउने विषयमा आइतबार भएको छलफलले ढुवानी साधनको नम्बर, किसिमसहित संलग्न कामदार तथा कर्मचारीको नाम, ठेगाना र मोबाइल नम्बरको विवरण खुलाउनुपर्ने निर्णय गरेको जनाइएको छ ।

बैठकले दैनिक अत्यावश्यक उपभोग्य खाद्य वस्तु ढुवानीमा प्रयोग गरिने सवारी साधन र कर्मचारीको विवरण प्रमुख जिल्ला अधिकारी र संस्था दर्ता भएको संस्थाका प्रमुखलाई जानकारी गराउनुपर्ने निर्णय गरेको मन्त्रालयका प्रवक्ता डा नारायण रेग्मीले जानकारी दिए ।

यस्तैगरी प्रजिअ र संस्था दर्ता भएको संस्थाका प्रमुखलाई सम्बोधन गरी पठाइएको पत्रको एकएक प्रति चालक र कामदार कर्मचारीले आफ्नो परिचयपत्रसहित साथमा राख्नुपर्ने र ढुवानीका सवारी साधनले सबैले देख्ने गरी अगाडि प्रयोजनसहितको सेवा उल्लेख गरिएको तुल राख्नुपर्ने निर्णय भएको छ ।


**Barun Hydropower Company Ltd.**
Anamnagar-29, Kathmandu, Nepal

**Unaudited Financial Results (Quarterly)**

**Third Quarter Chaitra End - (As at 31/12/2077) Of The Fiscal Year 2077/78**

| S. N. | Particulars | This Quarter ending in 31 Chaitra 2077 in Rs. (Unaudited) | Previous Quarter ending 29 Poush 2077 in Rs. (Unaudited) | Corresponding Previous Year Quarter Ending Chaitra 2076 in Rs. (Unaudited) |
|---|---|---|---|---|
| A. | Sources of Fund | | | |
| 1 | Capital and Reserve Fund | | | |
| | a. Share Capital | 267,907,500 | 267,907,500 | 255,150,000 |
| | b. Retained Earnings | 8,066,026 | 11,587,347 | 11,701,903 |
| 2 | Medium and Long Term Loan | | | |
| | a. Secured loan (Term Loan From Banks) | 228,525,309 | 230,308,358 | 269,600,713 |
| | **Total Source of Fund** | **504,498,835** | **509,803,205** | **536,452,616** |
| B. | Applications of Fund | | | |
| 1 | Fixed Assets | | | |
| | Written Down Value (WDV) (a) | 457,821,108 | 462,542,108 | 476,643,698 |
| | Intangible Assets (b) | | | |
| | **Net Fixed Assets (a+b)** | **457,821,108** | **462,542,108** | **476,643,698** |
| 2 | Investment | 1,946,000 | 946,000 | 946000 |
| 3 | Current Assets | | | |
| | a. Inventory | | | |
| | b. Account Receivables | 35,084,755 | 41,472,464 | 46,259,245 |
| | c. Cash and Bank Balance | 3,693,387 | 260,546 | 6,389,218 |
| | d. Advance, Loan and Deposits | 21,402,157 | 21,528,087 | 21,326,264 |
| | **Total Current Assets (I)** | **60,180,299** | **63,261,097** | **73,974,726** |
| 4 | Current Liabilities and Provision (II) | | | |
| | a. Short Term Loans | - | 554,564 | - |
| | b. Management & Other Accounts Payables | 15,448,572 | 16,391,436 | 15,111,809 |
| | **Total Current Liabilities (II)** | **15,448,572** | **16,946,000** | **15,111,809** |
| 5 | **Net Current Assets ( I-II )** | **44,731,727** | **46,315,097** | **58,862,917** |
| | **Total Application of Fund** | **504,498,835** | **509,803,205** | **536,452,616** |

**Income Statement**

**Third Quarter Chaitra End - (As at 31/12/2077) Of The Fiscal Year 2077/78**

| Particulars | This Quarter ending in 31 Chaitra 2077 in Rs. (Unaudited) | Previous Quarter ending 29 Poush 2077 in Rs. (Unaudited) | Corresponding Previous Year Quarter Ending Chaitra 2076 in Rs. (Unaudited) |
|---|---|---|---|
| Revenues | | | |
| Income from Sale of Electricity Power | 45,822,136 | 35,831,198 | 65,586,100 |
| Insurance income From LOP | - | - | |
| Other revenue | - | - | |
| **Total Revenue** | **45,822,136** | **35,831,198** | **65,586,100** |
| Less : Operating and Admin Expenses | | | |
| A. Plant Operation Expenses | 2,423,579 | 1,514,614 | 2,208,268 |
| B. Administrative Expenses | 5,327,452 | 2,345,596 | 13,458,374 |
| C. Insurance Expenses | 752,003 | 1,452,236 | 1,317,538 |
| D. Project Maintenance | 1,641,242 | 152,297 | 375,810 |
| E. Royalty Charge | 914,928 | 715,109 | 1,311,722 |
| **Total Expenses** | **11,059,204** | **6,179,852** | **18,671,712** |
| **Operating Profit** | **34,762,932** | **29,651,346** | **46,914,388** |
| **Non- Operating Expenses** | | | |
| F.Financial Charge and Interest | 15,090,773 | 11,257,866 | **20,812,485** |
| G.Depreciation | 14,400,000 | 9,600,000 | 14,400,000 |
| **Total Non- Operating Expenses** | **29,490,773** | **20,857,866** | **35,212,485** |
| **Profit/ (Loss) Before Staff Bonus** | **5,272,159** | **8,793,480** | **11,701,903** |
| Staff Bonus | - | - | |
| **Profit/ (Loss) Before Income Tax** | **5,272,159** | **8,793,480** | **11,701,903** |
| Income Tax Provision | | | |
| Corporate Social Responsibility (CSR) | - | - | |
| **Profit / (Loss) After tax** | **5,272,159** | **8,793,480** | **11,701,903** |
| **Appropriation** | | | |
| a) Retained Earnings ( Upto Previous Year ) | 2,793,867 | 16,222,815 | - |
| b) Proposed Dividend | | | |
| Ordinary Share ( Bonus Share 5%) | - | 12,757,500 | |
| Cash Dividend | - | 671,448 | |
| c) Other reserve Fund | | | |
| **Transfer to Balance Sheet** | **8,066,026** | **11,587,347** | **11,701,903** |

**NOTE:** The unaudited financial figures are subject to changes from external auditors and regulatory authorities

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची – १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**आ. व. २०७७/०७८ को तेस्रो त्रैमासिक प्रतिवेदन**

१ **वित्तीय विवरण**

क) त्रैमासिक अवधिको वासलात नाफा नोक्सान विवरणः
यस बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको तेस्रो त्रैमासिक अवधि सम्मको अपरिस्कृत वासलात, नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु / परिसुचकहरुः

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (बार्षिककरण) | ४.०२ | पी. इ. रेसियो (बार्षिककरण) | ६१.७५ |
| प्रति शेयर नेटवर्थ | १०३.०१ | तरलता अनुपात | ३.९० |
| प्रति शेयर कुल सम्पत्तिको मुल्य | १७१.६१ | | |

२ **व्यवस्थापकीय विश्लेषणः**

क) यस आ.व मा प्रसारण लाइनका कारण आयोजना पुर्ण क्षमतामा चल्न नपाएकोले गत आ.व.को तुलनामा आम्दानीमा गिरावट आएको छ ।

ख) आगामी अबधिमा सम्पुर्ण शेयरधनिहरुको हितमा कामगर्दै कम्पनीलाई अगाडी बढाउन व्यवस्थापन कटिबद्ध रहेको छ ।

३ **कानुनी कारवाही सम्बन्धि बिवरण :**

क) यस अबधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मद्धा दायर नभएको ।

ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्ध प्रचलित नियमको अबज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको भए : कम्पनीको जानकारीमा नभएको ।

ग) कुनै संस्था वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर नभएको ।

४ **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि बिश्लेषणः**

क) शेयरको मुल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको ब्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ छ तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनुपर्ने सुचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

ख) यस त्रैमासिक अबधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य कारोवार भएको कुल दिन तथा कारोवार संख्याः
(नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com.np अनुसार)

| | |
|---|---|
| शेयरको अधिकतम मुल्य | २७६.०० |
| शेयरको न्युनतम मुल्य | २०७.०० |
| शेयरको अन्तिम मुल्य | २४८.०० |
| कारोवार भएको कुल संख्या | १०,४५६.०० |

५ **समस्या तथा चुनौती :**

क) परियोजना स्थलमा बाढी पहिरोको जोखिम तथा परियोजना स्थलभित्र भएका मेसिनमा आउन सक्ने समस्याहरु ।

ख) पावर हाउस र इन्टेकमा आउन सक्ने समस्याहरु ।
यस कम्पनीमा यस प्रकारका कुनैपनि समस्या आएको खण्डमा यस कम्पनीको संचालक समिति यस्ता कार्यलाई न्युनिकरण गर्न सक्षम छ ।

६ **संस्थागत सुशासनः**
कम्पनीमा संस्थागत सुशासन कायम गर्न कम्पनीको संचालक समिति, लेखा परिक्षण समिति जस्ता समितिहरु क्रियाशिल रहेका छन् ।

७ **सत्य तथ्य सम्बन्धमा अध्यक्षको उद्घोष :**
आजको मिति सम्म यस प्रतिबेदनमा उल्लेखित जानकारी तथा बिबरण हरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदयित्व लिन्छु । साथै मैले जाने बुझे सम्म यस प्रतिबेदनमा उल्लेखित बिबरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ता लाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन भन्ने कुरा उद्घोष गर्दछु ।

## सम्पादकीय

कारोबार | वर्ष १२ | अंक १२१ | राष्ट्रिय संस्करण | नेपाल संवत् ११४१

सरकारले आफ्ना नागरिकको जीवन तथा जीविकाको सुरक्षा गर्ने संवैधानिक दायित्व पनि हो । तर, यसमा सरकार फेरि एकपल्ट नराम्ररी चुकेको छ ।


# सरकारको गैरजिम्मेवारीले निम्त्याएको कहर

कोरोनाका कारण मृत्यु हुनेको संख्या हरेक दिन बढ्दो छ । भारतमा दोस्रो लहरको संक्रमण फैलिएको भयावह तस्बिर देख्दादेख्दै पनि सरकारले समयमा नै निर्णय गर्न नसक्दा नेपालमा पनि भारतको झैं अक्सिजनको चरम अभाव तथा संक्रमितमध्ये मृतकको संख्या हरेक दिन बढ्दै छ। सोमबार एकै दिन हालसम्मकै उच्च ३७ जनाको मृत्यु भएको स्वस्थ्य मन्त्रालयले जनाएको छ। त्रासका कारण सर्वसाधारणले आवश्यकता नै नभई घरमा सिलिन्डर भण्डारण गर्न थालेका छन् भने यसको फलस्वरूप बजारमा सिलिन्डर अभाव देखिन थालेको छ । नेपाल अक्सिजन ग्यास उत्पादक संघका अनुसार हाल नेपालको मागलाई धान्न सक्ने अवस्था छ। तर, कोरोनाको दोस्रो संक्रमण बढेसँगै सर्वसाधारणले घरमा भण्डारण गर्न थाल्दा बजारमा अक्सिजन सिलिन्डर अभाव भएको छ। नेपालमा हाल करिब दुई दर्जन अक्सिजन ग्यास उद्योग छन् । जसमध्ये उपत्यकामा मात्र ८ उद्योग सञ्चालनमा छन्, जसले तत्कालको माग धान्न सक्छन् । तर, सिलिन्डरको अभाव भने चर्कंदै गएको छ। करिब २ लाखको हाराहारीमा देशभर अक्सिजन सिलिन्डर भएकोमा करिब १ लाखभन्दा बढी सिलिन्डर प्रयोगमा भए पनि बाँकी घरघरमा भण्डारण हुँदा बजारमा अभाव देखिएको छ । तर, दैनिक संक्रमणको दर वृद्धि भइरहेकाले हालको सिलिन्डरले अस्पतालको मागलाई धान्न नसक्ने अवस्था आउन थालिसकेको छ। एकातिर अस्पतालमा बेड छैन, अर्कातिर बेड भए तापनि अक्सिजन नभएका कारण दोस्रो लहरको कोरोनाका कारण मृतकको संख्या बढ्न गएको स्वास्थ्यविद्को भनाइ छ । सरकारले एक सातापछि आएर सोमबार जीवन महत्त्वपूर्ण भएको जनाएको छ। राष्ट्रको नाममा सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले जीवन बचाउनु सरकारको प्रमुख दायित्व भएको बताए। तर, एक साता अघिसम्म उनै अर्थतन्त्र बचाउनुपर्ने बताउँदै थिए। सरकारको यस्तो लहडबाजीका कारण पनि दोस्रो लहरको कोरोनाले धेरैको ज्यान लिएको हो। सरकारले आफ्ना नागरिकको जीवन तथा जीविकाको सुरक्षा गर्ने संवैधानिक दायित्व पनि हो। तर, यसमा सरकार फेरि एकपल्ट नराम्ररी चुकेको छ।

यस्तै, नागरिकले जनस्वास्थ्यका मापदण्ड पालना गर्ने सम्बन्धमा गरेका लापरवाही तथा सरकारले अत्यावश्यक स्वास्थ्य पूर्वाधार निर्माणमा देखाएको उदासीनताका कारण जटिल उपचार आवश्यक पर्ने भेन्टिलेटर वा आईसीयूसहितको सेवाको चरम अभाव पनि देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले माघ महिनामा नै कोभिड-१९ स्वास्थ्य क्षेत्र द्रूत कार्ययोजना सार्वजनिक गरेर खराब संक्रमणको अवस्था आए ३ लाखमध्ये २ लाख ५ हजारका लागि भेन्टिलेटर वा आईसीयूको व्यवस्था गर्ने जनाएको थियो। सरकारले स्वास्थ्य संस्थाका भवन निर्माणमा बजेट केन्द्रित गरेर भेन्टिलेटर वा आईसीयूको व्यवस्था गर्ने योजना पनि बनायो । तर, सदाझैं गैरजिम्मेवारीका कारण त्यसको कार्यान्वयन भएन । मुलुकभर स्वास्थ्य सेवा अस्तव्यस्त बनेको छ । सरकार गत वर्षको कोरोना संक्रमणपछि नै स्वास्थ्य पूर्वाधारका लागि ठूलो रकम खर्च गरेको दाबी गर्दछ। तर, दोस्रो लहरको संक्रमण बढ्दै जाँदा सञ्चालनमा रहेका अस्पतालमा नै अत्यावश्यक मानिएको आईसीयू र भेन्टिलेटरको व्यवस्थापन हुन सकेको छैन । सरकारसँग रहेको जनशक्ति, स्वास्थ्य पूर्वाधार र उपकरणले सेवा दिन नसक्ने अवस्थामा पुग्नु भनेको गत वर्षको कोरोनाको कहर तथा भारतमा हालै दोस्रो लहरले गरेको मानवीय क्षतिबाट सरकारले पाठ नसिकेको नै हो । यसरी संक्रमण तीव्र गतिमा बढ्दै जाँदा भएका पूर्वाधारले थेग्न नसकेपछि बचाउन सकिने बिमारी पनि मर्ने स्थिति आउने स्वस्थ्यविद्हरूको सल्लाहलाई सरकारले बेलैमा सुनेको भए मृत्युदर घटाउन सकिन्थ्यो । सरकार फेरि एकपटक आफ्नौ संवैधानिक दायित्वमा चुकेको छ। सरकार आफैंले माघ महिनामा कोभिड-१९ स्वास्थ्य क्षेत्र द्रुत कार्ययोजना सार्वजनिक गरेर जनशक्ति, पूर्वाधार र अत्यावश्यक स्वास्थ्य उपकरण तयार गर्ने जनाएको थियो । तर, कार्यान्वयनमा कुनै चासो नराखेका कारण मानवीय क्षति त भयो नै, यसले ल्याउने आर्थिक क्षतिको पाटो पनि गम्भीर नै छ।

**अवधारणा** नेपालले पनि आफ्नो भूबनावटअनुसार अर्थतन्त्रलाई कूटनीतिमा जोड्न नसकेका कारण आर्थिक कूटनीति दिनानुदिन कमजोर बन्दै गइरहेको छ ।

# आर्थिक कूटनीति कमजोर किन ?



केशव आचार्य



आर्थिक क्रियाकलापलाई मजबुत बनाउन अपनाइने रणनीति आर्थिक कूटनीति हो । देशमा उपलब्ध स्रोत-साधनहरूको पहिचान र उपयोग, उत्पादन र वितरण, आयात र निर्यात तथा त्यसले अर्थतन्त्रमा पुऱ्याउने योगदान आदिलाई मध्यनजर गरी प्रस्तुत गरिने रणनीतिक योजनालाई आर्थिक कूटनीति भनिन्छ । देशको आर्थिक हितलाई सर्वोपरि राखी राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा अवलम्बन गरिने नीतिसमेतलाई आर्थिक कूटनीतिभित्र समावेश गरिन्छ । पछिल्लो समयमा विश्वमा आर्थिक कूटनीतिको महत्त्व बढ्दै गइरहेको छ। नेपालले पनि आफ्नो भूबनावटअनुसार अर्थतन्त्रलाई कूटनीतिमा जोड्न नसकेका कारण आर्थिक कूटनीति दिनानुदिन कमजोर बन्दै गइरहेको छ।

नेपालको सन्दर्भमा विगतमा अर्थ-कूटनीतिलाई खासै प्राथमितामा राखेको पाइँदैन, तर पछिल्लो समयमा नेपालको भूराजनीतिक गतिविधिले यसलाई प्रभावित बनाउँदै लग्यो । सुरुका दिनमा जुन राष्ट्रहरूले एकआपसमा परस्पर विरोधीका रूपमा आफूलाई देखाउँदै आएका थिए उनीहरू नै अहिले अर्थतन्त्र तथा व्यापारिक कारणले सहकार्य गर्न थालेका छन् । चीन र अमेरिकाजस्ता एकआपसमा फरक अर्थव्यवस्था अँगालेका मुलुक पनि आर्थिक विषयमा सम्झौता गर्न थालेका छन् । अहिले आएर कतिपय मुलुकबीचको द्वन्द्व नै व्यापार र अर्थतन्त्रसँग जोडिएर हुने गरेको छ । विश्वमा व्यापारिक पृष्ठभूमिबाट आफूलाई चिनाइरहेको मुलुक चीन र व्यापारमा अगाडि बढिरहेको मुलुक भारतबीच बेलाबेलामा आउने टकराव व्यापारिक आयमै बढी केन्द्रित रहेको पाइन्छ । उनीहरूको वैदेशिक कूटनीति आर्थिक कूटनीतिबाटै निर्देशित छ, राष्ट्रलाई स्रोतसाधनमा सम्पन्न बनाई आर्थिक रूपमा कसरी सबल बनाउन सकिन्छ भन्ने दृष्टिकोणमा आर्थिक नीति केन्द्रित भएको पाइन्छ।

आर्थिक कूटनीतिको नजरबाट नेपालको अर्थव्यवस्थालाई हेर्दा नेपाल एक भूपरिवेष्टित मुलुक हो । यसै कारणले पनि अर्थ-कूटनीति खासै प्राथमिकतामा नपरेकै हो । पछिल्लो समय नेपालको भूराजनीतिक गतिविधिले जबर्जस्त रूपमा अर्थ-कूटनीतिको प्रभाव बढ्दै गइरहेको छ । नेपाल भूपरिवेष्टित हुँदैमा जबर्जस्त अर्थ-कूटनीति अँगाल्नुपर्ने त होइन, नेपालमा पनि यस सम्बन्धमा अन्य देशमा भएका भन्दा फरक विशेषता बोकेका सम्भावनाहरू पनि प्रशस्त छन् । नेपालले आफ्नो प्रशस्त सम्भावना भएका क्षेत्रलाई ध्यान दिएर छिमेकी मुलुकसँगको अर्थतन्त्रसँग जोड्न आवश्यक छ। यसका लागि अर्थतन्त्र र अर्थ-कूटनीति बुझेका व्यक्तिहरूको पहिचान र आवश्यक स्थानमा पदस्थापन गर्न जरुरी हुन्छ। यिनले आर्थिक क्षेत्र, अर्थ-कूटनीतिको महत्त्व आमनागरिकमा बुझाइ विदेशी राष्ट्रहरूसँग पनि वैचारिक प्रतिस्पर्धा गर्न सक्छन्। राजनीतिक पृष्ठभूमिबाट हेरिने गरेको कूटनीति वस्तुस्थितिबाट हेर्न सहज हुन्छ, जुन राजनीतिक हितभन्दा पनि देशको हितले प्रश्रय पाउँछ। हामीसँग भएका प्रशस्त आर्थिक गतिविधि गर्न सकिने क्षेत्रहरू छन्, यिनको खोज-अनुसन्धान गर्न सक्ने विज्ञता भएको व्यक्तित्व अगाडि बढाई विदेशीहरूसँग व्यापार र अर्थतन्त्रको विषयमा डिल गर्नुपर्छ। नेपाललाई आर्थिक क्षेत्रसँग बहस गर्न सक्ने क्षमता भएको कूटनीति चाहिएको छ।

नेपालको आर्थिक कूटनीति नेपालका दुई-चार क्षेत्रलाई मात्र आधार मानेर तय गर्ने गरिएको छ। यसलाई पूर्णतः व्यवस्थापन गरी अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न आवश्यक छ । जलविद्युत्, कृषि, उद्योग र सेवा क्षेत्र नेपालका मुख्य आर्थिक क्षेत्रहरू हुन्। यिनलाई प्रतिस्पर्धी बनाई निर्यात गर्ने नीतिमा सरकार अगाडि बढ्नुपर्छ । यसका अतिरिक्त नेपालका धार्मिक स्थल, प्राकृतिक स्थल र सांस्कृतिक स्थलहरूको प्रचारप्रसार गरी विश्व बजारमा बेच्न सक्नुपर्छ। दक्षिण एसियाली मुलुकहरूको संगठन सार्क रहेको छ। यसले स्थानीय उत्पादनलाई अर्थतन्त्रसँग जोड्न सक्ने हो र सोहीअनुसार नेपालजस्ता मुलुकले भूमिका खेल्न सकेमा यो क्षेत्रको अर्थतन्त्र माथि उठ्न सक्नेछ। सार्कमा नेपाल भनेको पश्चिमाहरूले भन्ने गरेको स्विट्जरल्यान्डजस्तै प्रकृतिको वरदान भएको देश हो । यसलाई पर्यटनसँग जोड्ने र सोहीअनुसारको पूर्वाधारमा केन्द्रित हुन सकेमा यो नेपालको मात्रै नभएर यो क्षेत्रको नै विकासको ठूलो सम्भावना छ । यसका लागि सबै देशहरूले बलियो अर्थतन्त्र नारा दिएर अगाडि बढेको खण्डमा सबैका लागि हित हुने देखिन्छ।

नेपालको अर्थतन्त्रलाई कूटनीतिसँग जोड्नका लागि आर्थिक क्रियाकलापको क्षेत्रमा लामो समयदेखि कार्यरत पुराना व्यवसायीहरूको सहयोग लिनु जरुरी छ। उनीहरूको विज्ञतालाई देशले प्रयोग गर्न सक्नुपर्छ। खाली कर्मचारीतन्त्रलाई मात्रै प्रयोग गर्दा राखेका लक्ष्य पूरा गर्ने अवस्था छैन । अर्थतन्त्रको विज्ञतालाई राजदूतका रूपमा पठाउने हो भने आर्थिक कूटनीति सशक्त हुन्छ । अमेरिकामा राष्ट्रपति आफैं अन्तर्राष्ट्रिय बिजनेस डिलमा सहभागी हुन्छन्। भारत, चीन सबै देशका प्रमुख बिजनेस डिलमा सहभागी हुन्छन्। तर, नेपालको नेतृत्व अन्य देश जाँदा समकक्षीसँग सहयोग माग्ने विषयमा मात्रै छलफल केन्द्रित हुने गरेका छन् । कुन देशमा जाँदा कसरी कुन बिजनेसमा डिल गर्ने कुराहरूको प्राथमिकता तय गर्नुपर्छ। कुनै मुलुकमा राष्ट्रप्रमुख तथा सरकार प्रमुख जाँदा कहाँ कसरी कुन उत्पादनलाई कसरी आयात-निर्यात गर्न सकिन्छ, ती विषयमा योजना बनाउनुपर्छ। नेपालले कुनै देशसँग कुरा गर्नुपहिले विज्ञहरूको समूह बनाउन आवश्यक छ। त्यसपछि कुन देशसँग कसरी आर्थिक कूटनीतिलाई केन्द्रित गर्ने भनेर योजना बनाउनुपर्छ । नेपालको कुन देशसँग के प्राथमिकता हो भन्ने नै प्रस्ट छैन। जहाँ जुन परिस्थिति आउँछ त्यहीअनुसारका सम्झौता गरिदिने, तर तयारी केही पनि नगर्ने परिपाटी पछिल्ला दिनमा हावी हुँदै गइरहेको छ। यस्तो चलनले हाम्रो अर्थतन्त्रको गन्तव्यलाई सही दिशामा डोऱ्याउँदैन।

नेपालको अर्थतन्त्रलाई कूटनीतिसँग जोड्नका लागि आर्थिक क्रियाकलापको क्षेत्रमा लामो समयदेखि कार्यरत पुराना व्यवसायीहरूको सहयोग लिनु जरूरी छ। उनीहरूको विज्ञतालाई देशले प्रयोग गर्न सक्नुपर्छ।

नेपाल दुई ठूला उदीयमान अर्थतन्त्र भएका महाशक्तिराष्ट्र चीन र भारतको बीचमा रहेको छ। हामीले यो दुई देशको बीचमा रहेर धेरै उत्पादनलाई बिक्री गर्ने क्षमता राख्न सक्छौं । त्यसका लागि दृढ इच्छाशक्ति आवश्यक पर्छ । दुई देशलाई राजनीतिक उतारचढावमा सहभागी गराउनुभन्दा आर्थिक उन्नति र विकासमा प्रतिस्पर्धा गराउन सक्नुपर्छ । नेपाल विकासोन्मुखबाट अब विकासशील देशमा रूपान्तरणतर्फ मोडिँदै गएको परिस्थिति छ । विश्व व्यापार संगठन, सार्क, बिमस्टेकलगायतका व्यापारसँग सम्बन्धित संस्थाहरूको सदस्य भइरहँदा यसबाट नेपालले प्रशस्त फाइदा लिन सक्ने आर्थिक कूटनीति अवलम्बन गर्नुपर्छ। सम्मानका लागि सम्मान गर्दा झुक्नु नेपालीको सांस्कृतिक पहिचान हो, तर केही व्यक्तिगत फाइदा भइहाल्छ कि भनेर झुक्नु नेपालीको स्वतन्त्रता माथिको घात हो। राजनीति बुझेको राजनीतिज्ञ, अध्ययनशील विज्ञ, देशप्रेम भएको व्यक्ति र राजनीतिक अनुशासन भएको व्यक्ति छनोट गर्न सकिएन भने अर्थ-कूटनीति अपांग बन्छ। अपांग अर्थ-कूटनीतिले न त विद्यमान स्रोतसाधनको उपयोग गर्न सक्छ, न त भएकाको सदुपयोग र संरक्षण नै गर्न सक्छ; तसर्थ अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी र राष्ट्रिय रूपमा उपलब्ध स्रोतसाधनको अधिकतम सदुपयोग गरी देशको अर्थतन्त्र सबल बनाउन सकिने अर्थ-कूटनीति अवलम्बन गर्नुपर्छ।

अबको समयमा धेरै ठूलो कुरा गर्न पनि आवश्यक पर्दैन, साना कामले पनि धेरै ठूलो परिवर्तन ल्याउन सक्छ। अर्थतन्त्रसँग जोडिएको पदमा आसिन व्यक्ति अलिकति संवेदनशील भइदिने र राजनीतितर्फ स्थिरतालाई अलिकति जोड दिएको खण्डमा अधिकांश समस्या समाधान हुन्छन्। कूटनीतिक क्षेत्रमा क्षमताअनुसारका व्यक्तिलाई जिम्मेवारी दियो भने आर्थिक कूटनीति सफल हुन्छ र त्यसबाट नै देशमा समृद्धिको सुरुवात हुन्छ। राष्ट्रिय समृद्धि नारामा मात्र नभई व्यवहारमा पनि प्राप्त गर्न सकिन्छ।

## कारोबार सञ्जाल

follow us on Twitter @karobar_daily




सरकारले कोरोना नियन्त्रणका लागि सबै गरेको रहेछ। गर्न बाँकी केही पनि नहेनछ। तैपनि कोरोना किन बढेछ, बिरामीले शैय्या र अक्सिजन किन पाएका रहेनछन् भन्ने जवाफ भने प्रधानमन्त्रीको सम्बोधनवाट थाहा पाउन सकिएन!

*– शिव दाहाल*
**@dahalshivaji**



कोरोना महामारी नियन्त्रणकै लागि सरकारले गण्डकी र सुदूरपश्चिमको प्रदेश प्रमुख फेरेको हो । सकारात्मक सोचौं ।

*– रोयल आचार्य*
**@acharya_royal**



भ्रामक सूचनाको मुहानबाट भ्रममा नपर्न अपिल आएछ । अब त आम देशवासी सङ्क्रमणबाट जोगिएलान् कि !

*– तारानाथ दाहाल*
**@tndahal7**



मातेको मान्छेले अंग्रेजी बोल्न थाल्छ। रक्सीले होस् वा सत्ताले !

*– रवि मिश्र*
**@rabimishra**

## अर्थसूक्ति

प्रभावकारी नेतृत्वको महत्त्वपूर्ण कुरालाई पहिलो स्थान दिने हो भने प्रभावकारी व्यवस्थापन भनेको यसलाई अघि बढाउने अनुशासन हो।

*– स्टेफेन कोवे*

## विविधा

# सगरमाथा र नेपालका अरू हिमाल

विश्वमा हालसम्म मान्यताप्राप्त ८ हजार मिटरभन्दा माथिका हिमाल १४ वटा रहेका छन् भने विश्व पर्वतारोहण संघ र समुदायबाट मान्यता पाउन बाँकी ६ वटा नयाँ हिमालहरू रहेका छन्। ती ६ वटै नयाँ हिमाल संयोगले नेपाल सरहदभित्र रहेका छन्। यसरी निकट भविष्यमै विश्वमा ८ हजार मिटरभन्दा माथिका हिमाल २० वटा हुनेछन् । त्यसपछि नेपालमा मात्रै ८ हजार मिटरभन्दा माथिका हिमाल १४ वटा रहनेछन्।

त्यस्तै नेपालको सरहदमा ७ हजार ५ सय मिटरदेखि ८ हजार मिटरसम्मका हिमाल ४० वटा, ६ हजार मिटरदेखि ७ हजार ५ सय मिटरसम्मका हिमाल १२ सय ५३ वटा र ५ हजार ५ सय मिटरदेखि ६ हजार मिटरसम्मका हिमाल १९ सय १३ वटा रहेका छन् । (स्रोत : नेपाल पर्वत, २०११ को अक्टोबर अंक) त्यस्तै समुद्री सतहदेखि नाप्दा हालसम्मको विश्वकै अग्लो हिमशिखर सगरमाथा पनि सौभाग्यवश हाम्रै देश नेपालमा रहेको छ भन्ने त आमसर्वसाधारण मानिसलाई थाहा नै छ। जुन हिमाललाई आमरूपमा (पर्वतारोहीहरूमार्फ) सगरमाथा/एभरेस्ट भनेर चिनिन्छ भने सो हिमाललाई आदि-अनादि कालदेखि सोही क्षेत्रमा रहँदै बस्दै आएका स्थानीय बासिन्दाहरूले बोलाउने असली र पुरानो नाम भने 'चोमोलुङ्मा' हो । तर, पछि आएर यो हिमालले अंग्रेजीमा 'एभरेस्ट' नाम र नेपालीमा 'सगरमाथा' नाम पाएको छ। यसरी हेर्दा आदि-अनादि कालदेखि रहँदै आएको असली र पूरानो नाम 'चोमोलुङ्मा' नाम भने विस्थापित हुँदै गएको छ।

वि.सं. २०७२ मा नेपालमा गएको भूकम्पपछि काठमाडौं उपत्यकालगायत केही ठाउँमा केही सेन्टिमिटर भए पनि उचाइ बढेको पाइएपछि सगरमाथा हिमालको पनि उचाइ थपघट भएको हुन सक्छ भनी सगरमाथाको नयाँ उचाइ लिनुपर्ने माग उठ्यो । त्यसैले लगभग दुई वर्षअघि नेपाल सरकारले 'चोमोलुङ्मा'/'एभरेस्ट'/'सगरमाथा' को नयाँ उचाइ पत्ता लगाउनका लागि नापजाँचको काम गर्न तत्कालीन भूमिसुधार मन्त्रालय (हाल भूमि व्यवस्था मन्त्रालय) अन्तर्गत रहेको नापी विभागलाई कार्यादेश र जिम्मा दिएको थियो । तर, कोरोना महामारीलगायतका अन्य कारणले गएको मंसिर २३ मा मात्रै 'चोमोलुङ्मा'/'एभरेस्ट'/'सगरमाथा' को नयाँ उचाइको घोषणा नेपाल सरकार र चीन सरकारले संयुक्त रूपमा गरेका छन्। सो घोषणाअनुसार अब 'चोमोलुङ्मा'/'एभरेस्ट'/'सगरमाथा' को नयाँ उचाइ ८ हजार ८ सय ४८.८६ सेन्टिमिटर कायम रहेको छ। यसअघि नेपाल सरकारले ८ हजार ८ सय ४८ मिटरलाई सगरमाथाको आधिकारिक उचाइ मान्दै आएको थियो भने चीन सरकारले ८ हजार ८ सय ४४.४३ सेन्टिमिटरलाई आधिकारिक उचाइ मान्दै आएको थियो । त्यस्तै अमेरिका, युरोपलगायतका देशहरूले भने सगरमाथाको उचाइ ८ हजार ८ सय ५० मिटर रहेको भन्दै आएको थियो।

जे होस्, यो लेखमा थोरै सगरमाथा आरोहणको इतिहासबारे र थोरै सगरमाथाको उचाइबारे पनि लेख्ने प्रयास गरिएको छ। ऊ बेला अर्थात् 'एभरेस्ट' र 'सगरमाथा' नाम राखिनुअघि सगरमाथाको नामहरू अनेक अड्कल गरिएका थिए। जस्तै 'देवढुंगो', 'भैरवनाथ', 'गौरीशंकर', 'चरी लमेनी', 'मितीगुती', 'चापोलुङ्मा', 'थर्ड-पोल', 'द गडेस मदर अफ द अर्थ', 'मदर गडेस अफ द स्काई', 'झोमोलुङ्मा', 'धरतीकी देवी', 'चोमो काङकार', 'चोमो लुङ्मो', 'पिक एक्स भी', '१५ औं चुली' लगायत डेढ दर्जनभन्दा बढी नामहरू अड्कल गरिएका थिए।

*– निनाम कुलुङ 'मंगले'*

**टिप्पणी** एकातिर उनीहरूले प्रेस स्वतन्त्रताको निर्बाध उपयोग गर्न पाइरहेका छैनन् भने अर्कातिर रोजीरोटीको समस्याबाट दिनदिनै आक्रान्त भइरहेका छन् ।

# विश्व प्रेस स्वतन्त्रता दिवसको चुनौती


विश्वनाथ खरेल



विश्वमा प्रेस स्वतन्त्रता दिवस सन् १९९३ को डिसेम्बर २० मा संयुक्त राष्ट्रसंघको साधारणसभाको निर्णयअनुसार प्रत्येक वर्ष ३ मेलाई विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउँदै आएको हो । राज्यको चौथो अगंअन्तर्गत प्रेस तथा सञ्चारमाध्यमहरू पर्छन् । यसरी हरेक वर्षको ३ मेमा विश्वभरि सञ्चारका माध्यमहरूको स्वतन्त्रताका मुद्दा, मापदण्ड र महत्त्वको विषयमा पैरवी अनि बहस गरिँदै समाचार संकलनका क्रममा जोखिममा परेका र ज्यान गुमाएका पत्रकारको योगदानलाई सम्झना र सम्मान गर्दै मनाइन्छ। सन् २०१६ मा विश्वभरि ५९ जना पत्रकारको विभिन्न कारणबाट मृत्यु भएको थियो भने सबैभन्दा बढी सन् २०१५ विश्वमै पत्रकारिता क्षेत्रका निम्ति विपत्तिको वर्ष बन्यो । हालसम्मको तथ्यांक हेर्दा विश्वभर २ सय ६ सय ८० जनाभन्दा बढी पत्रकार तथा मिडियाकर्मीहरू मारिइसकेका छन् । यसमा खासगरीकन यी देशहरू मेक्सिको, पाकिस्तान, अफगानिस्तान, सोमालिया, भारत, फिलिपिन्सलगायत मुलुकमा पत्रकार र मिडियाकर्मीमाथि ज्यानै जानेसम्मका घटना बढी भएको पाइएको छ। यसै क्रममा गत वर्ष अफगानिस्तानमा १० जना, पाकिस्तानमा ९ जना, भारतमा ८ जना, फिलिपिन्स र सिरियामा ४/४ जना, नाइजेरिया र यमनमा ३/३ जना पत्रकार मारिएका थिए । यसैगरी इराक, सोमालिया, बंगलादेश, क्यामरुन, होन्डुरस, पराग्वे, रसिया र स्वीडेनमा पनि पत्रकारको हत्या भएको थियो । केही वर्षअगाडि फ्रान्समा कार्टुन पत्रिका चार्ली हेब्दोमाथि आतंकवादी हमला भयो, जसमा नौ जना पत्रकार मारिए। धेरै पत्रकार मारिनेमा भारत, इराक र सिरिया परेकाले रिपोर्टर्स विथ आउट बोर्डर्सले भारतलाई पाकिस्तान र अफगानिस्तानभन्दा बढी खतरापूर्ण देश भनेको छ। भारतका ९ मध्ये ५ पत्रकार समाचारका कारण मारिएका र अन्य ४ को कारण नखुलेको पनि प्रतिवेदनमा जनाइएको थियो। यसरी पत्रकारका लागि सबैभन्दा सुरक्षित देश फिनल्यान्ड मानिएको छ भने नर्वे, डेनमार्क, नेदरल्यान्ड, स्वीडेनलगायतका २० देश राम्रो मानिएका छन् । सूचीमा नेपाल १ सय ५ औं सुरक्षित स्थानमा छ भने दक्षिण एसियामा पाकिस्तान बढी असुरक्षित देश ठहरिएको छ । सूचीमा पाकिस्तान १ सय ५९ नम्बरमा छ भने बंगलादेश १ सय ५६ औं स्थानमा छ। तालिवानी हमला झेलिरहेको अफगानिस्तानभन्दा भारत पत्रकारका लागि बढी असुरक्षित देखिएको छ। सूचीमा भारत १ सय ३६ औं नम्बरमा छ भने अफगानिस्तान १ सय २२ औं स्थानमा छ।

वर्तमान सरकारले देशको पहिलो सरकारी छापा माध्यम गोरखापत्र प्रकाशन भएको १९५८ वैशाख २४ गतेलाई राष्ट्रिय पत्रकारिता दिवसका रूपमा प्रत्येक वर्ष मनाउने गरेको छ। यो देशको सबैभन्दा जेठो प्रकाशनका रूपमा रहेको छ। यो प्रकाशन हालसम्म आइपुग्दा झन्डै १ सय २१ औं वर्षमा पुग्न लागेको छ । त्यसैअनुसार केही वर्षअगाडिदेखि वैशाख २४ गतेलाई राष्ट्रिय पत्रकारिता दिवसका रूपमा मनाइँदै आएको छ । यसैक्रममा छापा माध्यममा नेपाली भाषाको पहिलो पत्रिका गोर्खा भारत जीवन हो, जुन बनारसबाट प्रकाशित थियो । त्यसैगरी स्वदेशबाटै १९५५ मा प्रकाशित पहिलो नेपाली भाषाको पत्रिका सुधा सागर हो । तर, अहिले आएर गोरखापत्र प्रकाशन मितिलाई आधार मानिएको छ। हाम्रो देशको कुरा गर्ने भने २०७२ वैशाख १२ र २९ गते गएका भूकम्पका कारण १ हजार ८ सय १३ जना पत्रकार र सञ्चार गृहहरू प्रभावित भएका थिए । गोरखापत्रमा आबद्ध पत्रकार सुमन भोम्जनको काठमाडौंमा र रेडियो प्लानेटमा आबद्ध कार्यक्रम प्रस्तोता सिर्जना लामाको सिन्धुपाल्चोकमा मृत्यु भयो भने भूकम्पमा परी घाइते भएका नेपालगन्जबाट प्रकाशित दैनिक नेपालगन्जको व्यवस्थापनमा आबद्ध अच्युतराज सुवेदीको उपचारका क्रममा मृत्यु भयो । त्यसैगरी भूकम्पबाटै ३५ जना पत्रकारले नजिकका आफन्त गुमाउनुपऱ्यो । त्यसैगरी १४ जना पत्रकार आफैं घाइते भए भने २० जनाका आफन्त घाइते भए। यसरी भूकम्पले २ सय ६६ सञ्चार गृहमा भौतिक क्षति पुऱ्यायो। त्यही वर्ष उदयपुरका पत्रकार रामप्रसाद भट्टराई (सचिन) सुनसरीको इटहरी-धरान सडकखण्डमा मृत अवस्थामा भेटिए। बेपत्ता भएको एक सातापछि सडकमा मृत अवस्थामा भेटिएका उनको शवलाई प्रहरीले बीपी मेमोरियल अस्पताल धरानको शवगृहमा पुऱ्याएपछि पत्रकार र आफन्तले शव पहिचान गरी पत्रकार भट्टराई मारिएको ठहर गरेका थिए। यसपछि कोरोना बढ्दो प्रकोपलगायत मधेसवादी दलको आन्दोलन र भारतीय नाकाबन्दीको प्रभाव पत्रकार र मिडियामा प्रत्यक्ष रूपमा प्रभाव परेको छ। आमजनतालाई सुसूचित गर्ने पत्रकार र मिडिया नै आफैं यस्तो प्रताडनाबाट झन् नराम्ररी पिल्सिन बाध्य भएका छन्। उनीहरू आन्दोलनरत र सरकारी पक्षको दोहोरो मारमा परिरहेका छन्। पत्रकार तथा सञ्चारकर्मीमाथि भौतिक र पेसागत सुरक्षाको खतरा बढ्दै गएको छ । एकातिर उनीहरूले प्रेस स्वतन्त्रताको निर्बाध उपयोग गर्न पाइरहेका छैनन् भने अर्कातिर रोजीरोटीको समस्याबाट दिनदिनै आक्रान्त भइरहेका छन्।

अन्त्यमा भन्नुपर्दा नेपाली पत्रकारिताका निम्ति पनि यो वर्ष कोरोनाको महामारीका कारणले गर्दा एक वर्षभन्दा बढी समय बित्दा पनि देशमा पत्रकारहरूमाथि मृत्यु वरणदेखि लिएर अनेक समस्याहरू झेल्नुपरेको स्थिति खट्किएको छ। मूलतः विश्वभरका पत्रकारिताका पत्रकारहरू पनि कोरोनाविरुद्धमा लडिरहनुपरेको छ। हाम्रो छिमेकी देश भारतमा मात्र एक महिनाको अन्तरालमा ५० जना सञ्चारकर्मीको कोरोनाले मृत्यु भएको छ। देशको कुरा गर्ने हो भने प्रेसको इतिहासमा गोरखापत्र नै पहिलो समाचारमूलक पत्रिका हो । तसर्थ राणा प्रधानमन्त्री देवशमशेरले २४ वैशाख १९५८ बाट गोरखापत्र प्रकाशनको सुरुवात गरेका थिए । साप्ताहिक पत्रिकाबाट सुरु भएको गोरखापत्र २००० देखि हप्ताको दुई पटक र २००३ पुसदेखि हप्ताको तीनपटक प्रकाशन हुन थालेको थियो।




पछिल्लो समय चर्चामा रहेको सप्तकोसी नदीको बीचमा रहेको ठूलो ढुंगा खुवालुङ हेर्न मोटरबोटमा आउँदै गरेका आन्तरिक पर्यटक। *तस्बिर : विकास घिमिरे*

# करको दायरा बाहिर क्रसर उद्योग



**सन्तोष महतारा**

गुल्मी, २० वैशाख

सामान्य किराना पसलले कारोबारको आधारमा कर तिनुपर्दछ। समान्य पसलेले कर नतिरे प्रहरी प्रशासन अनुगमनमा जान्छन्। जसरी भए पनि करको दायरामा ल्याउँछन्। तर, खुलेयाम रूपमा सञ्चालन भएका क्रसर उद्योगले कर छली गरेको विषयमा कसैको ध्यान पुग्दैन। गुल्मीमा कर नतिरी सञ्चालन भएका क्रसर उद्योगहरूलाई जिल्ला प्रशासन कार्यालय गुल्मीले करको दायरामा ल्याउन सकेको छैन।

जिल्लाको इस्मा गाउँपालिका-१ छल्दीटारमा सुनिल समीर निर्माण सेवा प्रालिले छल्दीखोलाको किनारमा क्रसर चलाएको छ। प्रालिका सञ्चालक नारायण पोखरेलले चलाएको उक्त उद्योग जिल्लाको सबैभन्दा ठूलो क्रसर उद्योग भए पनि कर नतिरी खुलेयाम चलिरहेको छ। चन्द्रकोट गाउँपालिका-७ बडियार खोला किनारमा गौमूखी निर्माण सेवाले चलाएको क्रसर पनि करको दायराभन्दा बाहिर रहेको पाइएको छ। सत्यवती गाउँपालिका-७ मा इलाइट निर्माण सेवा र रुरुक्षेत्र गाउँपालिकामा राजेश्वरी कन्स्ट्रक्सन प्रालिले चलाएको क्रसर उद्योग पनि कर नतिरी चलिरहेको घरेलु तथा साना उद्योग कार्यालय गुल्मीले जनाएको छ।

कुनै पनि मापदण्ड पूरा नगरी समाजमा प्रत्यक्ष असर पारेर चलिरहेका क्रसर उद्योगहरूले कर नतिरी निरन्तर चल्नु प्रशासनको लाचारीपन भएको इस्मा गाउँपालिका-१ का स्थानीय रुद्र जिसीले जानकारी दिए। स्थानीय जमुना खत्रीले पनि आफूहरूलाई ठूलो असर पारेर चलेको क्रसर उद्योगले कर नतिरी चल्दा अचम्म लागेको बताइन्।

क्रसर उद्योगहरू कर नतिरी खुलेयाम चलिरहेको बिषय स्थानीय तह, प्रहरी र प्रशासनलाई जानकारी नभएको पनि होइन। स्थानीय सरकारका जनप्रतिनिधिको पहुँचले क्रसर उद्योगलाई करको दायरामा ल्याउन सकेको छैन। सञ्चालित क्रसरको विषयमा घरेलु तथा साना उद्योग कार्यालय गुल्मीले पटक पटक ध्यानाकर्षण गराए पनि आफूले करको दायरामा ल्याउन नसकेको घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारी नारायण पन्थी स्वीकार्छन्।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले क्रसर उद्योगहरूलाई करको दायरामा ल्याउनका लागि पहिले विधिगत रूपमा दर्ता गर्नुपर्ने बताइन्। "विधिगत रूपमा दर्ता गर्न नेपाल सरकारका थुप्रै मापदण्ड छन्," प्रमुख जिल्ला अधिकारी शर्माले भनिन्, "गुल्मीका प्रायः ठाउँमा सबै प्रकारका मापदण्ड कायम गर्न सकिने अवस्था पनि छैन।" आयोजना केन्द्रित स्थानीय तहले गिट्टी बालुवा उठाउन पाउने भन्दै उनले दर्ता नभएसम्म करको दायरामा ल्याउन नसकिने बताइन्। मापदण्ड पूरा गर्न सकेमा दर्ता भएपछि करको दायरामा आउने र हिमाल पहाडको अवस्थामा मापदण्ड परिमार्जन गरेमा करको दायरामा ल्याउन सकिने जिल्ला प्रशासन कार्यालय गुल्मीले जनाएको छ।

# जिल्ला अस्पताललाई एक–एक करोड दिने प्रदेश सरकारको निर्णय

सुर्खेत, २० वैशाख (कास): कर्णाली प्रदेश सरकारले प्रदेशअन्तर्गतका सबै जिल्ला अस्पताललाई तत्काल एक-एक करोड रुपैयाँ दिने निर्णय गरेको छ।

कोभिड १९ सँग सम्बन्धित समस्या समाधान गर्न तथा अत्यावश्यक अक्सिजन सिलिन्डर, अक्सिजन आपूर्ति गर्न प्रदेश विपद् कोषबाट उक्त रकम दिने भएको हो। यस्तै प्रदेश अस्पताल सुर्खेत, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, चौरजहारी अस्पताल रुकुमलाई पनि एक-एक करोड रुपैयाँ निकासा दिइएको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयको अर्थ विविध शीर्षकमा रहेको ५० करोड रुपैयाँ प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा गरेर कोभिडसँग सम्बन्धित समस्या समाधान गर्न खर्चिने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ।

यस्तै प्रदेश सरकारले कोरोनाका कारण मृत्यु भएकाका परिवारलाई एक लाख रुपैयाँ राहत दिने भएको छ। प्रदेश विपद् व्यवस्थापन कोषमार्फत कोरोना संक्रमणबाट मृत्यु भएका परिवारलाई एक लाख रुपैयाँ दिने निर्णय गरेको हो। कार्यविधि र मापदण्ड बनाई कार्यविधि अनुरुप विपद्




व्यवस्थापन कोषमार्फत मृतकका परिवारलाई एक-एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ। कर्णालीमा कोरोनाका कारण हालसम्म ५७ जनाको मृत्यु भइसकेको छ। कोरोनाको दोस्रो लहर सुरु भएसँगै कर्णालीमा मृत्यु हुनेको संख्या बढ्दै गएको छ। यस्तै प्रदेश सरकारले मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको संयोजकत्वमा कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन सर्वदलीय/सर्वपक्षीय निर्देशक समिति र सामाजिक विकास मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यान्वयन समिति गठन गर्ने निर्णय पनि बैठकले गरेको छ।

# संक्रमण दर नघटेपछि बाँकेमा निषेधाज्ञा थप

**लक्ष्मण ढुंगाना**

नेपालगन्ज, २० वैशाख

बाँकेमा जारी निषेधाज्ञा २७ गतेसम्मका लागि थप गरिएको छ। वैशाख १३ गते राती १२ बजेदेखि निषेधाज्ञा जारी गरिएकोमा संक्रमण नघटेपछि वैशाख २७ गते राती १२ बजेसम्मका लागि थप गरिएको जिल्ला प्रशासन कार्यालय बाँकेले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय बाँकेले एक सूचना जारी गरी कोरोना संक्रमणको साङ्लो तोडन भन्दै निषेधाज्ञा जारी गरिएकोमा संक्रमण दरमा कमी नआएका कारण आदेशलाई निरन्तरता दिइएको जनाएको छ। यसअघि बैंकका सेवासमेत पूर्णरूपमा बन्द रहेकोमा अब सीमित संख्याका कर्मचारीबाट दैनिक तीन घण्टा सञ्चालन गर्ने गरी बैंक खोल्न पाइने भएको छ।

संक्रमण बढेपछि वैशाख ९ गतेदेखि नेपालगन्जमा निषेधाज्ञा जारी गरिएको थियो। त्यसयता जिल्लाभर संक्रमण फैलिन थालेको भन्दै बाँकेमा वैशाख १३ गतेदेखि निषेधाज्ञा जारी गरिएको छ। कोरोना संक्रमणका कारण बाँकेमा हालसम्म १३७ जनाको मृत्यु भइसकेको छ भने बाहिरी जिल्लाबाट उपचारका लागि आएका १२२ जनाले कोरोनाका कारण ज्यान गुमाइसकेका छन्।

**२० दिनमा एक हजार नौ सय ६९ ले जिते कोरोना**

कोरोना संक्रमण भयावह रूपमा बढेको बाँकेमा कोरोना जित्नेको संख्या पनि बढ्दै गएको छ। जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र बाँकेको तथ्यांकअनुसार वैशाख १ देखि २० गतेसम्म जिल्लाका एक हजार नौ सय ६९ जनाले कोरोना जितेका छन्। जसमध्ये एक सय ७८ महिला र एक हजार ९१ पुरुष रहेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका कोरोना फोकल पर्सन तेज ओलीले जानकारी दिए। वैशाख १६ गते यता कोरोना निको हुनेको संख्या पनि बढेको छ। केन्द्रको तथ्यांकअनुसार वैशाख १६ मा दुई सय ४४ जना, १७ गते दुई सय ५, १८ गते २ सय ५०, १९ गते ३ सय ५ जना र २० वैशाखमा सबैभन्दा बढी ३ सय ४५ जनाले कोरोना परास्त गरेका छन्।

**२० दिनमा एक सय १० को मृत्यु**

कोरोना भाइरसका कारण बाँकेमा २० दिनको अवधिमा एक सय १० जनाको मृत्यु भएको छ। जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र बाँकेको तथ्यांकअनुसार वैशाख १ देखि २० गते १ बजेसम्म ११० जनाले ज्यान गुमाएका हुन्। यो बाँकेका साथै उपचारका लागि अन्य जिल्लाबाट आएका मृतकको संख्या हो।




कोरोना भाइरसको पहिलो लहर सुरु भएपछि चैत मसान्तसम्म १ सय ४९ जना संक्रमितको मृत्यु भएको थियो। डीसीसीएमसीको तथ्यांकअनुसार गत वर्षको मृत्युदर हेर्दा विभिन्न जिल्लाबाट बाँकेका अस्पतालमा उपचारका लागि आएका बाहिर जिल्लाका व्यक्ति धेरै थिए भने कोरोनाको दोस्रो लहर सुरु भएयता बाँकेका व्यक्तिको मृत्युदर बढी भएको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र बाँकेका कोरोना फोकल पर्सन तेजबहादुर ओलीले बताए।

कोरोना भाइरसका कारण गत चैथ मसान्तसम्म बाँकेका ५८ जनाले ज्यान गुमाउँदा अन्य जिल्लावाट बाँकेका अस्पतालमा उपचारका लागि आएका ९१ जनाले ज्यान गुमाएका थिए। तर, वैशाख १ गते यता ज्यान गुमाउनेमा अधिकांश बाँकेका भएको र त्यसमा पनि नेपालगन्जका धेरै भएको फोकल पर्सन ओली बताउँछन्।

यसवर्ष २० दिनको अवधिमा अन्य जिल्लाको तुलनामा बाँकेका तीनगुणा बढीको भाइरस संक्रमणवाट मृत्यु भएको छ। सोमबार दिउँसो ३ बजे यो समाचार तयार पार्दासम्म बाँकेका मात्र ७९ जनाले भाइरस संक्रमणवाट ज्यान गुमाइसकेका छन्। त्यस्तै ३१ जना अन्य जिल्लाबाट बाँकेका अस्पतालमा उपचारका लागि आएका व्यक्तिले ज्यान गुमाएका हुन्। जिल्लाको संक्रमण र मृत्युको तथ्यांक हेर्दा वैशाख ६ गतेदेखि यता संक्रमण तीव्ररूपमा फैलिएको देखिन्छ। त्यसयता परीक्षण गरिएका नमुनामध्ये कुनै दिन ८० प्रतिशत बढीमा पनि संक्रमण देखिएको छ।

यो तथ्यांक हेर्दा संक्रमण बढेसँगै मृत्युदर पनि बाँकेमा धेरै छ। समुदायमा संक्रमण तीव्ररूपमा फैलिएपछि बाँकेमा पीसीआर परीक्षण गर्नेको संख्या पनि बढेको छ। संक्रमण फैलिने दर हेर्दा वैशाख १ देखि १९ गतेसम्मको तथ्यांकअनुसार परीक्षण गरिएका नमुनामध्ये करिब ५४ प्रतिशतमा भाइरस पुष्टि भएको छ। चैत महिनामा बाँकेका २ सय २४ जनामा मात्र संक्रमण पुष्टि भएकोमा यो संख्या वैशाखमा ह्वातै बढेको छ। वैशाख १ देखि १९ सम्म बाँके र बाहिरका गरी ५ हजार ३६५ जनामा संक्रमण पुष्टि भएको छ। हाल बाँकेमा ३ हजार ८ सय ९६ जना संक्रमित होम आइसोलेसनमा छन् भने ४ सय ५४ जना विभिन्न आइसोलेसनमा छन्।

## डडेल्धुरा अस्पतालमा अक्सिजन अभाव

डडेल्धुरा, २० वैशाख (कास): संघीय सरकार मातहतको एकमात्र डडेल्धुरा अस्पतालमा अक्सिजन अभाव भएको छ। अक्सिजन अभाव भएपश्चात अस्पतालले कोरोना संक्रमितको उपचार गर्न नसकिने बताएको छ। अस्पतालले एक सूचना जारी गर्दै क्षमताभन्दा बढी आईसीयू र एचडीयूमा बिमारीहरू भर्ना गरिसकेको र थप भर्ना गरी उपचार गर्न नसक्ने अवस्था आएको जनाएको हो।

सूचनामा भनिएको छ, 'हामी निकै कठिन समयको सामना गरिरहेका छौं, हामीले यस्तो दिनसँग सामना गर्नुपर्ला भनेर सोचेका थिएनौं, तत्काल थप बिरामीलाई भर्ना गर्न नसक्ने वास्तविकतामा पुगेका छौं,' अस्पतालमा भएका बिरामी निको हुने बित्तिकै नयाँ केस हेर्ने अस्पतालले जनाएको छ। हाललाई अस्पताल सेवा पहिले नै संतृप्त भइसकेको कुरा सार्वजनिक गर्दछौं,' सूचनामा लेखिएको छ। अस्पतालले अक्सिजन आवश्यक पर्नेलाई रेफर गर्ने बताएको छ।

अस्पतालमा आफ्नै अक्सिजन उत्पादन गर्ने प्लान्ट छ। त्यसले दैनिक ११ जनालाई मात्रै अक्सिजन दिनसक्ने क्षमता छ। अस्पतालले पाइपलाइनबाट अक्सिजन बेडसम्म पुर्‍याउने व्यवस्था गरेको छ। डडेल्धुरा अस्पतालमा अहिले १६ जना कोभिड संक्रमित बिरामी छन्। तीमध्ये ३ जना भेन्टिलेटरमा छन् भने सबैलाई अक्सिजनमा राखिएको छ। अस्पतालमा आईसीयू बेड ८ र एचडीयू गरेर २१ बेड कोरोना संक्रमितका लागि तयार छ।

# स्मार्ट सिटीका लागि भीमदत्त नगरपालिकालाई १ अर्ब बजेट

**चन्द्रकान्त जोशी**

महेन्द्रनगर, २० वैशाख

कञ्चनपुरको भीमदत्त नगरपालिका स्मार्ट सिटीका लागि छनोटमा परेको छ। सरकारले अगाडि सारेको स्मार्ट सिटीको अवधारणाअन्तर्गत देशैभरि निर्माण हुने स्मार्ट सिटीमध्ये कञ्चनपुरको भीमदत्त नगरपालिका पनि स्मार्ट सिटीका लागि छनोटमा परेको हो। सरकारले स्मार्ट सिटी निमार्णका लागि बजेट सुनिश्चिता गरेर भीमदत्त नगरपालिकासहित अन्य ११ वटा प्रमुख शहरलाई स्मार्ट सिटी बनाउन चालू आर्थिक वर्षमा बजेट विनियोजन गरेर प्रक्रिया अगाडि बढाएको छ। गत चैत २५ मा बसेको मन्त्रिपरिषद्को बैठकले तत्काल वातावरण मूल्यांकनसहित स्मार्ट सिटी निर्माणका लागि खरिद प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो।

"मन्त्रिपरिषद्को बैठकले स्मार्ट सिटी निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको अवस्था छ," भीमदत्त नगरपालिकाका नगर प्रमुख सुरेन्द्र विष्टले भने, "भीमदत्त नगरपालिकास्थित महेन्द्रनगर बजार क्षेत्र एकदमै पुरानो बजार क्षेत्र पनि हो, यसमै सरकारले स्मार्ट सिटी निर्माण गर्ने कुरालाई अगाडि बढाएको छ, जुन नगरबासीको निम्ति सकारात्मक कुरा पनि हो, योसँगै नगरपालिका पनि आफ्नो २५ वर्षे रणनीतिअनुसार अघि बढेको छ।" नगरपालिकाले नगर



क्षेत्रलगायत सहर क्षेत्रलाई आधुनिकतासँग जोड्नका लागि पालिकास्तरको २५ वर्षे गुरुयोजनालाई अघि बढाएको छ। नगर क्षेत्रमा निर्माण गरिएको पूर्वाधारसँगै अन्य कुरालाई पनि आफ्नो २५ वर्षे गुरुयोजनामा समेटेर अगाडि बढाएको नगर प्रमुख विष्टले बताए।

जिल्लाको भीमदत्त नगरपालिका अन्य नगरपालिका भन्दा जेठो नगरपालिका पनि हो। जेठो नगरपालिका भएका कारणले पनि नगरपालिका पूर्वाधारको क्षेत्रमा अगाडि बढ्दै गएको छ। नगरपालिकाले जनाएअनुसार बजार क्षेत्रको ढलनिकास, सहरीकरण, बजारीकरण लगायत कुरामा पालिकाले योजना बद्ध विभिन्न निर्माणकार्यलाई अगाडि बढाएको छ।

"नगरपालिकाले बजार क्षेत्रको आधुनिकतालाई जोड दिन सडक, सौर्यबत्ती, विद्यालय, स्मार्ट शौचालय, स्मार्ट पार्क, बालउद्यानलगायत ढलनिकास लगायतका कुरालाई बढीभन्दा बढी प्राथमिकता दिएको छ," नगर प्रमुख विष्टले भने, "अब बन्ने स्मार्ट सिटीका लागि आवश्यक केही पूर्वाधार निर्माण भइसकेको अवस्था छ भने केही पूर्वाधार निमार्णाधीन अवस्थामा रहेका छन्, निर्माण भएका ती पूर्वाधारले स्मार्ट सिटीलाई परिपूर्ति गर्न सहयोग गर्नेछ।" बजार क्षेत्रमा ढल व्यवस्थापनसहितको सडक विस्तार एवं अन्य पूर्वाधारका कार्यक्रम सञ्चालनमा छन्। बजार क्षेत्रमा बढ्दै गएको सहरीकरणलाई पनि सौन्दर्यकरण गर्नका लागि नगरपालिकाले आवश्यक नीति अवलम्बन गरेको उनले बताए।

यसैगरी सुदूरपश्चिम प्रदेशमा कञ्चनपुरको भीमदत्त नगरपालिका र डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका स्मार्ट सिटीका लागि छनोटमा परेका छन्। यीबाहेक झापाको गौरीगन्ज, रौतहटको चन्द्रपुर र मौलापुर, काभ्रेको उपत्यका, भक्तपुरको गुन्डु-बालकोट क्षेत्र, स्याङ्जाको वालिङ, रूपन्देहीको लुम्बिनी र धनकुटालाई स्मार्ट सिटी बनाउने निर्णय गरिएको छ। यसैगरी दाङको तुलसीपुर र दैलेखको दुल्लुलाई पनि स्मार्ट सिटी बनाउने निर्णय गरिएको छ। नगर प्रमुख विष्टले बढ्दो सहरीकरणमा सौन्दर्यकरण पनि जोडिने भएकाले सहरको स्वरुप पनि स्मार्ट बनाउनु पर्ने आवश्यकता हुने भन्दै नेपाल सरकारले अगाडि बढाएको कुराले खुसी तुल्याएको उनको भनाइ छ।

देशभरीका ११ अन्य स्थानमध्ये भीमदत्त नगरपालिकालाई पनि स्मार्ट सिटीका लागि १ अर्ब बजेट विनियोजित गरिएको अवस्था छ। "यसपटको बजेटमा स्मार्ट सिटीको पूर्वाधार विकासका लागि नगरपालिकालाई १ अर्ब बजेट प्राप्त भएको छ, उक्त बजेटमा नगरको सहरीकरणको क्षेत्रलाई स्मार्ट सिटीको रूपमा रूपान्तरण गर्नका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिनेछौं," उनले भने, "अहिलेको सहर भनेको विश्व बजारका सहरसँग प्रतिस्पर्धा गर्ने खालको हुनुपर्दछ, त्यसकारण हामीले पनि विश्वबजारको सहरसँग बराबरी गर्नुछ, सहरको सहरीकरणसँग सहरलाई विश्वबजारमा राम्रो, सुन्दर र शान्त सहरका रूपमा चिनाउनका लागि नागरपालिकाले अन्तर्राष्ट्रिय तवरको सहर विकास गर्ने कुरामा जोड दिनेछ।" भीमदत्त नगरपालिका छिमेकी मुलुक भारतीय क्षेत्रको सीमा क्षेत्रसँग पनि जोडिएको छ। नगर क्षेत्रको सहरलाई भारतीय क्षेत्रसँग जोड्नका निम्ति पनि स्मार्ट सिटी महेन्द्रनगर बजार क्षेत्रका लागि महत्वपूर्ण कुरा भएको प्रमुख विष्टले बताए।

स्मार्ट सिटी भएपछिको अवस्थामा भने २०१४ सालमा तत्कालिन राजा महेन्द्रले सुदूरपश्चिमको दार्चुला जिल्ला हुँदै अन्य जिल्लाको पैदलयात्रा गर्ने क्रममा तराईको महेन्द्रनगर क्षेत्रमा बजार बसाल्ने योजना बनाएपछि विस्तार भएको महेन्द्रनगर बजार क्षेत्र आधुनिक तथा स्मार्ट सुन्दर सहर बन्नेछ।


नेपाल सरकार

**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**

**भूमिगत जलस्रोत बिकास समिति**

शाखा कार्यालय बिराटनगर

**बोलपत्र स्वीकृति गर्ने ७ दिने आशयको सूचना**

प्रकाशित मिति २०७८/०१/२१

यस कार्यालयद्वारा मिति २०७७/१२/०६ मा नागरिक दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता भइ प्रस्ताब मूल्यांकन हुँदा तपशिलका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| बोलपत्र नं. | कामको विवरण | सफल बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ. कर समेत) |
|---|---|---|---|
| GWRDBB/NCB/01/2077-78 | Supply & Delivery of 2 HP Electric Water Pumps for Jhapa District. | Systems and Energies Pvt. Ltd. New Road Pokhara. | रु. ३४०३५००/- चौतीस लाख तीन हजार पाँच सय रुपैयाँ मात्र। |
| GWRDBB/NCB/02/2077-78 | Supply & Delivery of 2 HP Electric Water Pumps for Morang District. | Systems and Energies Pvt. Ltd. New Road Pokhara. | रु. ३७४३८५०/- सैतीस लाख त्रिचालीस हजार आठ सय पचास रुपैयाँ मात्र। |

**कार्यालय प्रमुख**



**सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड**

**CEDB Hydropower Development Company Limited**

त्रिपुरेश्वर, काठमाण्डौं । फोन नं. ०१-४१०११४०, ४२२२६०५ URL: www.chdc.com.np Email: chf@chf.com.np

**साधारण शेयरको सार्वजनिक निष्कासन तथा बिक्री बन्द बारेको सूचना**

यस सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रति शेयर अंकित मुल्य रु.१००।– दरका २५,१८,२३० कित्ता शेयर मध्ये (२% अर्थात् ५०,३६५ कित्ता शेयर कर्मचारीहरुलाई, ५% अर्थात् १,२५,९११ कित्ता शेयर सामूहिक लगानी कोषको लागि बाँडफाँड गरिएको) बाँकी २३,४१,९५४ कित्ता साधारण शेयरहरु मिति २०७८ वैशाख १७ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा मागभन्दा बढी आवेदन पर्न आएकोले **मिति २०७८/०१/२१ गते (बैंकिङ्ग समय पश्चात्)** उक्त शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **मिति २०७८/०१/२१ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुक, लगानीकर्ता आवेदकहरु, सम्पूर्ण संकलन केन्द्रहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**सनराइज क्यापिटल लिमिटेड**
**SUNRISE CAPITAL LTD.**
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)

पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं.: ४५२८५५०, ४५२८६६०
Email: info@sunrisecapital.com.np
Web: www.sunrisecapital.com.np

# गण्डकी प्रदेशसभाको विशेष अधिवेशन अझै अन्योलमा

दीननाथ बराल

पोखरा, २० वैशाख




वैशाख १५ गते स्थगित भएको गण्डकी प्रदेशसभाको विशेष अधिवेशन कहिले हुने अझै अन्योल छ। स्थगित भएको विषेश अधिवेशन बोलाउने विषयमा सोमबार संसद सचिवालयमा बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकले निर्णय गर्न नसक्दा अन्योल भएको हो।

सभामुख नेत्रनाथ अधिकारीले मंगलबार दलका नेताहरुलाई सर्वदलीय बैठकमा बोलाउने कार्यव्यवस्था परामर्श समितिमा सहमति भएको माओवादी केन्द्रका सांसद रामजी प्रसाद बराल जीवनले बताए। स्थगित भएको विषेश अधिवेशन बोलाउने विषयमा दलहरुबीच हुने छलफलले निर्णय गर्ने भएको उनले बताए। उनले भने, "संसदीय अभ्यासमा सबै लचक हुनुपर्छ, सधै संसद अरुद्ध गरेर हुँदैन। गल्तीबाटै पाठ सिकेर अघि बढ्नुपर्छ।"

नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक मायानाथ अधिकारीले सभामुखले गल्ती गरेकोले उनले संसदीय दलका नेताहरुलाई डाकेर बैठक बसेपछि त्यसबाट आएको निर्णयको आधारमा मात्र स्थगित भएको विषेश अधिवेशनको बारेमा टुंगो लाग्ने बताए। सभामुख अधिकारीले मंगलबार दिउँसो ३ं बजे संसद सचिवालयमा संसदीय दलका नेताहरुलाई बोलाएका छन्। सोमबार करिब ४ घण्टा चलेको कार्यव्यवस्था परामर्श समितिमा सत्ता पक्ष र प्रतिपक्षका धैरै कुरा आए पनि अन्ततः संसदीय दलका नेताबाट आएको निर्णय नै मान्य हुने गरी सहमति भएको हो।

सोमबारको बैठकमा आन्तरिक मामिला तथा कानुनमन्त्री रामशरण बस्नेतले मुख्यमन्त्री विरुद्धको अविश्वास प्रस्ताव छलफलमा गइसकेपछि सभामुखले प्रदेशसभा स्थगित गर्न नमिल्ने निर्णय गरेकोले त्यसको कानुनी आधार नदिएसम्म संसद चल्न नसक्ने चेतावनी दिएका थिए। बैठकमा विपक्षी दलहरु नेपाली कांग्रेसका कुमार खड्का, नेकपा माओवादी केन्द्रका रामजी बराल र जनता समाजवादी पार्टीका हरिशरण आचार्यले संसद सञ्चालन गर्नुपर्ने भनाइ राखेका थिए।

सभामुख नेत्रनाथ अधिकारीले भने राष्ट्रिय जनमोर्चाले आफ्नो सांसद खोजीका लागि निवेदन दिएकाले संसद स्थगित गर्नुपर्ने अवस्था रहेको बताएका थिए। प्रदेशका मुख्यमन्त्रीविरुद्ध संसदमा पेस अविश्वास प्रस्तावमाथि मतदान हुने दिनमै राष्ट्रिय जनमोर्चाका सांसद खिमविक्रम शाही सम्पर्क विहीन भएपछि १५ वैशाखमा सभामुखले संसद बैठक चलिरहेको अवस्थामा बीचमै २० मिनेटको लागि भन्दै स्थगित गरेका थिए।

# दुईवटा प्रदेशमा प्रमुख फेरिए

काठमाडौं, २० वैशाख (कास): राष्ट्रपति विद्यादेवी भण्डारीले गण्डकी प्रदेशको प्रदेश प्रमुखमा सीता पौडेल र सुदूरपश्चिमको प्रदेश प्रमुखमा गंगाप्रसाद यादवलाई नियुक्त गरेकी छन्। सोमबार राष्ट्रपति भण्डारीले मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १६३ को उपधारा (२) बमोजिम उनीहरूलाई प्रदेश प्रमुखमा नियुक्त गरेकी हुन्। यसअघि राष्ट्रपति भण्डारीले गण्डकीका प्रदेश प्रमुख अमिक शेरचन र सुदूरपश्चिमका प्रदेश प्रमुख शर्मिला कुमारी पन्तलाई पदमुक्त गरेकी थिइन्। नवनियुक्त प्रवेश प्रमुखले सोमबार नै राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन्।



# सरकार संवेदनशील छ, जनता पनि सचेत हुनुपर्‍यो : प्रधानमन्त्री

कारोबार संवाददाता

काठमाडौं, २० वैशाख



प्रधानमन्त्री केपी शर्मा ओलीले महामारीका कारण कसैले जीवन गुमाउनु नपरोस् भन्नेमा सरकार संवेदनशिल रहेको भन्दै संयम हुन सबैलाई अपिल गरेका छन्।

प्रधानमन्त्री ओलीले सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै नागरिकको जीवनरक्षा पहिलो दायित्व हो भन्नेमा सरकार दृढ रहेको र कोभिड १९ को दोश्रो लहरको रोकथाम, नियन्त्रण र उपचारमा केन्द्रीत रहेको बताएका हुन्। उनले भने, "कुनै पनि नागरिक स्वास्थ्य सुविधाबाट बञ्चित हुन नपरोस् र महामारीका कारण कसैले जीवन गुमाउनु नपरोस् भन्नेमा सरकार संवेदनशिल छ। नागरिकको जीवनरक्षा यस सरकारको पहिलो दायित्व हो भन्नेमा म पुनः जोड दिन चाहन्छु।"

विगतको भन्दा पछिल्लो संक्रमण निकै घातक भएको भन्दै उनले दोश्रो लहरको महामारीको रोकथाम र नियन्त्रणका लागि सरकारका सबै संयन्त्रहरु परिचालित भएको, संक्रमणको साङ्लो चुँडाउन निषेधाज्ञालाई केही कडाई गरिएको र यसलाई प्रभावकारी ढंगले लागु गर्न सबैबाट सहयोग हुने अपेक्षा सरकारले गरेको बताए। उनले सरकारले कोभिड १९ को दोश्रो लहर रोकथाम र नियन्त्रणका लागि जारी गरेको स्वास्थ्य मापदण्ड उलंघन गर्नेलाई कारवाही गरिने बताए। उनले सरकारले जारी गरेको बन्दाबन्दी वा निषेधाज्ञाका कारण कसैलाई भोकै मर्नुपर्ने अवस्था आउन नदिने आश्वासन दिए। सरकारले हर हालतमा आफ्नो दायित्व पुरा गर्ने भन्दै उनले धैर्य र संयम भई स्वास्थ्य मापदण्डहरु पालना गर्नुको साथै सरकारले जारी गरेका निर्देशन पालनामा सहयोग गर्न सबैलाई आग्रह गरे।

उनले भने, "निषेधाज्ञाका कारण कसैलाई पनि भोकै मर्न नदिनेमा सरकार सचेत रहनेछ। महामारी नियन्त्रण भएसँगै अर्थतन्त्र र रोजगारीका क्षेत्रलाई ध्वस्त हुन नदिन आवश्यक प्रबन्ध गरिने छ। महामारीको संक्रमण बढ्न नदिन सरकारले हर हालतमा आफ्नो दायित्व पूरा गर्छ। यसलाई प्रभावकारी बनाउन सरकारको साथै आम नागरिकको पनि उत्तिकै भूमिका हुन्छ। त्यसैले सरकारले जारी गरेका निर्देशन पालन गरी घरमै बसौं। धैर्य गरौ। संयमता अपनाउँ। सावधान होऔ तर आतंकित नबनौं।"

सबै सरकारी तथा निजी अस्पतालले आफूकहाँ उपलब्ध शैयामध्ये प्रयोग भएका र नभएका शैयाको दैनिक विवरण अध्यावधिक गरी सो को विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनुपर्ने प्रधानमन्त्रीले बताए। अस्पतालहरुले आपतकालिन समयमा बेड भएर पनि उपलब्ध नगराई लुकाएको पाईएमा सरकारले त्यस्ता अस्पताललाई कारवाही गर्ने उनले चेतावनी दिए। सरकारले ठूला अस्पताल र मेडिकल कलेजमा अक्सिजन प्लाण्टको स्थापना गर्ने भएको छ। प्रधानमन्त्रीले लिक्विड अक्सिजन निर्यात गर्नेलाई कडा कारवाही गरिने बताए। देशभरका अक्सिजन प्लाण्टबाट उत्पादित अक्सिजन हाललाई अस्पताल र उपचारको प्रयोजनका लागि मात्रै प्रयोग गर्ने गरि अन्य क्षेत्रमा आपूर्ति गर्न रोक लगाइएको पनि उनले जानकारी दिए। कोभिडको उपचारमा प्रयोग हुने एन्टीभाइरल र अन्य जीवनरक्षक औषधी प्रत्येक अस्पतालले मौज्दातमा राख्न पनि सरकारले निर्देशन दिएको छ।

पृष्ठ १ बाट जारी

**एक दशकमा...**

अर्थविद् नरबहादुर थापाका अनुसार बैकको चुक्तापुँजी चार गुणाले वृद्धि भएतापनि त्यसको तुलनामा व्यवसाय विस्तार हुन नसक्नु तथा पछिल्लो वर्ष कोरोनाका कारण पनि व्यवसायमा संकुचन आउनुका कारण बैंकहरुको प्रतिफलमा नकारात्मक असर परेको हो। तर, खराब समयमा पनि दोहोरो अंकको प्रतिफल उत्साहजनक रहेको र यसबाट बैंकिङ व्यवसाय बलियो छ भन्ने सन्देश दिने उनी बताउँछन्।

व्यवसाय विस्तारमा आक्रामक भएका केहि बैंकहरुको भने प्रतिफल वृद्धि भएको छ। सबैभन्दा बढी एनआइसी एशिया बैंकको प्रतिफलदर दोब्बरले वृद्धि भएको छ। २०७४ असारमा एनआइसी एशिया बैंकको रिटर्न अन इक्विटी १२.९२ प्रतिशत रहेकोमा २०७७ चैत मसान्तमा २३.२६ प्रतिशत पुगेको छ। यसैगरी प्रभु, सानिमा, राष्ट्रिय वाणिज्य, प्राइम, नेपाल बंगलादेश, एनएमबी, सिद्धार्थ, मेगा, कुमारी, सिटिजन्सलगायतका बैंकको प्रतिफलदर भने वृद्धि भएको छ।

नेपाल राष्ट्र बैंकले निक्षेपमा दिने र कर्जामा लिने ब्याजदरको अन्तर (स्प्रेड) घटाउनुका साथै बैंकको शुल्कहरुमा पनि कडाइ गर्दै आएको छ। यसैगरी विपन्न वर्ग, कृषि, उर्जालगायतका क्षेत्रमा अनिवार्य कर्जा लगानी गर्नुपर्ने प्रावधानका कारण पनि बैंकहरुको खर्च बढिरहेको छ। संघीयता कार्यान्वयनसँगै बैंकहरुले पालिकामा शाखा विस्तार गर्नुपर्ने प्रावधानका कारण पनि बैंकहरुको संचालन खर्च बढेको छ।

वाणिज्य बैंकहरुको पुँजी वृद्धिसँगै नाफा उच्च देखिए पनि लगानीकर्ताले पाउने प्रतिफल भने उत्साहजनक नभएको बैंकर गोविन्द गुरुङले बताए। "बैंकले यति नाफा गर्‍यो भनेर सबैको ध्यान खिच्छ," उनले भने, "तर बैंकका लगानीकर्ताले पाउने प्रतिफल अन्य व्यवसायको भन्दा कम हुँदै गएको छ।"

**हवाई...**

बिदामा आएर पुनः श्रम स्वीकृति लिने र नयाँ गरी हाल देशभर औषत ५०० भन्दा श्रमिकले रोजगारीका लागि विदेश जान श्रम स्वीकृति लिने गरेका छन्। सरकारले अनलाइनमार्फत श्रम स्वीकृति लिने व्यवस्था गरेपछि निषेधाज्ञामा समेत श्रम स्वीकृति लिन सकिने भएका कारण यो संख्या अझ बढ्ने देखिएको छ।

सरकारले अन्तर्राष्ट्रिय उडान रोक्ने तयारी गरेसँगै वैशाख २३ पछि श्रम गन्तव्यमा पुग्ने तयारी गरेर काठमाडौं आएका श्रमिकसमेत अलपत्र परेका छन्। श्रम गन्तव्यमा जाने तयारीमा काठमाडौं आएका उनीहरू उडान रोकिने निर्णय भएपछि गाउँ फर्कनसमेत पाएका छैनन्।

वैदेशिक रोजगार विभागका अनुसार, हाल औषत ३ सयदेखि ४ सय श्रमिक वैदेशिक रोजगारीमा जाने गरेका छन्। विभाग महानिर्देशक कृष्णप्रसाद दवाडीले चार्टडबाहेकका सबै उडान रोक्ने तयारी गरेका कारण वैदेशिक रोजगारीमा जाने श्रमिक रोकिने सम्भावना रहेको बताए। "श्रम स्वीकृति लिएर २३ गतेपछि जाने श्रमिकलाई कसरी श्रम गन्तव्यमा पठाउनेबारे मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रलायसँग छलफल गर्ने कुरा छ।" दवाडीले भने, "यसअघि औषत लगभग हजारको हाराहारीमा वैदेशिक रोजगारीमा जाने क्रम बढेको भए पनि हाल भने केही कमी आएको छ।"

नेपालको प्रमुख श्रम गन्तव्य कतार, साउदी अरब तथा यूएईले विदेशी श्रमिकको प्रवेशलाई रोक नलगाए पनि निश्चित समय क्वारेन्टाइनमा बसेपछि कार्यस्थलमा पठाउने जनाएका छन्। कतार सरकारले हालै सूचना सार्वजनिक गरी विदेशी श्रमिकको हकमा प्रवेशमा रोक नलगाएको तर ४८ घन्टाको पीसीआर नेगेटिभ रिपोर्ट र १४ दिन क्वारेन्टाइन बस्नैपर्ने निर्णय गरेको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ।

सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकको वैकल्पिक व्यवस्था नै नगरी अन्तर्राष्ट्रिय उडान रोक्ने निर्णय गरेपछि वैदेशिक रोजगार विभागले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल गरी निर्णय सार्वजनिक गर्ने जनाएको छ। मन्त्रालयले हालै सार्वजनिक गरेको प्रतिवेदनमा चालू आवको वैशाख १७ गतेसम्म १ लाख ३ हजार ३५ श्रमिक वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएको जनाएको छ। यसमध्ये बिदामा आएर पुनः श्रम स्वीकृति लिनेको संख्या ६१ हजार ३४२, संस्थागत तथा व्यक्तिगत ३८ हजार र वैधानिकीकरण ३ हजार ६४२ श्रमिकले श्रम स्वीकृति लिएका छन्।

पहिलो चरणको कारोना संक्रमणपछि भदौबाट लयमा फर्कँदै गरेको वैदेशिक रोजगारी कोरोना संक्रमण दोस्रो लहर बढेसँगै रोकिने संकेत देखिएको छ। चालू आवमा वैदेशिक रोजगारीबाट ३ लाख ८१ हजार ६०८ श्रमिक फर्किए पनि रोजगारीका लागि जाने भने १ लाख ३ हजारको हाराहारीमा मात्र छन्। सरकारले हवाई सेवा बन्द गरेपछि सातामा औषत १ हजार ५ को हाराहारीमा फर्कने नेपालीसमेत श्रम गन्तव्यमा नै रोकिने भएका छन्।

**श्रमिकको...**

स्थानीय सरकार सञ्चालन ऐनको दफा १३ बमोजिम स्थानीय तह वा नेपाल सरकार कानुन बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्न अधिकार प्रदान गरिएकोमा त्यो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा हाल लागू गरिए भन्दा कम नहुने गरी निर्धारण गर्नु पर्ने छ।

सरकारले हाल लागू गरेको न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कुनै रोजगार सम्झौता गर्न नपाइने जनाएको छ। यो परिश्रमिक वृद्धिसँगै यसअघि लागू गरिएको पारिश्रमिक स्वत रद्द भएको उल्लेख छ। रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी न्यूनतम पारिश्रमिक निर्धारण गरेको जनाएको छ।

**कोरोना...**

यार्साबाट मात्रै एक परिवारले तीन महिनाको अवधिमा ३ लाखदेखि ७ लाखजति आम्दानी हुन्छ। यार्सा तथा जडीबुटी संकलन नगरे भोकमरीको चपेटामा परिने गरेको उनको भनाइ छ।

कोरोनाको संक्रमणबाट बच्न गत वर्ष यार्सा संकलन गर्ने पाटनहरू बन्द गरिएका थिए। यार्सा संकलन गर्न बन्द गरिएको भए पनि संकलकहरूले लुकीछिपी यार्सा संकलन गरेका थिए। गत वर्ष जिल्ला विपद् व्यवस्थापन समितिले वन बन्द गर्न भनेकाले संकलन कार्यमा रोक लगाइएको भए पनि यस वर्ष संकलन कार्य रोक्ने नरोक्नेबारे कुनै जानकारी नआएको डिभिजन वन कार्यालय, बझाङका कार्यालय प्रमुख कर्ण बहादुर खातीले बताए।


## Shree Sarvajanik Secondary School
Galyang -1, Malunga Syangja, Nepal

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम प्रटक प्रकाशित मिति २०७८/०१/२१

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि नं. | कार्यक्रमको नाम | ठेक्का नं | बोलपत्रदाताको नाम | बोलपत्रदाताको कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | Construction of Academic Block 8 Rooms Building of Shree Sarbajanik Secondary School,Galyang-1, Malunga,Syangja | SC/SYA/2077-78/NCB-01 | Janahit Nirman Sewa,Pokhara-10,Kaski | 11,168004.13 |

*School Principal*

**INVITATION FOR SEALED QUOTATION**

## Sidingba Rural Municipality
**Office of the Rural Municipal Executive**
Sablakhu, Taplejung
IFQ No: SRM/TPJ/SQ/Goods-2077/078-03
1st Date of Publication: 2078/01/21 (4th May 2021)

1. The Sidingba Rural Municipality, Sablakhu, Taplejung invites only electronic sealed quotations from registered Suppliers for the supply and delivery of following Goods.

| Quotation ID No. | Name of Project | Estimated Cost without VAT | Bid Security Amount (NRs) | Bid Fee (NRs) |
|---|---|---|---|---|
| SRM/TPJ/SQ/Goods-2077/078-03 | Procurement of Drugs and Supportive Medical Device. | 6,00,000.00 | 18000.00 | 1000.00 |

2. Eligible Suppliers may obtain further information from the office of the Sidingba Rural Municipality, Sablakhu, Taplejung, Cont.no: 9852660153 and 9840170894 email: sidingbarmtpj@gmail.com or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. For purchasing & submission of bidding documents from PPMO's e-GP system *www.bolpatra.gov.np/egp*. ***Information to deposit the cost of bidding document in Bank:***
Name of the Bank: Laxmi Bank Limited, Sidingba Branch. Taplejung.
Name of Office : Sidingba Rural Municipality, office of the Rural Municipal Executive, Sablakhu, Taplejung.
Office Account no. : 09303000021 (Sidingba Ga.Pa.Aantrik Rajaswo Khata)
4. Sealed Bids must be submitted through www.bolpatra.gov.np, on or before 12:00 noon on 2078/02/05 (19 May 2021). Documents received after this deadline shall not be accepted
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2078/02/05 (19 May 2021) at the above office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by cash security or Bank Guaranty as in above table, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**Province Government**
**Ministry of Physical Infrastructure Development**
## Water Resources and Irrigation Development Sub Division, Solukhumbu
**Province no.1, Nepal**

**Invitation for Sealed Quotation**

**Date of first Publication : 2078/01/21**

1. The Water Resources and Irrigation Development Sub Division, Solukhumbu (WRIDSD) invites sealed quotations from registered Suppliers and Contractors for the supply and delivery of Machine Made Gabion boxes to WRIDSD, Solukhumbu.
2. Interested eligible Bidders may obtain further information and inspect the sealed quotation forms at the office of Water Resources and Irrigation Development Sub Division, Solukhumbu (WRIDSD) Tel No: 038-520114.
3. Sealed Quotation Form may be purchased by eligible bidders from the following offices on the submission of a written application and upon payment of a non-refundable fee of Rs.1000.00 along with the copies of the bidder's registration, VAT registration certificates, income tax clearance up to FY 2076/077,Self-declaration of eligibility for bidding upto the date 2078/02/04.
   - Water Resources and Irrigation Development Sub Division, Solukhumbu (WRIDSD) Tel No: 038-520114.
   - District Treasury Comptrollers' Office, Solukhumbu.
4. Sealed Quotations must be submitted to the Water Resources and Irrigation Development Sub Division, Solukhumbu (WRIDSD) on or before 12:00 Noon of the date 2078/02/05. Quotation received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of 45 days after opening of sealed quotations and must be accompanied cash voucher deposited in Revenue Account no. 1000200010000, (Province Treasury Unit), Revenue code. 14229 and office code. 3370309011 of Rastriya Banijya bank, Solukhumbu or Bank Guarantee from bank recognized by GON, which shall be valid for 75 days after opening of the Sealed Quotations.
6. Sealed Quotation shall be opened in the presence of Suppliers' representatives who choose to attend at 1:00 pm of the date 2078/02/05 at the office of Water Resources and Irrigation Development Sub Division Office, Solukhumbu.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In this case, the validity of period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The conditions, processes and procedures not mentioned in this notice shall be as per bidding documents, prevailing Public Procurement Act 2063, Public Procurement Regulation 2064, of Government of Nepal.

| S.N. | Sealed Quotation No. | Description of Work | Estimated Amount with VAT | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1. | SUPPLY/WRIDSD /01/2077-78 | Supply of machine made hexagonal heavy coated GI Gabion Boxes of mesh size 100 mm X 120 mm, Mesh Wire of 3 mm, Selvedge Wire of 3.9 mm and Tying or Lacing Wire of 2.64 mm to WRIDSD, Solukhumbu ( Box Size (2 m X 1 m X 1 m)) | 1,456,965.00 | 40,000.00 | |

**Sub Division Chief**

# स्थानीय प्रशासनसँग समन्वय गरेर विकास बैंकर्स संघले सेवा दिने

दर्ता नं. १६७/०६२/०६३
डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल
Development Bankers Association Nepal

काठमाडौं, २० वैशाख (कास): विकास बैंकहरूको छाता संगठन नेपाल बैंकर्स एसोसिएसनले सदस्य बैंकहरूले विभिन्न जिल्लामा जारी भएको निषेधाज्ञा पालना गर्दै सुरक्षित रुपमा बैंकिङ सेवा प्रदान गर्ने निर्णय गरेको छ। कोभिड नियन्त्रणका लागि विभिन्न जिल्लामा जारी निषेधाज्ञाले बैंक तथा वित्तीय संस्थाहरूलाई सेवा प्रदान गर्न चुनौती थपेको संघले जनाएको छ।

संघले नेपाल राष्ट्र बैंकले २०७८ वैशाख १९ गतेको सूचनाअनुसर नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको अक्षरस पालना गर्ने र कर्मचारी तथा ग्राहकहरूको स्वास्थ्यलाई उच्च प्राथमिकता दिई कोभिडको असर पर्न नदिन सम्भव भएसम्मका उपायहरूको अवलम्बन गर्ने संघले जनाएको छ । निषेधाज्ञा जारी भएका स्थानमा राष्ट्र बैंकले दिएको निर्देशनअनुसार सेवा प्रदान गर्नका लागि प्रत्येक सदस्य बैंकले योजना बनाउने, खुल्ने शाखा/वैकल्पिक शाखाहरूको सूची र बैंकिङ समयसमेत उल्लेख गरी प्रत्येक दिन बैंकको वेवसाइट र शाखाका मूल ढोकामा प्रकाशित निर्णय एसोसिएसनले गरेको छ।

स्थानीय प्रशासनले बैंकिङ सेवासमेत प्रवाह गर्न रोक लगाएको वा वैकल्पिक व्यवस्था गरेको भएमा सोही तथा स्थानीय प्रशासन र अन्य निकायहरूसँग आवश्यक समन्वयको व्यवस्था निर्णय भएको डेभलप्मेन्ट बैंकर्स एसोसिएसनले जनाएको छ।

बैंकले प्रधान कार्यालयमा र शाखाहरूमा ग्राहकबाट लिइने जानकारी प्रदान गर्ने र समन्वय गर्नका लागि सम्पर्क व्यक्ति तोक्ने र सम्पर्क व्यक्तिको फोन नम्बर र इमेल बैंकको वेवसाइटमा प्रकाशित गर्ने तथा प्रधान कार्यालयमा दुईजना वरिष्ठ पदाधिकारीहरूलाई सम्पर्क व्यक्ति तोकी उक्त उनीहरूको सम्पर्क नम्बर र इमेल एसोसियसनको सचिवालयलाई उपलब्ध गराउने निर्णय गरेको छ।

## नेशनल लाइफको सीईओमा खत्री नियुक्त

काठमाडौं, २० वैशाख (कास): नेशनल लाइफ इन्स्योरेन्सको सीइओमा सुरेशप्रसाद खत्री नियुक्त भएका छन् । उनलाई कम्पनीको सञ्चालक समितिको बैठकले आगामी ४ वर्षका लागि सीइओमा नियुक्त गरेको हो । खत्री यसअघि कम्पनीमा कायम मुकायम कार्यकारी प्रमुख थिए । नियुक्तीको प्रस्ताव र सोको स्वीकृतीका लागि कम्पनीले बिमा समितिमा पठाएको कम्पनीले जानकारी दिएको छ।

## कर बुझाउने म्याद थप्न माग

काठमाडौं, २० वैशाख (कास): नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालले कर बुझाउने मयाद थप गर्न सरकारलाई अनुरोध गरेको छ।

कोरोना बढदो क्रममा रहेको सन्दर्भमा आम जनताको सुरक्षाको लागि राजधानीमा निषेधाज्ञा लागु गरेकोले व्यवसायीहरुले कर रकम बुझाउन सक्ने अवस्था नरहेकाले म्याद थप गर्न नाडाले आग्रह गरेको छ । वैशाख २५ गतेसम्म कर बुझाउनु पर्ने म्याद सरकारले निषेधाज्ञा हटाएसँगै एक हप्तासम्म कर तथा अन्य आवश्यक कागजातहरु बुझाउन सकिने व्यवस्था मिलाउन नाडाले सरकारको ध्यानाकर्षण गराएको हो । सम्पूर्ण अटोमोबाइल व्यवसायीहरूले आफ्ना वर्कसपमा रहेका अक्सिजन सिलिण्डरहरू अक्सिजन निर्माण उद्योगहरु मै बुझाउन पनि नाडाले आग्रह गरेको छ।

## प्रधानमन्त्रीको नयाँ खाता नेपाल बैंकमा



काठमाडौं, २० वैशाख (कास): चौथो राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले नागरिक एपको शुभारम्भ गर्दै एपमार्फत नेपाल बैंकमा अनलाइमार्फत आफ्नो खाता खोलेका छन्

नागरिक एपबाट प्यान कार्ड, प्रहरी रिपोर्ट, मालपोत, शैक्षिक प्रमाणपत्र, नागरिकता, पासपोर्ट एवं मतदाता कार्ड सहितका विवरण समावेश गरिएको छ । नागरिक एपमा रहेको क्यूआर कोड प्रयोग गरी अनलाइनबाट बैंक खाता, लोक सेवा फाराम भर्न, सीमकार्ड खरिदका साथै पहिचान आवश्यक पर्ने सबै स्थानमा उपयोगी हुने बैंकले जनाएको छ।

## ग्रिन बुटीको म्याट्रेस किन्न मेगा बैंकको किस्ता सुविधा



काठमाडौं, २० वैशाख (कास): मेगा बैंक नेपालले आफ्ना क्रेडिट कार्डका ग्राहकहरूलाई ग्रिन बुटी ब्राण्डका म्याट्रेस खरिद गर्न किस्ताबन्दी सुविधा ल्याएको छ । आईबोस ग्लोबल लाइफ इन्टरनेशनलसँग भएको सम्झौताअनुसार मेगा बैंकले किस्ताबन्दीमा म्याट्रेस खरिद गर्ने सुविधा ल्याएको हो।

ग्राहकहरुले भौतिक रूपमा तथा आईबोस लाइफ डटकमबाट पनि म्याट्रेस खरिद गर्न सक्नेछन् । यसरी किस्ताबन्दीमा खरिद गरेबापत बैंकको ब्याज निःशुल्क गरिएको छ भने कुल मूल्यको शतप्रतिशतसम्म फाइनान्सिङको सुविधा उपलब्ध गरिएको कम्पनीले जनाएको छ।

आईबोस ग्लोबल लाइफ इन्टरनेशनल उत्कृष्ट म्याट्रेस उत्पादन गरिरहेको नेपाली कम्पनी हो । आईबोसले ग्रीन बुटी ब्राण्डका ८० हजारदेखि डेढ लाख रुपैयाँसम्मका म्याट्रेस उत्पादन गरिरहेको छ।

ग्राहकलाई छ महिना तथा एक वर्ष गरी दुई वटा किस्ताबन्दीको सुविधा दिएको बैंकले जनाएको छ।

## अपी पावरलाई हकप्रद सेयर जारी गर्न अनुमति

काठमाडौं, २० वैशाख (कास): अपी पावर कम्पनीले हकप्रदन निष्कासन अनुमति पाएको छ। नेपाल धितोपत्र बोर्ड कम्पनीलाई वैशाख १९ गते कम्पनीलाई १:०.२९३८ प्रतिशतको अनुपातमा हकप्रद निष्कासन गर्ने अनुमति दिएको हो।

कम्पनीले २०७७ फागुन ९ गते हकप्रद सेयर जारी गर्ने अनुमति माग गर्दै नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको थियो। प्रतिकत्ता १०० रुपैयाँ अकित मुल्यमा हाल कायम चुक्ता पुँजीको ०.२९३९ प्रतिशतले हुन आउन ५६ करोड ७० लाख रुपैयाँ बराबरको ५६ लाख ७० हजार कित्ता हकप्रद सेयर जारी गर्ने अनुमति मागेको थियो। कम्पनीले हकप्रद सेयर जारी गर्न बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरेको छ।

## कोकाकोलाको 'स्टप द स्प्रेड' अभियान

काठमाडौं, २० वैशाख (कास): कोरोना भाइरसको महामारी नियन्त्रणका लागि कोकाकोलाले २४ करोड रूपैयाँ प्रदान गरेको छ । नेपालमा कोका-कोलाले खोप अभियानमा समुदायलाई सहयोग गरी सुरक्षा सामग्री प्रदान गर्ने जनाएको छ । यस्तै कम्पनीले खोप तथा स्वच्छता अभ्यासलाई प्रवर्द्धन गर्न देशभर जागरूकता फैलाउने प्रयास गर्नेसमेत जनाएको छ।

कोभिड १९ को महामारीको रोकथामको समर्थनमा कोका-कोलाकम्पनीले विश्वव्यापी रुपमा एक विशेष 'स्टप द स्प्रेड' कोषको सिर्जना गरेको छ । यो कोषले खोप वितरण गर्न, कोभिड सुरक्षा किट प्रदान गर्न र खोप र स्यानिटरी प्राक्टिसेजको जागरूकता सिर्जना गरी महामारी नियन्त्रणमा सहजीकरण गर्ने जनाएको छ।

## टाटा मोटर्सको विशेष छुट अफर

काठमाडौं, २० वैशाख (कास): नेपालका लागि टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङ्गले कोरोना भाइरस महामारीविरुद्ध अग्रपंक्तिमा कार्यरत व्यक्तिका लागि विशेष योजना सार्वजनिक गरेको छ । यस प्रतिकुल परिस्थितिमा निरन्तर सेवा पुऱ्याउने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, बैंक तथा वित्तीय संस्थाका कर्मचारीलगायत यस महामारीमा अग्रपंक्तिमा रहेर सेवा पुऱ्याउने सम्पूर्ण व्यक्ति यो योजनामा सहभागी हुन सक्ने कम्पनीले जनाएको छ।

योजना अनुसार कम्पनीको पूर्वनिर्धारित सुविधाबाहेक थप सुविधा प्राप्त गर्न सक्ने जनाइएको छ । जसमा एक लाख ५० हजार विशेष छुटका साथै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, बैंक तथा वित्तीय संस्थाका कर्मचारीलाई थप ५० हजार नगद छुट, टाटा गाडीसँग जुनसुकै गाडी साट्दा ५० हजार एक्सचेन्ज वोनस र टाटाको गाडीसँग टाटाको गाडी साट्दा रोयल्टी वोनसस्वरुप ३० हजार प्राप्त गर्ने कम्पनीले जनाएको छ।

# पर्यटन सेवा प्रदायक संस्था धरासायी

**सन्देश पौडेल**
लमजुङ, २० वैशाख

TREKKING AGENCIES' ASSOCIATION NEPAL

कोरोना महामारीको प्रभावले पर्यटन व्यवसायीसँगै पर्यटन सम्बन्धी सेवा प्रदायक संस्थाहरु पनि संकटमा परेका छन् । कोरोना प्रभावसँगै पर्यटकहरुको आगमन कमी हुन थालेपछि पर्यटन सेवा प्रदायक संस्थाहरु संकटमा पर्दै आएका हुन्।

लमजुङमा अन्नपूर्ण संरक्षण क्षेत्र एक्याप र ट्रेकिङ एजेन्सी एशोसिएसन नेपालले पर्यटन सम्बन्धी सेवा प्रवाह गर्दै आएका छन् । तर अघिल्लो वर्षेदेखि यी दुवै संस्थाको सेवा प्रवाह खस्कँदै गएको छ।

जिल्लाका विभिन्न स्थानमा पर्यटक जाँच केन्द्र एक्याप र टानले पर्यटकहरुको आगमन कमी भएसँगै आफ्नो कार्यालयनै विस्थापित भएका छन् । एक्यापले जिल्लाको मर्स्याङ्दी गाउँपालिका-९, खुदी र घलेगाउँको पर्यटक चेक पोष्ट कार्यालय बन्द गरेको छ भने टानले सदरमुकाम बेसीशहरमा स्थापना गरेको पर्यटक सूचना व्यवस्था प्रणाली टिम्सको कार्यालय बन्द गरेको हो।

एक्यापले जिल्लाको दुईवटा कार्यालय बन्द गरी इलाका कार्यालय भुजुङ र सदरमुकाम बेसीशहरमा मात्रै कार्यालय सञ्चालन गरेको छ भने टानको एकमात्र कार्यालय पूर्णरुपमा बन्द भएको छ।

पर्यटक आगमन कमी भएसँगै बन्द भएको टिम्सको कार्यालय पर्यटकीय गतिविधि पुनः सञ्चालन नभएसम्म सञ्चालन गर्न नसकिने टान पश्चिमाञ्चल अध्यक्ष सुशीलराज पौडेलले बताए । पर्यटन सेवा प्रवाहका लागि नेपाल सरकारबाट आधिकारिक मान्यता पाएर काम कारवाही गर्दै आएको टानले नेपाल सरकारले पुन जिम्मेवारी नदिएसम्म काम कारवाही अघि बढाउन नसकिने अध्यक्ष पौडेलको भनाइ छ।

जिल्लामा टानले टिम्समार्फत विश्वप्रसिद्ध अन्नपूर्ण पदमार्ग र अन्य जिल्ला भित्रिएका र जिल्लाबाट बाहिरिने पदयात्री पर्यटकहरुको सूचना तथा तथ्यांक संकलन गर्दै आएको थियो । यता एक्यापले भने अन्नपूर्ण संरक्षण क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई अनुमति दिने र उनीहरुको तथ्यांक राख्दै आएको थियो।

टान र एक्याप दुवै संस्थाले संस्थाको प्रावधान बमोजिम पर्यटकहरुबाट शुल्क उठाएर सरकारलाई राजस्व बुझाउने सोही रकमको केही हिस्साबाट कार्यालय व्यवस्थापन गर्दै आएका थिए। पर्यटक आगमन ठप्प भएसँगै दुवै संस्थाहरुको नियमित आर्थिक संकलन कार्यपनि रोकिनुका साथै कार्यालय र कर्मचारी व्यवस्थापनमा पनि समस्या भएको छ । कार्यालय विस्थापित भएसँगै केही कर्मचारीहरुको रोजगारी समेत गुमेको छ।

हाल एक्यापले सदरमुकाम बेसीशहरको कार्यालयबाट साविक जस्तै पर्यटकहरुलाई अनुमति पत्र प्रदान गर्दै आएको छ । बेसीशहरस्थित टिम्सको कार्यालय विस्थापित भएपछि अन्नपूर्ण पदमार्ग अन्तर्गत मनाङमा मात्रै पर्यटक जाँच हुने गरेको छ।

---

MBK JCL ESTD. 2010
# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
## Madhya Bhotekoshi Jalavidyut Company Limited

का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४७२१६४१, ४७२१६४२ फ्याक्स नं. ०१-४७२१६४३,
इमेल: admin@mbjcl.com.np वेबसाइट: www.mbjcl.com.np

**सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित क्षेत्र {भोटेकोशी गाउँपालिका वडा नं. १ र ५ (साविक लिस्ती गा.वि.स. र साविक मार्मिङ गा.वि.स.), बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.) र बाह्रबिसे नगरपालिका वडा नं. ७ र ८ (साविक घुम्थाङ्ग गा.वि.स. र साविक मानेश्वरा गा.वि.स.)} मा बसोबास गर्ने बासिन्दाहरु र आयोजनाबाट माथि उल्लेखित प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाका अन्य क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुको निमित्त जारी गरिएको**

## शेयरको निष्कासन तथा बिक्री खुल्ला बारेको सूचना

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको प्रति शेयर अंकित मूल्य रु.१००/– दरका ६०,००,००० कित्ता शेयर मध्ये **सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित क्षेत्र {भोटेकोशी गाउँपालिका वडा नं. १ र ५ (साविक लिस्ती गा.वि.स. र साविक मार्मिङ गा.वि.स.), बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.) र बाह्रबिसे नगरपालिका वडा नं. ७ र ८ (साविक घुम्थाङ्ग गा.वि.स. र साविक मानेश्वरा गा.वि.स.)} मा बसोबास गर्ने बासिन्दाहरुको लागि ३०% ले हुन आउने १८,००,००० (अक्षरेपी अठार लाख मात्र)** कित्ता **शेयर र माथि उल्लेखित आयोजनाबाट प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुको लागि ७०% ले हुन आउने ४२,००,००० (अक्षरेपी बयालीस लाख मात्र)** कित्ता शेयर **आज मिति २०७८ बैशाख २१ गतेदेखि** निष्कासन तथा बिक्री खुल्ला गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

**(क) सिन्धुपाल्चोक जिल्लाबाट जारी भएको नागरिकता प्रमाणपत्र लिने आवेदकको हकमा:**

१. आयोजना प्रभावित क्षेत्रको बासिन्दा भएको प्रमाणित हुने नागरिकता प्रमाणपत्रको प्रतिलिपि (प्रतिलिपिमा स्वयम्ले दस्तखत गरेको हुनुपर्ने) ।
२. नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र तथा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**(ख) अन्य जिल्लाबाट स्थानिय बासिन्दाको रुपमा आयोजना प्रभावित क्षेत्र/सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने आवेदकको हकमा:**

१. अन्य जिल्लाबाट सिन्धुपाल्चोक जिल्लामा विवाह सम्बन्ध कायम भै आउने महिलाको हकमा निजको नागरिकता प्रमाणपत्र र बिबाह दर्ता प्रमाणपत्रको प्रतिलिपि (बिबाह दर्ता प्रमाणपत्रमा निजको पति सिन्धुपाल्चोक जिल्लाको बासिन्दा रहेको व्यहोरा खुल्नुपर्ने वा निजको पतिले सिन्धुपाल्चोक जिल्लाबाट लिएको नागरिकता नम्बर उल्लेख भएको हुनुपर्ने) ।
२. अन्य जिल्लाबाट सिन्धुपाल्चोक जिल्लामा बसाई सराई गरी आउनेको हकमा आह्वानपत्र प्रकाशन (आह्वानपत्र प्रकाशन भएको मिति २०७८/०१/१३ गते) हुनुभन्दा अगावै बसाई सराई गरी आएको प्रमाण खुल्ने स्थानिय तहले लेखेको पत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र तथा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**दरखास्त दिन पाउने न्यूनतम् : ५० कित्ता    दरखास्त दिन पाउने अधिकतम् : ४०० कित्ता**

| सि.नं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ । देहाय अनुसारका सह-निष्कासन तथा बिक्री प्रबन्धकहरु मार्फत पनि विवरणपत्र प्राप्त गर्न वा हेर्न सकिने व्यवस्था गरिएको छ : |

| सि.नं. | नाम, ठेगाना |
|---|---|
| १ | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ |
| २ | सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाण्डौ |
| ३ | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौ |
| ४ | सिविआईएल क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौ |
| ५ | सानिमा क्यापिटल लिमिटेड, पुतलीसडक काठमाण्डौ |
| ६ | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ । |

साथै निष्कासन तथा बिक्री प्रबन्धकको वेभसाइट www.globalimecapital.com, सह निष्कासन तथा बिक्री प्रबन्धकहरुको वेभसाइट क्रमशः www.prabhucapital.com, www.civilcapitalmarket.com, www.laxmicapital.com.np, www.cbilcapital.com, www.sanima.capital, www.niblcapital.com तथा निष्कासनकर्ता कम्पनीको वेभसाइट www.mbjcl.com.np एंवम नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त फारम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउन सकिने स्थानहरु :**

| क्र.सं. | संकलन केन्द्रहरु | सम्पर्क ब्यक्ति | फोन नं. |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा.-५, चौतारा । | नबिन श्रेष्ठ | ९८४१५१६७६१ |
| २. | ग्लोबल आइएमई बैंक लिमिटेड, बाह्रबिसे न.पा. -९, बाह्रबिसे । | उज्वल पोखरेल | ९८५११२११२१ |
| ३. | लक्ष्मी बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा.-५, चौतारा । | पवन सापकोटा | ०११-६२०४०४ |
| ४. | लक्ष्मी बैंक लिमिटेड, लिसंखुपाखर गा.पा.-७, ठूलोपाखर । | अनिल कुमार बडाल | १६२२०७४४ |
| ५. | लक्ष्मी बैंक लिमिटेड, सुनकोशी गा.पा.-७, खाडीचौर बजार । | सुजन कार्की | ०११-४८२१५८ |
| ६. | लक्ष्मी बैंक लिमिटेड, मेलम्ची न.पा.-११, मेलम्ची । | राजेश गिरी/लक्ष्मण दुलाल | ०११-४०१०८५ |
| ७. | मेगा बैंक नेपाल लिमिटेड, चौतारा साँगाचोकगढी न.पा.-६, चौतारा । | रामकृष्ण पराजुली | ९८४१६२६३८७ |
| ८. | मेगा बैंक नेपाल लिमिटेड, हेलम्बु गा.पा.-२, हेलम्बु । | गोपाल न्यौपाने | ९८४१७९१९५५ |
| ९. | मेगा बैंक नेपाल लिमिटेड, इन्द्रावती गा.पा.-४, इन्द्रावती । | राजन श्रेष्ठ | ९८८६५०६०६६ |
| १०. | मेगा बैंक नेपाल लिमिटेड, पाँचपोखरी थनपाल गा.पा.-६, पाँचपोखरी । | चतुर प्रसाद भट्टराई | ९८५१२४८६९७ |
| ११. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., बाह्रबिसे न.पा.-६, बाह्रबिसे । | मोहन के.सी. | ९८५१०१०७६२ |
| १२. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., चौतारा साँगाचोकगढी न.पा.-८, चौतारा । | सम्पूर्ण गिरी | ९८५११५५८८६ |
| १३. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., जुगल गा.पा.-५, जुगल । | सकेट सत्याल | ९८४१४६६३३६ |
| १४. | सिन्धु विकास बैंक लिमिटेड, बाह्रबिसे न.पा.-८, बाह्रबिसे । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| १५. | सिन्धु विकास बैंक लिमिटेड, बलेफी गा.पा.-७, खाडीचौर । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| १६. | सिन्धु विकास बैंक लिमिटेड, बलेफी गा.पा.-१, जलवीरे । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| १७. | सिन्धु विकास बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा.-१०, सुकुटे । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| १८. | सिन्धु विकास बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा.-५, चौतारा । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| १९. | सिन्धु विकास बैंक लिमिटेड, मेलम्ची न.पा.-११, मेलम्ची । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| २०. | सिन्धु विकास बैंक लिमिटेड, सुनकोशी गा.पा.-१, ठोकर्पा । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| २१. | सिन्धु विकास बैंक लिमिटेड, लिसखुंपाखर गा.पा.-५, मुड, । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| २२. | सिन्धु विकास बैंक लिमिटेड, लिसखुंपाखर गा.पा.-५, सिलढुंगा । | जीवन श्रेष्ठ | ९८५१२१७७०० |
| २३. | नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, त्रिपुरासुन्दरी गा.पा.-४, पिसकर । | दिपेश लामिछाने | ९८४१०१६३५२ |
| २४. | सिभिल बैंक लिमिटेड, मेलम्ची न.पा.-११, मेलम्ची । | सबिन ढकाल | ९८४९१५५९१६ |
| २५. | सिभिल बैंक लिमिटेड, बाह्रबिसे न.पा.-४, बाह्रबिसे । | पुस्कर जि.सि. | ९८४१७३८८०५ |
| २६. | प्रभु बैंक लिमिटेड, बाह्रबिसे न.पा.-९, बाह्रबिसे । | ज्योति विश्वास | ९८४१९५६२५४ |
| २७. | नेपाल बंगलादेश बैंक लिमिटेड, भोटेकोशी गा.पा.-४, तातोपानी । | राजु कार्की | ९८५११३६७०२ |
| २८. | नेपाल बंगलादेश बैंक लिमिटेड, बाह्रबिसे न.पा.-९ बाह्रबिसे । | श्री कृष्ण पौडेल | ९८५११६१५१० |
| २९. | कुमारी बैंक लिमिटेड, मेलम्ची न.पा.-११, मेलम्ची । | बिनोद भक्त श्रेष्ठ | ९८५१००७०३५ |
| ३०. | कुमारी बैंक लिमिटेड, बलेफी गा.पा.-१, जलवीरे । | कृष्ण सापकोटा | ९८६०४२०६७० |
| ३१. | कुमारी बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा.-१०, चौतारा । | सरस्वती शाही श्रेष्ठ | ९८४१९४३७५१ |
| ३२. | बैंक अफ काठमाण्डू लिमिटेड, भोटेकोशी गा.पा.-३, तातोपानी । | बिनोद श्रेष्ठ | ९८४३६४८७२३ |
| ३३. | एनआईसी एसिया बैंक लिमिटेड बलेफी, गा.पा.-७, खाडीचौर । | उषा तामाङ | ९८४९०६०९३० |
| ३४. | एनआईसी एसिया बैंक लिमिटेड बलेफी, गा.पा.-५, बलेफी बजार । | रोशन थापा | ९८४१८२६९८२ |
| ३५. | माछापुच्छ्रे बैंक लिमिटेड, भोटेकोशी गा.पा.-४, तातोपानी । | शुशिल कुमार श्रेष्ठ | ९८५११५५१९५ |
| ३६. | महालक्ष्मी विकास बैंक लिमिटेड, बलेफी गा.पा. -६, खाडीचौर | कविता पौडेल | ९८४११७६६४८ |

(ख) ***काठमाण्डौ उपत्यकाभित्र** :

| क्र.सं. | संकलन केन्द्रको नाम, ठेगाना | सम्पर्क ब्यक्ती | फोन नं. |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौं । | विजेता शाक्य | ४५४५६४९ |
| २. | एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ । | समिक्षा नेपाल | ४४२५२८० |
| ३. | प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौ । | बासु थपलिया | ४२२२९८७ |
| ४. | सानिमा क्यापिटल लि., पुतलीसडक, काठमाण्डौ । | रश्मी रिजाल | ४२२९१२४ |
| ५. | लक्ष्मी क्यापिटल मार्केट लि., नयाँ बानेश्वर, काठमाण्डौ । | ईसा श्रेष्ठ | ४७८०२२२ |
| ६. | सिभिल क्यापिटल मार्केट लि., सुन्धारा, काठमाण्डौ । | मणि राज काफ्ले | ९८४१३६१८७५ |
| ७. | सिविआइएल क्यापिटल लि., डिल्लीबजार, काठमाण्डौ । | शान्ति पुडासैनी | ९८४११९०७०० |

*उपरोक्त संकलन केन्द्रहरुमा चेकमात्र बुझिलिने व्यवस्था गरिएको छ ।

**शेयर निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७८ जेठ ०४ गते (बैकिङ्ग समय पश्चात्) ।**
**शेयर निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७८ जेठ २० गते (बैकिङ्ग समय पश्चात्) ।**

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७३/७४ | आ.व.०७४/७५ | आ.व.०७५/७६ | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | आ.व.०७९/८० |
| प्रति शेयर नेटवर्थ (रु.)* | ९६.१० | ९५.८२ | ९५.६१ | ९४.३९ | १००.७९ | ११५.८६ | १३७.२२ |
| प्रति शेयर आम्दानी (रु.) | (०.७३) | (०.५२) | (१.१३) | (१.२२) | ५.०० | १५.०७ | २१.३६ |
| सञ्चित मुनाफा/(नोक्सान) (रु. हजारमा) | (२१,०२३) | (१५,९५६) | (५१,०५८) | (५५,०३१) | २९९,८२० | ९०४,३९४ | १,२८१,४११ |

***नोट:** नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार आ.व. २०७४।७५ देखि लेखा राखी आयोजना तथा कम्पनीको केन्द्रीय कार्यालयमा भएको ह्रास खर्च सहितको प्रशासनिक खर्च समेत खर्च भएको वर्षमानै खर्च लेखाङ्कन गरिएकोले प्रति शेयर नेटवर्थ बार्षिक रुपमा माथि उल्लेख गरे अनुरुप रहेको छ ।

**प्रति मेगावाट लागत सम्बन्धी विवरण:**
कम्पनीको प्रक्षेपित वित्तीय विवरण अनुसार निर्माण अवधिको ब्याजसहित प्रति मेगावाट लागत रू.१६,६४,०४,१०१।- तथा कुल लागत रू.१६,९७,३२,१८,२५६।- रहेको छ ।

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:**
इजाजतपत्र वहाल रहने अवधि मिति २०७०।०८।१८ देखि २१०५।०८।१७ सम्म जम्मा ३५ वर्ष रहेकोमा हाल २७ वर्ष ७ महिना रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:**
साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.७० वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.४८ बर्ष रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ नेपाल लि. कमलादी, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७७/०८/१८ गते "[CARE-NP BB (Is) Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो ग्रेडिङ्ग को बैद्यता अबधि एक बर्ष रहने छ । केयर रेटिङ नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । "CARE-NP BBB (IS) देखि CARE-NP BB (IS) ले औसत आधारहरु जनाउँदछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउदछ । दिईने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।
इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :२०७७/०८/१८ (तदनुसार डिसेम्बर ०३, २०२०)    बहाल रहने अवधि २०७८/०८/१७ (तदनुसार डिसेम्बर ०२, २०२१)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्कासनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्कासनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो ।**

यस निष्कासन सम्वन्धी विस्तृत जानकारीको लागि **मिति २०७८ बैशाख १३ गतेको "अन्नपूर्ण पोष्ट"** दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्कासन कम्पनीको वेभसाईट www.mbjcl.com.np अथवा निष्कासन तथा बिक्री प्रवन्धकको वेभसाइट www.globalimecapital.com अथवा सह-निष्कासन तथा बिक्री प्रवन्धकहरुको वेभसाइटमा हेर्नुहुन अनुरोध गर्दछौं ।

**नोट: स्थानीय बासिन्दाहरुको लागि बिक्री वितरण गरिएको शेयरहरु सर्वसाधारणलाई निष्कासन गरेको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:
Global IME Capital Limited
GROW WITH US
**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन: ४५४५६४९/५०, फ्याक्स: ४५४५७०२
इमेल: info@globalimecapital.com, वेबसाइट: www.globalimecapital.com

सह-निष्कासन तथा बिक्री प्रवन्धकहरु:
NIBL ACE CAPITAL — **एनआईबिएल एस क्यापिटल लि.**
**प्रभु क्यापिटल लिमिटेड**
Laxmi Capital Market Limited — **लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**
**सिभिल क्यापिटल मार्केट लिमिटेड**
SanimaCapital — **सानिमा क्यापिटल लिमिटेड**
CBIL Capital Ltd. — **सि बि आइ एल क्यापिटल लिमिटेड**

# निषेधाज्ञामा अत्यावश्यक वस्तुको आपूर्ति

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढ्दै गएपछि सरकारले वैशाख १६ गतेदेखि उपत्यकामा निषेधाज्ञा गरेको छ । सरकारले अत्यावश्यक वस्तुको मौज्दात रहेकाले बजारमा अभाव नहुने बताएको छ । निषेधाज्ञा गरेसँगै बजारमा दैनिक उपभोग्य वस्तुको किनमेल गर्ने उपभोक्ताको भीडभाड लाग्ने गरेको छ । निषेधाज्ञा लामो समयसम्म हुन सक्ने हुँदा बजारमा अभाव हुनसक्ने भन्दै सामान मौज्दात गरेर राख्न थालेका छन् । निषेधाज्ञा गरेसँगै अत्यावश्यक वस्तुका पसल बिहान १० बजेसम्म र बेलुका ५ देखि ७ बजेसम्म खोल्न पाइने व्यवस्था छ, जसका कारणले गर्दा पनि अधिकांश पसलमा सामान खरिद गर्ने उपभोक्ताको भीडभाड लाग्ने गरेको छ । बजारमा कृत्रिम अभाव गराएर अत्यावश्यक वस्तुमा व्यवसायीले मूल्य बढाएका छन् । विशेषगरी मास्क, स्यानिटाइजर, खाद्यान्नमा व्यवसायीले मूल्य बढाउँदा उपभोक्तालाई असर परेको छ । निषेधाज्ञाको बेला बजारमा हुनसक्ने कृत्रिम अभाव, कालोबजारी नियन्त्रण गर्नका लागि वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले बजार अनुगमन गरिरहेको बताएको छ । मास्कमा कालोबजारी गर्ने पसललाई विभागले कारबाही गरेको छ । पछिल्लो समय बजारको अवस्था के छ, अत्यावश्यक वस्तुको आपूर्ति र वितरणको अवस्था के छ भनी सरोकारवाला व्यक्तिसँग *कारोबार*ले गरेको कुराकानीको सार :

## कृत्रिम अभाव गराएर कालोबजारी गर्ने व्यवसायीलाई कारबाही गर्छौं



**प्रकाश पौडेल**
*महानिर्देशक, वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग*

बजारमा दैनिक उपभोग्य वस्तु र स्वास्थ्य सामग्रीहरूको मौज्दात र उपलब्धता, मूल्य वृद्धिको अवस्था के छ भनेर विगत एक हप्तादेखि निरन्तर रूपमा हेरिरहेका छौं । तरकारी, माछामासुको स्रोतसम्म र अन्य वस्तुहरूको हकमा दाल, चामल, नुन, गेडागुडी, तेल, चिनीलगायतका वस्तुहरूको उपलब्धता के छ भनेर गोदाममै गएर हेरेका छौं । दुई महिनासम्मलाई पुग्ने खाद्यान्न गोदाममा मौज्दात रहेको छ । निजी व्यवसायीको छाता संगठनसँग भर नपरेर सीधै गोदाममै गएर खाद्यान्नको अवस्था के छ भनेर हेरेर आएका छौं, जसको कारणले गर्दा पनि बजारमा खाद्यान्नको अभाव हुँदैन । ढुवानी भाडा बढेकाले केहीमा सामान्य मूल्य बढे पनि धेरै बढेको छैन ।

मास्क, स्यानिटाइजर लगायतका सामग्रीहरू कृत्रिम अभाव गराएर कालोबजारी गर्न सक्ने भएकाले होलसेल पसल र उत्पादन स्थलमै अनुगमन गरेका छौं । कोरोना (कोभिड-१९) को महामारी नियन्त्रण गर्न जारी गरेको निषेधाज्ञाका बेला उपत्यकालगायत मुलुकभर खाद्यान्न, औषधि, मेडिकल सामान, मास्क, स्यानिटाइजर लगायतका दैनिक उपभोग्य वस्तुको आपूर्ति एवं उपलब्धता र स्टकका बारेमा केन्द्रित भई विभागले बजार अनुगमनको कामलाई तीव्रता दिएको छ । अनुगमनका क्रममा अनुचित व्यावसायिक क्रियाकलाप गर्ने व्यवसायीलाई कारबाही गर्दै आएको छ । अहिले बजारमा वस्तुको उपलब्धतामा समस्या छैन । पसलमा भएको सामान पनि लुकाई मूल्य बढेको बाहेक अन्य किसिमले मास्कमा मूल्य बढाउनुपर्ने कारण छैन, सामान पर्याप्त छन् । फ्याक्ट्रीमै गएर मास्कको उत्पादन मूल्य र बजार मूल्य कति भनेर विभागको वेबसाइटमै राखेका छौं । यसले गर्दा उपभोक्ता पनि सजग भई ठगिनबाट जोगिनुहुन्छ । कालोबजारी गर्ने पसललाई कारबाही पनि गरेका छौं । खाद्यान्नको ढुवानीमा अवरोध नभएकाले नियमित रूपमा बजारमा खाद्यान्नको आपूर्ति सहज ढंगले भइरहेको छ । कृत्रिम अभाव हुनसक्ने हुँदा त्यसलाई नियन्त्रण गर्नका लागि खाद्यान्नको गोदाममा गएर खरिद बिल र बिक्री बिल हेरेका छौं । बिक्री बिलमा लिनुपर्ने नाफाभन्दा बढी लिएर बिल काटेको छ कि छैन भनेर हेरेका छौं ।

चिनी र खाने तेलमा मूल्य बढ्यो भनेर हामीलाई जानकारी आएको छ । तेल र चिनीका उत्पादकलाई मंगलबार बोलाएर मूल्य बढ्नुको कारणका बारेमा जानकारी दिनेछौं । बजारमा उपभोग्य वस्तुहरू पर्याप्त मात्रामा उपलव्ध रहेको हुनाले त्यस सम्बन्धमा कुनै किसिमको अफवाहको पछि नलाग्न उपभोक्तालाई अनुरोध गर्दछु । उपभोक्ता पनि सचेत भएर वस्तु तथा सेवाको खरिद गर्नुपर्छ । विभागको एकल प्रयासले बजारमा हुने गलत क्रियाकलाप नियन्त्रण गर्न कठिन हुने भएकाले मन्त्रालयको र्‍यापिड रेस्पोन्स टिमले थप जनशक्ति पठाउने कुरा भएको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारीज्यूले मंगलबारदेखि संयुक्त अनुगमन गर्ने भन्नुभएको छ । जिल्ला प्रशासन कार्यालयसहित मंगलबारदेखि बजारमा संयुक्त अनुगमन टोली पठाउँछौं । थप जनशक्ति परिचालन गरेर बजार अनुगमनको कामलाई तीव्रता दिन्छौं । पछिल्लो केही दिनयता दैनिक रूपमा तीनवटा टोली पठाएर बजार अनुगमन गरेका छौं । अनुगमनका क्रममा कैफियत फेला परे तत्काल कारबाही गरेका छौं । निषेधाज्ञाको समयमा कृत्रिम अभाव गराएर सामानमा कालोबजारी गर्नेलाई तत्काल उपभोक्ता संरक्षण ऐनअनुसार कारबाही गरेका छौं ।

## खाद्यान्नका पसल बिहानदेखि बेलुकासम्म खोल्ने व्यवस्था गर्नुपर्छ



**माधव तिमिल्सेना**
*अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च*

निषेधाज्ञाको बेला बजारमा अत्यावश्यक वस्तुको मौज्दात पर्याप्त रहेकाले उपभोक्ताहरू आत्तिनु पर्दैन । चाहिनेभन्दा बढी मात्रामा खरिद गरेर स्टक गर्ने गर्नु भएन । खाद्यान्नहरूमा दाल, चामल, तेल, खाना पकाउने एलपीजी ग्यास बजारमा अभाव नभएको अवस्थामा होल्ड गर्न आवश्यक छैन । कसैले सामान लुकाएको छ, बढी मूल्य लिएको छ । लेबल, म्याद नाघेका सामान बिक्री गरेको छ । नाफा कमाउने यही मौका हो भनेर गलत तरिकाले व्यापार व्यवसाय गरेको छ भने तरुन्त प्रहरी, वाणिज्य विभाग र उपभोक्ता अधिकारवादी संस्थामा उपभोक्ताले खबर गर्नुपर्छ । वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले बजार अनुगमनलाई जसरी कडाइ गरेको छ, यसलाई अझ प्रभावकारी ढंगले अगाडि बढाएर गल्ती गर्ने व्यवसायीलाई कारबाही गर्ने र राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने गर्नुपर्छ । आमउपभोक्तालाई दैनिक रूपमा गर्न नसकेपछि हप्तामा एकपटक बजारको अवस्थामा खाद्यान्नको अभाव छैन, आपूर्ति सहज भइरहेको भनेर उपभोक्तालाई विभागले जानकारी गराउनुपर्छ । होलसेल, खुद्रा वा मध्यम खालका व्यवसायी, उद्योगी, आयातकर्ता सबैले कोभिडको संक्रमण बढिरहेका बेला सबै नागरिक घरमा बसेको बेला अत्यावश्यक वस्तुको मूल्य बढाउने, कार्टेलिङ गर्ने काम गर्नु हुँदैन । विशेषगरी चिनीमा उद्योगीहरूले प्रतिकेजीमा १० रुपैयाँ मूल्य बढाउने काम गरेका छन् । होटेल, रेस्टुराँ, पार्टी प्यालेस, मिठाइँ पसल बन्द छन् । यस्तो अवस्थामा पनि व्यवसायीले मूल्य बढाउने काम गरेका छन् । यो अत्यन्त निन्दनीय कार्य हो । विशेषगरी मेडिकल सामानहरू मास्क, ग्लोब, पन्जा, स्यानिटाइजर, सिरिज, ज्वरो नाप्ने थर्मोमिटर सबै वस्तुमा मूल्य बढाउने काम भइरहेको छ । त्यसमा अधिकतम खुद्रा मूल्य (एमआरपी) लेखिएको हुँदैन । लेबलबिनाको सामानमा उपभोक्ताको अनुहार हेरेर मूल्य निर्धारण गर्ने काम भएको छ । विशेषगरी वाणिज्य विभागले स्थायी, आकस्मिक टिम बनाएर मेडिकल सामान र खाद्यान्नमा अनुगमन तीव्र रूपमा बढाउनुपर्छ । आपूर्ति व्यवस्था सहज गर्नका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गृह मन्त्रालयसँग समन्वय गराएर ढुवानी गाडी निरन्तर रूपमा आवतजावत गर्ने व्यवस्था गराउनुपर्छ । सामान बोकेको बेला छोड्ने र खाली गाडीलाई सडकमा रोक्ने काम भइरहेको छ । यसले गर्दा कालोबजारी गर्ने व्यवसायीलाई फाइदा हुन्छ । व्यवसायीका समस्यालाई पनि सरकारले सहजीकरण गरिदिनुपर्छ । विभागसँग अनुगमन गर्न जाँदा निजी क्षेत्रसँग ६ महिनालाई पुग्ने खाद्यान्न दाल, चामल तेल, चिनी गोदाममा पर्याप्त मात्रामा भण्डारण रहेकाले आत्तिनुपर्ने अवस्था छैन । विभागले मास्कमा बढी मूल्य लिने पसल, खाद्यान्न पसललाई कारबाही गरेको छ । उपभोक्ताको अधिकार संरक्षण हुने गरी विभागले अनुगमनको कामलाई अगाडि बढाउनुपर्छ । विभागमा स्रोतसाधन र जनशक्तिको समस्या छ । यसलाई व्यवस्थापन गर्दै नियमनको कामलाई प्रभावकारी बनाउन सकियो भने बजारमा आपूर्ति व्यवस्था सहज भई ठगी पनि कम हुन्छ । अत्यावश्यक वस्तुका पसल बिहान १० बजेसम्म खुला गर्दा आमउपभोक्ताहरू भीडभाड लाग्ने गरेको छ । बजारमा आपूर्ति व्यवस्थालाई सहज बनाउनका लागि खाद्यान्न र तरकारीका पसललाई बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म खोल्ने व्यवस्था गराउनुपर्छ । यसले गर्दा मान्छेले आवश्यक परेको बेला गएर सामान खरिद गर्छ । एकैचोटि पसल डिपार्टमेन्टल स्टोरमा गएर भीडभाड पनि बढी हुँदैन । अहिले एउटै पसलमा धेरै मानिसको भीडभाड लाग्ने गर्छ । यसले गर्दा कोरोना संक्रमण हुने सम्भावना पनि बढी हुन्छ । मूल्य बढी लिने, स्टिकर नयाँ टाँस्ने, मूल्य बढेको छ भनेर अनावश्यक हल्ला फैलाउने, न्यून गुणस्तरलाई मिसावट गरेर उच्च गुणस्तरको भनेर बिक्री गर्ने काम भएको छ ।

## खाद्यान्नको मूल्य बढेको छ



**रामकुमार श्रेष्ठ**
*अध्यक्ष, नेपाल खुद्रा व्यापार संघ*

बजारमा दैनिक उपभोग्य वस्तुको अभाव छैन । नियमित रूपमा आइरहेकाले उपभोक्ताले सहजै पाउन सक्छन् । तर बिचौलियाले दैनिक उपभोग्य वस्तुमा मूल्य बढाएका छन् । तेल, चिनी, चामल, गेडागुडी दालको मूल्य एक्कासि बढेको छ । निषेधाज्ञा जारी गरेको पाँच दिन भयो, बजारमा मूल्य बढेको छ । यसको मार उपभोक्तालाई पर्न गएको छ । एक साताअघि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा छलफल हुँदाखेरि तीन/चार महिनालाई पुग्ने सामान पर्याप्त छ भनेर कुरा भयो, तर तत्काल मूल्य बढ्दाखेरि उपभोक्तालाई असर परेको छ । ८० रुपैयाँ रहेको चिनी प्रतिकेजी होलसेल मूल्य ८६ पुगेको छ । व्यवसायीले कृत्रिम अभाव गराएर चिनीमा मूल्य बढाएका छन् । ठूला होलसेल व्यवसायी र आयातकर्ताले मूल्य बढाएका हुन् ।

सामान पर्याप्त हुँदाहुँदै पनि कृत्रिम अभाव गराएर व्यवसायीले मूल्य बढाएका छन् । यसको असर खुद्रा व्यवसायी र उपभोक्तालाई पर्न गएको छ । मूल्य बढेको छ भनेर वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागमा जानकारी गराएको थिएँ । उपभोक्तालाई सेवा दिने भनेर व्यवसायी बसेका हुन्छन् । मूल्य बढ्दा साना खुद्रा व्यवसायीलाई असर पर्ने हुन्छ । हिजो यतिमा लगेको आज किन मूल्य बढाएको भनेर उपभोक्ताले गुनासो गर्नुहुन्छ । अनुगमन गर्दाखेरि ठूला व्यवसायीलाई नगरेर साना व्यवसायीमा हुने गर्छ । गेडागुडीमा १० प्रतिशत, खाने तेलमा फेरि प्रतिप्याकेट १० देखि १५ रुपैयाँ मूल्य बढेको छ । २ सय ४० रुपैयाँ रहेको भटमास/सन फ्लावरको तेल अहिले बढेर २ सय ५५ देखि ६० पुगेको छ । मास, मुसुरो, रहरको दाल प्रतिकेजीमा १० रुपैयाँ बढेको छ । चिनी चामल प्रतिकिलोमा २ रुपैयाँ मूल्य बढेको छ ।

बाहिरबाटै मूल्य बढेर आएकाले मूल्य बढाउनुपरेको होलसेल व्यापारीले भन्ने गरेका छन् । चामल प्रतिकेजी २ देखि ५ सय मूल्य बढेको छ । कोभिड संक्रमण बढ्दै गएपछि सरकारले निषेधाज्ञा लागू गरेको छ । बिहान १० बजेसम्म र बेलुका ५ देखि ७ बजेसम्म अत्यावश्यक वस्तुका पसल खोल्न पाइने व्यवस्था गरिएको छ । आफ्नै घरमा पसल राख्नेलाई त केही समस्या छैन । टाढा बस्नेलाई बेलुका फेरि ५ बजे पसल खोल्न आउनुपर्ने हुँदा धेरै समस्या भएको छ । जान-आउनका लागि पनि साधन चाहियो । आफ्नो परिचय खुल्ने गरी कार्ड बोकेर साधन प्रयोग गर्नु भनिएको छ, बीचमा एक जनाले छोड्ने अरूले नछोड्ने हुँदा समस्या पनि भइरहेको छ । सम्बन्धित निकायबीच समन्वय नभएका कारणले गर्दा पनि यस्ता समस्या धेरै आउने गरेका छन् । अहिले सामान ल्याउन पनि समस्या भइरहेको छ । कोभिड लाग्ने गरी उपभोक्तालाई सेवा दिनका लागि व्यापार गर्न खोज्दा पनि नराम्रो प्रभाव परिरहेको छ । व्यवसायलाई व्यवसाय सञ्चालनका लागि अहिले धेरै नै जोखिम रहेको छ । उपभोक्ताले पनि कोभिडको डरले सामान खरिद गरेर मौज्दात राख्न थालेका छन् । बजारमा निस्कन डर हुने भएकाले पनि एकैपटक महिना दिनलाई पुग्ने सामान खरिद गर्ने गरेको देखिन्छ । बजारमा सामानको अभाव छैन । तर, डेलिभरी पहिलेजस्तो दैनिक रूपमा हुन सकेको छैन । यति बेला बजार अनुगमन गर्नुपर्ने हो, तर हुन सकेको छैन ।

## कोभिडको त्रासले पर्याप्त सामान वितरण गर्न सकेका छैनौं



**दुर्गाराज श्रेष्ठ**
*उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेश*

आमउपभोक्ता आत्तिनुपर्ने अवस्था छैन । कोरोना महामारीका कारण दोस्रो चरणको निषेधाज्ञाका कारण आमउपभोक्ता बजारमा अत्यावश्यक वस्तुको अभाव हुन्छ कि भनेर आत्तिनुपर्ने अवस्था छैन । व्यवसायीसँग पर्याप्त मात्रामा उपभोग्य सामानको मौज्दात छ । कोभिडको संक्रमण बढ्दै गए पनि आपूर्ति व्यवस्था नियमित गर्न नसक्दा सामान्य अवरोध आएको छ । कोभिडका कारणले त्रास बढेको छ । अहिले स्वतःस्फूर्त रूपमा काम गर्ने कम छन् । अत्यावश्यक वस्तुको आपूर्तिमा बिहान १० बजेसम्म कुनै अवरोध नभए पनि कोभिडको त्रासले सामान पुर्‍याउन जान सकिएको छ । कोभिडको कारणले अत्यावश्यक वस्तुमा पनि कमी भएको छ । भारतमा कोभिडको असर व्यापक रूपमा देखिएकाले त्यसको प्रभाव नेपालमा पनि पर्न गएको छ । एक-डेढ महिनालाई पुग्ने सामान मौज्दात रहेकाले बजारमा अभाव हुँदैन । गोदाममा सामान पर्याप्त भए पनि आपूर्ति गर्न सकिएको छैन । सामान वितरण गर्दा रकम समाउनुपर्छ । काठमाडौंका धेरै पसलमा काम गर्ने व्यक्तिमा कोभिड लागेको छ । सामान दिएर पैसा लिँदा कोभिडको संक्रमण हुनसक्ने डरले हामी आफैं सतर्क भएर सामान पुर्‍याउन सकेका छैनौं । निषेधाज्ञा गर्नु एक हप्तादेखि नै बजारमा यसको चर्चा थियो । त्यसबेला एक हप्तामा सामानको वितरण धेरै नै भयो । उपभोक्ताले पनि आवश्यक पर्ने सामान भण्डारण गरेर राखेका छन् । अहिले बिहान बजारमा पसल खुले पनि त्यति धेरै चहलपहल छैन । अघिल्लो वर्षको लकडाउनलाई मध्यनजर गरेर पनि उपभोक्ताले दुई-तीन सातालाई पुग्ने सामान खरिद गरेर राखिसकेका छन् । अहिले कोभिडको कारणले व्यवसायीहरूले बजारमा सामान पठाउन सकेका छैनन् । सामान पर्याप्तमा मौज्दात भएकाले उपभोक्ता आत्तिनुपर्ने अवस्था छैन । खाने तेलको मूल्यमा अनियमितता भएको हो कि भनेर वाणिज्य विभागले चासो राखेको थियो । तर, त्यसपछि केही भएन । अन्तर्राष्ट्रिय बजारमा तेलको कच्चा पदार्थको मूल्य बढेर आएकाले त्यसको असर स्थानीय बजारमा पर्न गएको छ । भारतमा पनि तेलको मूल्य बढेको छ । अघिल्लो वर्ष प्रतिलिटर १ सय ४० रुपैयाँ रहेको तेलको मूल्य बढेर अहिले २ सय ५० पुगेको छ । भारतमै तेलको मूल्य बढेर आएको भन्दै स्वदेशी बजारमा तेलमा अस्वाभाविक मूल्य बढेको छ । सरकारी संयन्त्र कमजोर भएका कारण पनि व्यवसायीले तेलमा अलि धेरै नै मूल्य बढाएको देखिन्छ । अन्य खाद्यान्नको मूल्य भने त्यति बढेको छैन ।

कोभिडको संक्रमण बढ्दै गएपछि आपूर्ति व्यवस्था सुचारु चल्न सक्ने यथेष्ट समय र कर्मचारी व्यवस्थापनमा कठिनाइ आएको छ । जसका कारणले पनि आपूर्तिमा प्रभाव पर्नु स्वाभाविकै हो । अहिलेको समय व्यवसायभन्दा पनि स्वास्थ्य महत्त्वपूर्ण छ । त्यसैले नियमित रूपमा सामान बजारमा पठाउन सकेका छैनौं । हामीले सम्पूर्ण व्यवसायीहरूलाई सजग, सचेत, पारदर्शी र सुरक्षित कारोबार गर्न आग्रह गरेका छौं । नेपालका सम्पूर्ण उद्योगी-व्यवसायी दिमागले भन्दा पनि दिलले व्यवसाय गर्ने भएकाले हामी निश्चिन्त छौं । आगामी हप्ताबाट हाल असहज रहेको आपूर्ति व्यवस्थालाई सहज बनाउन विभिन्न निकायबीच छलफल गरिरहेका छौं । बजारमा अभाव नहुने गरी आपूर्ति व्यवस्थालाई निरन्तरता दिन्छौं ।

टीबीआई पब्लिकेसन्स प्रा. लि., ४९२ मध्यमार्ग, बुद्धनगर -१० काठमाडौं, नेपाल । द. नं. ५६/०६६/०६७ । फोन : ०१-४७८५०००, फ्याक्स : ०१-४७८५६६५, पोस्ट बक्स नं. १०४०७ । इमेल : editor@karobardaily.com । मुद्रक : एक्सप्रेस कलर प्रेस कं. प्रालि बुद्धनगर, कामनपा । गो.हु.का.द.नं. ०८/०७६/०७७ । अध्यक्ष : भवन भट्ट, प्रबन्ध निर्देशक/प्रबन्ध सम्पादक : शिशीर भट्ट । सम्पादक : कुबेर चालिसे
TBI Publications Pvt. Ltd., 492 Madhyamarga, Buddhanagar - 10 Kathmandu, Nepal | Regd. 56/ 066/ 067 | Tel. : +97714785000, Fax: +97714785665 | P.O. Box: 10407 | Printed at : Express Colour Press | Chairman: Bhaban Bhatta | Managing Director/ Managing Editor: Shisheer Bhatta | Editor: Kuber Chalise